# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ८ अङ्क ३१ पूर्णाङ्क ३४९ २०७९ फागुन १० गते बुधबार | Wednesday, 22 February 2023 | www.eratokhabar.com/ www.ratokhabar.com | मूल्य रु. १०


## तीन महत्वपूर्ण पुस्तक छापिँदै

महान् सांस्कृतिक सहिद अञ्जान विरहीको 'अञ्जान विरहीका कथाहरू', नेकपा (बहुमत) का सचिवालय सदस्य पूर्णबहादुर सिंहको 'वैज्ञानिक समाजवादका आधारहरू' र नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य लोकेन्द्र विक 'सुजन' को 'जनयुद्धका पदचापहरू' पुस्तक प्रकाशनको मुखमा छन्। तीनवटै पुस्तक प्रेसमा छन् । क्रान्तिकारी विचारले ओतप्रोत तीनवटै पुस्तक निकट भविष्यमै हातहातमा आउँदैछन् । आआफ्नो प्रति समयमै सुरक्षित गर्नुहोला ।




## क्रान्तिकारी ट्रेड युनियन महासङ्घका तीन आङ्गिक सङ्गठनको भेला सम्पन्न




काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको आङ्गिक सङ्गठन अखिल नेपाल क्रान्तिकारी सङ्घसंस्था श्रमिक सङ्घ, अखिल नेपाल क्रान्तिकारी वैदेशिक श्रमिक सङ्घ र महासङ्घअन्तर्गत रहेको महिला विभागसहितको विशेष भेला काठमाडौँ गोङ्गबुमा सम्पन्न भएको छ ।भेलाले सङ्घसंस्था श्रमिक सङ्घको अध्यक्षमा चन्द्रबहादुर बस्याल, उपाध्यक्ष डम्बरनारायण दास, महासचिव

... बाँकी २ पृष्ठमा

## नेकपा (बहुमत) भक्तपुरले प्रजिअलाई बुझायो ज्ञापनपत्र




भक्तपुर/ नेकपा (बहुमत) भक्तपुरले प्रमुख जिल्ला अधिकारीलाई तीनबुँदे सहमति कार्यान्वयन, आस्थाका बन्दी रिहाइ, झूट्टा मुद्दा खारेजी, पार्टी केन्द्रले प्रधानमन्त्रीलाई बुझाएको राष्ट्रियता, जनतन्त्र, जनजीविकासँग सम्बन्धित ४४ बुँदे मागसहितका विषय समेटिएको ज्ञापनपत्र बुझाएको छ ।

... बाँकी २ पृष्ठमा

# राष्ट्रपतिलाई लिएर संसदीय व्यवस्थामै भाँडभैलो

### ओली–दाहाल गठबन्धन सरकारको आयु केही दिनमै तय हुने









काठमाडौँ/ बिरालोलाई जतिसुकै डोकाले छोपे पनि आखिरमा त्यसले म्याउँ गरेरै छोड्छ भन्ने उखान यति बेला संसद्वादी दलहरूले चरितार्थ गरिरहेका छन् । राष्ट्रपतिको चुनावको विषयलाई लिएर ती दलहरूले एकापसमा गरेका शङ्का–उपशङ्का, दौडधूप, धोकाधडी र गुटबन्दीलाई हेर्ने हो भने संसदीय व्यवस्थाको असली अनुहार हेर्न कहीँ जानु पर्दैन, यसैलाई हेरे पनि हुन्छ भन्ने छर्लङ्ग भएको छ । सत्तास्वार्थ नै दलाल पुँजीवादको एक मात्र र केन्द्रीय उद्देश्य हो भन्ने पनि यसबीचका संसद्वादी दल र नेताहरूका गतिविधिहरूले देखाएका छन् ।

हुनत माओवादी केन्द्र (माके) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले कति बेला कोसँग सहमति गर्छन् र तत्कालै सहमति तोडेर कोसँग गठबन्धन गर्छन् भन्ने थाहा हुँदैन । यो अवस्था एक–डेढ दशकअघिसम्म एमालेको थियो । अस्थिरता र अवसरवादको पर्याय मानिने एमालेको स्थान यति बेला माके अर्थात् पुष्पकमल दाहालले लिएका छन् । जहाँ, जति बेला, जोसँग र जे विषयमा पनि हुन्छ, हओस्, भैहाल्छ, किन नहुनु जस्ता सकारात्मक प्रतिक्रिया दिने र फेरि अर्को विपरीत ठाउँमा त्यस्तै सहज प्रतिक्रिया दिने गर्नाले दाहाललाई अस्थिर र बोलीको ठेगान नभएको नेताका रूपमा पनि चर्चा गर्न थालिएको छ । कतिपय अवस्थामा उनका बाध्यता पनि होलान् । उनले संसदीय निर्वाचनमा पाएको मतका कारण पनि उनी जता मिल्यो उतै बहुमत हुने अवस्थाले अस्तित्व धानिँदै आएको छ र उनी आफैँले यो जिम्मेवारी आफ्ना लागि अन्तिम हो भन्ने प्रकारान्तरले स्वीकार्दै आएको देखिन्छ । तर पनि उनको यो गठबन्धनको दिनगन्ती भने राष्ट्रपति निर्वाचनमा उनको दलले निर्वाह गर्ने भूमिकाले तय गर्ने देखिएको छ ।

सत्तास्वार्थलाई केन्द्रमा राखेर कहिले काङ्ग्रेस त कहिले एमालेको फेरो समातेर छिनछिनमा गठबन्धन बनाउँदै र भत्काउँदै सरकारमा आसीन भएका पुष्पकमल दाहालको एमालेसँगको गठबन्धन र सरकारको आयु निकट भविष्यमै तय हुने आँकलन गर्न थालिएको छ । नेपालको संसदीय व्यवस्थाको मानार्थ राष्ट्रपतिको हुने भन्ने विषयले यति बेला संसद्वादी राजनीति तातेको छ । हिजो काङ्ग्रेससँगको गठबन्धन तोडेर एमालेसँग गठबन्धन बनाउँदाको सहमति लागू गर्दा दाहालले एमालेलाई राष्ट्रपतिमा साथ दिनुपर्ने हुन्थ्यो तर आफू एमालेको समर्थनबाट प्रधानमन्त्री हुँदा काङ्ग्रेसको समेत समर्थन पाएकाले दाहाल र काङ्ग्रेसका बीचमा राष्ट्रपतिका लागि कुनै अर्को गोप्य सहमति भएको छ कि भनेर एमाले तर्सिरहेको छ र दाहालले बारम्बार राष्ट्रपतिमा राष्ट्रिय

... बाँकी ७ पृष्ठमा

## जनयुद्धका तीन सहिदकी आमा सीता दाहालप्रति नेकपा (बहुमत) द्वारा श्रद्धाञ्जली

काठमाडौँ/ एउटै परिवारबाट जनयुद्धमा बलिदान गर्ने तीन सहिद मीनकुमार दाहाल, पवन दाहाल र देवीप्रसाद दाहालकी ममतामयी आमा सीताकुमारी दाहालको श्वासप्रश्वासको उपचार गराइरहेको अवस्थामा ८३ वर्षको उमेरमा सहिद मेमोरियल अस्पताल कलङ्कीमा फागुन १ गते असामयिक र दुःखद् निधन भएको छ ।



नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले महान् सहिदहरूकी आमा सीता दाहालको निधनले आफ्नो पार्टीलाई अत्यन्त गम्भीर र दुःखी बनाएको भन्दै सहिद–आमा सीताप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गरेका छन् । उनले सीता दाहालको त्याग, धैर्य र महानतालाई क्रान्तिको ऊर्जाका रूपमा स्थापित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । प्रवक्ता सुदर्शनले सीताकुमारी दाहालको निधनबाट शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना पनि व्यक्त गरेका छन् ।

जनयुद्धको समयमा विभिन्न मोर्चाहरूमा सीताकुमारी दाहालका तीनै छोरा मीनकुमार दाहाल, पवन दाहाल र देवीप्रसाद दाहालको सहादत भएको थियो । सीताका तीन छोरी गायत्री, मीरा र हीरा छन् । उनी कान्छी छोरी हीरासँग बस्तै आएकी थिइन् ।

सीता दाहालका पति पुण्यप्रसाद दाहालले पनि निरङ्कुश सामन्ती पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनका क्रममा तीन वर्ष नख्खु जेलमा बिताएका थिए । उनको पनि अल्पायुमै निधन भएको थियो ।

दाहालको सोमबार नै काठमाडौँ पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ । अन्तिरम संस्कारका क्रममा नेकपा (बहुमत) केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहाल 'असारे काका' पनि सहभागी थिए ।

## प्रवासी नेपाली एकता मञ्च भारत तीव्रतामा विस्तार हुँदै

### विप्लव समूह त्यागेर नेकपा (बहुमत) मा प्रवेश गर्नेको लर्को

हरियाना (भारत)/ प्रवासी नेपाली एकता मञ्च भारतको विस्तारले गति लिएको छ । सङ्गठन विस्तारका क्रममा विप्लव समूहलगायत विभिन्न संसदीय संशोधनवादी समूहमा अल्मलिएर बसेका नेता–कार्यकर्ता विद्रोह गर्दै नेकपा (बहुमत) मा लामबद्ध हुने क्रम पनि बढेको छ ।

यसै क्रममा फागुन ३ गते बुधबार (१५ फरवरी २०२३) भारत हरियानाको यमुना नगरमा कार्यरत प्रवासी नेपालीहरूको भेला सम्पन्न भएको छ । प्रवासी नेपाली जनसमाज भारतका केन्द्रीय सदस्य शेरबहादुर रावतलगायत विप्लव समूह समर्थित प्रवासी नेपाली जनसमाज भारत परित्याग गरी प्रवासी नेपाली एकता मञ्चमा प्रवेश गरेका छन् ।



बुधबार प्रवासी नेपाली एकता मञ्च भारतका सल्लाहकार जीवन शर्माको उपस्थितिमा पूर्वकेन्द्रीय सदस्य शेरबहादुर रावतकै सक्रियतामा भेला सम्पन्न भएको हो । उक्त भेलाले १३ सदस्यीय प्रवासी नेपाली एकता मञ्च भारतको यमुना नगर समिति गठन गरेको छ ।

समितिका अध्यक्ष हरिचन्द्र रावत, उपाध्यक्ष चक्रबहादुर रावत र प्रेम बिस्ट (क), सचिव प्रेम बिस्ट (ख), कोषाध्यक्ष नरबहादुर रावत रहेका छन् भने सदस्यहरूमा भरत रावत, रामबहादुर रावत, काशीराम बिस्ट, प्रकाश बिस्ट र मीना बुढा रावत रहेका छन् । तीनजना पछि थप्ने गरी १३ सदस्यीय नगर समिति गठन गरिएको छ ।

त्यसैगरी भेलाले बलबहादुर रावत, मनराज रावत र जगत रावत रहेको तीन सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ ।

नवनिर्वाचित नगर समितिले बिहीबार आयोजना गरेको बधाई तथा प्रशिक्षण कार्यक्रममा प्रवासी नेपाली एकता मञ्च भारतका सल्लाहकार जीवन शर्मा, प्रवासी नेपाली जनसमाज भारतका पूर्वकेन्द्रीय सदस्य शेरबहादुर रावत र प्रवासी नेपाली एकता मञ्च भारतका केन्द्रीय सदस्य मोतीराम जैसीको उपस्थिति

... बाँकी २ पृष्ठमा

## यातायात मजदुरको आन्दोलनमा मजदुर सङ्गठनको ऐक्यबद्धता

काठमाडौँ/ नेकपा (बहुमत) निकट यातायात मजदुर सङ्गठनले आन्दोलनरत यातायात मजदुरहरूको सङ्घर्षमा ऐक्यबद्धता जनाएको छ । अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घ केन्द्रीय समितिले प्रेस वक्तव्य जारी गर्दै आन्दोलनमा ऐक्यबद्धता जनाएको हो ।

सङ्घका केन्द्रीय संयोजक कालीबहादुर पाण्डेद्वारा हस्ताक्षरित विज्ञप्तिमा यातायात मजदुरहरूसँग सम्बन्धित प्रचलित नेपाल कानुन यातायात तथा सवारी व्यवस्था ऐन २०७३ र केही प्रावधानहरू मजदुरको रोजीरोटीविरुद्ध रहेको र मजदुर हितविरोधी तहले कानुनबमोजिम भन्दै धमाधम चालक अनुमतिपत्र निलम्बन र खारेजीको अभियान चलाएसँगै सरोकारवाला पक्षको ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्तिमा फागुन १ गते काठमाडौँको बालाजुस्थित गोंगबु बसपार्कमा यातायात मजदुरहरूमाथि दमन भएको, झन्डै हताहतीको परिस्थिति उत्पन्न भएको र मजदुर हितविरोधी पक्षको मिलोमतोमा मजदुरहरूले न्यायपूर्ण रूपमा उठाएका जायज माग र स्वाभाविक आन्दोलनलाई अन्यथा अर्थ लगाउने मनसायका साथ विवादमा जोडिएको उल्लेख छ ।

सङ्गठनले विज्ञप्तिमार्फत घटनाको सत्यतथ्य बाहिर ल्याउन सम्बन्धित पक्षसँग जोडदार माग गरेको जनाइएको छ । सङ्गठनले न्यायप्रेमी यातायात मजदुरहरूको न्यायिक प्रदर्शनभित्र सुनियोजित घुसपैठ गरी दलालहरूले यसलाई बदनाम गर्न खोजेको भए पनि सङ्गठनले मजदुरहरूका जायज माग पूरा गर्न सरकारसँग हार्दिक आग्रह रहेको छ ।

यातायात क्षेत्रका विभिन्न समितिमा कार्यरत मजदुरहरू घोषित कार्यक्रमअनुरूप नै सङ्घर्षमा उत्रिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## क्वान्टम फिल्ड सिद्धान्तका आधारमा पदार्थ

देश/परिवेश



■ गुणराज लोहनी

जब हामी ब्रह्माणलाई बुझ्ने कोसिस गर्दछौँ तब यसका बारेमा पहिलो प्रश्न ब्रह्माण्डको बिल्डिङ ब्लक के हो ? साथै यो केबाट बनेको हुन्छ ? यी सबै बुझ्नका लागि परमाणुको संरचना र तीभन्दा साना कणहरूका बारेमा बुझ्न जरुरी रहेको छ । पहिलापहिला परमाणु सबैभन्दा सानो वस्तु हो र यसको केन्द्रमा न्युक्लिअस रहेको हुन्छ । यसमा न्युट्रोन प्रोटोन रहेको हुन्छ । यसबाहेक परमाणुमा इलेक्ट्रोन पनि रहेको हुन्छ । यसले न्युक्लिअसलाई घुमिरेहको हुन्छ भन्ने मान्यता रहेको थियो । तपाईं विश्वविद्यालयको विद्यार्थी हुनुहुन्छ भने यसभन्दा अगाडि गएर भन्नुहुन्छ- न्युट्रोन र प्रोटोन पनि प्रारम्भिक कण होइनन् किनभने तिनीहरू पनि आफैँ क्वार्कबाट बनेका हुन्छन् । यसको मतलब यो ब्रह्माण्ड इलेक्ट्रोन र क्वार्कसको समायोजनबाट बनेको हुन्छ । के यो धारणा पनि पूर्ण रूपले सही छ ? अवश्य पनि छैन भन्ने कुरा पछिल्ला खोजहरूले पुस्टि गरेका छन् ।

ब्रह्माण्ड केवल यिनै चीजहरू मिलेर बनेको हुन्छ ? पक्का पनि होइन । यो सिद्धान्तबाट यिनीहरूमाथि अलगअलग बलहरूले कसरी काम गरिराखेका हुन्छन् भन्ने कुरा उल्लेख गरिएको हुँदैन । यहाँ बुझ्नुपर्ने कुरा के हो भने क्वार्कस, इलेक्ट्रोन, प्रोटोन केबाट बनेको हुन्छ भन्ने कुरा स्पष्ट हुँदैन ।

हामी बहुब्रह्माण्ड, स्ट्रिङ सिद्धान्त र क्वान्टम यान्त्रिकीका बारेमा कुरा गर्न इच्छुक रहन्छौँ । यी सिद्धान्तका बारेमा हामीले कहीँ न कहीँ सुनेका छौँ । तर हामीले क्वान्टम फिल्ड सिद्धान्तका बारेमा कमै सुनेका छौँ । यो ब्रह्माण्डलाई बुझ्नका लागि मानवद्वारा खोज गरिएको सबैभन्दा उत्तम सिद्धान्त नै क्वान्टम फिल्ड सिद्धान्तलाई मान्ने गरिएको छ किनभने यसका धेरैजसो अनुमान सही साबित भएका छन् । यही सिद्धान्तको माध्यमबाट ब्रह्माण्डका कैयौँ व्यवहारहरूलाई बुझ्न सकिएको छ । हुनत यसलाई जटिल शीर्षक मानेर माथिल्लो तहमा मात्र पढाइने गरिएको छ । यहाँ म यसलाई सरल भाषामा बुझाउने कोसिस गर्नेछु ।

### क्वान्ट फिल्ड सिद्धान्त र स्ट्यान्डर्ड मोडेल अफ पार्टिकल

हामी यस शीर्षकमा क्वान्ट फिल्ड सिद्धान्त र स्ट्यान्डर्ड मोडेल अफ पार्टिकलका बारेमा छलफल गर्नेछौँ । क्वान्टम फिल्ड सिद्धान्तलाई बुझ्नुभन्दा पहिला स्टान्डर्ड मोडेल अफ इलिमेन्टरी पार्टिकलका बारेमा कुरा गरौँ ।

कुनै समय थियो परमाणु नै पदार्थको सबैभन्दा सानो रूप हो । त्यसैले परमाणुलाई विभाजन गर्न सकिँदैन । त्यसपछि अलि फरक तरिकाले अवधारणाको विकास हुन पुग्यो- परमाणुभित्र पनि इलेक्ट्रोन र न्युट्रोन हुन्छन् भन्न थालियो । यसपछि क्वान्टम सिद्धान्तको खोजी गरियो । यस सिद्धान्तले अरू कणहरूको खोजी गऱ्यो । तिनीहरूका बारेमा हामी अनविज्ञ रहेका थियौँ । यो सिद्धान्तले कैयौँ. कणहरू रहेको अनुमान गऱ्यो । जब कण स्केलेरटरमा उच्च ऊर्जामा यी कणहरूलाई ठोकाइयो तब हेर्दाहेर्दै यी कणहरूको सङ्ख्या यति धेरै भयो, यिनीहरूको विशेषताका आधारमा

... बाँकी ३ पृष्ठमा

## सम्पादकीय

### आसन्न सहिद सप्ताह र क्रान्तिकारी ध्रुवीकरणको अपरिहार्यता

महान् लेनिनले एक सन्दर्भमा भन्नुभएको थियो- केही यस्ता दशक छन् जहाँ केही हुँदैनन् र केही यस्ता साता छन् जहाँ दशकका घटना हुन्छन् । नेपालको क्रान्तिकारी आन्दोलनमा जनयुद्धको दशक अन्य सामान्य शताब्दीभन्दा पनि बढी महत्वपूर्ण थियो र अबका केही साता पनि विगत व्यर्थ साबित दशकभन्दा धेरै महत्वपूर्ण हुनेवाला छ र बनाउनुपर्नेछ ।

२८ औँ महान् जनयुद्ध दिवस भर्खरै सकिएको छ । क्रान्तिकारीहरूले जनयुद्ध दिवसका अवसरमा जनयुद्धको प्रतिबद्धता नभुल्ने र त्यसलाई सफल बनाएरै छोड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । २८ वर्षअघि क्रान्तिकारी मालेमावादीहरूले जनयुद्ध सफल बनाएरै छोड्ने प्रतिबद्धता व्यक्त गरे पनि जनताको अपार लामबद्धता, त्याग, शौर्य र बलिदान हुँदाहुँदै र उपलब्धि हासिल गर्दागर्दै मूल नेतृत्वको पलायनका कारण जनयुद्ध स्थगित मात्र भएन, समाप्त नै भयो । मुलुकको असी प्रतिशत भूभागमा जनसत्ता स्थापित भइसकेको, तीसौँ हजार जनमुक्ति सेना र तिनका हातमा सुसज्जित जनताको रगतसँग साटिएका हतियार, जनन्यायालय सबैसबै जनयुद्धका कथित कमान्डरको एकै सनक, लहड र निर्णयमा समाप्त पारियो । यसका लागि जनयुद्ध हाँकिरहेका मुख्य पात्रहरूको मनमा पलाएको आत्मरक्षाको भावना, पुरानो सत्ताप्रतिको प्रलोभन, कार्यदिशा कार्यान्वयनमा हुनुपर्ने सिर्जनशीलताका समस्या मुख्य जिम्मेवार पक्ष थिए । त्यसैले जनयुद्ध विसर्जन गर्नेहरू घृणाका पात्र छन् भने जनयुद्धमा त्याग, शौर्य र बलिदानका साथ लामबद्ध भएका र बारम्बार क्रान्तिमा लामबद्ध बन्न आतुर जनता महान् छन् र सदैव धन्यवादका पात्र छन् ।

जनयुद्धका मुख्य भनिएका पात्रहरूले वर्ग र स्वार्थ बदले पनि नेपाली श्रमिक उत्पीडित जनताको अवस्था बदलिएको छैन, झन्-झन् दुरुह बनिरहेको छ । मुलुकको राष्ट्रियतामाथि सङ्कटहरू बढिरहेका छन् । मुलुक खर्बौंको विदेशी ऋणभारले थिचिएको छ । पछिल्लो आँकडाअनुसार व्यापारघाटा २१ खर्ब २० अर्बमध्ये आयात १९ खर्ब २० अर्ब ४४ करोड रहेको छ भने निर्यात २ खर्ब मात्र रहेको छ । आयात गरिएको अधिकांश वस्तु दैनिक उपभोगका रहेका छन् । सबैभन्दा धेरै आयात गरिने डिजेल, पेट्रोल र खाना पकाउने ग्याँस मात्र २ खर्बभन्दा बढीको छ भने आयातित प्रमुख पाँचवटा कृषिजन्य वस्तु तेल, तरकारी, खाद्यान्न, मल, पशुचारा मात्रै अढाइ खर्बबराबरको रहेको छ । नेपालका किसानहरूले आफ्नो उत्पादन बिक्री गर्ने सुरक्षित बजार अभावका कारण सडकमा पोख्नुपर्ने बाध्यता छ । समग्र बजार दलालहरूको कब्जामा छ । साना उत्पादकहरू दलालहरूको एकाधिपत्यबाट पीडित छन् । ठूला व्यवसायीहरूले साना व्यवसायीलाई निरन्तर लुटिरहेका छन् । बैङ्क र वित्तीय क्षेत्र पनि तिनै ठूला व्यवसायीहरूका कब्जामा छन् । पीडितहरू कोही आत्महत्याको गलत र पलायनवादी बाटो समाउन विवश छन् भने कैयौँ घरबारविहीन बन्न बाध्य छन् । दलाल पुँजीवादी राज्यसत्ता तिनै दलाल र ठूला व्यवसायीहरूको नियन्त्रणमा छ । धनी र गरिबबीचको खाडल दिनदिनै बढिरहेको छ । भ्रष्टाचार र कमिसन हरक्षेत्रमा व्याप्त छ । आमनेपाली जनताले सबैभन्दा ज्यादा लगानी गर्ने क्षेत्र शिक्षा र स्वास्थ्यमा डरलाग्दो दलाली, भ्रष्टाचार भइरहेको छ । ७० लाखभन्दा बढी युवकयुवती रोजगारीका क्रममा विदेशी मुलुकहरूमा बाहिरिएका छन् भने उनीहरूमध्ये औसत ५ जनाभन्दा बढीको लास प्रतिदिन देशभित्र आउने गरेको छ । देशलाई यसप्रकारको विकराल अवस्थाबाट दलालहरूले होइन, क्रान्तिकारीहरूले केवल क्रान्तिको मार्गबाट मुक्ति दिन सक्छन् । यसका लागि क्रान्ति आवश्यक छ । क्रान्ति सफल पार्न क्रान्तिकारीहरूबीच एकता र ध्रुवीकरण आवश्यक छ । दलाल पुँजीवादी सत्ताका लागि निरन्तर लुछाचुँडी गरिरहेका संसद्वादीहरूबीच सत्तास्वार्थका विभिन्न गठबन्धन र एकता हुने तर मालेमावादीहरूबीच एकता र ध्रुवीकरण भई क्रान्ति अघि बढ्न ढिला हुने विषय देश र जनताका लागि त्यति सहज र स्वीकार्य छैन । त्यसैले मालेमावादलाई मार्गनिर्देशक सिद्धान्त मानेका र जनवादी क्रान्तिका कार्यभारसहित वैज्ञानिक समाजवादी क्रान्तिमार्फत वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्न सहमत नेकपा (बहुमत), नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा -मशाल) बीच क्रान्ति सम्पन्न गर्ने एक मात्र सर्तमा अविलम्ब एकता हुनु आवश्यक छ । एकता र ध्रुवीकरणका लागि यसबीचमा भएका पहलहरूलाई अब सार्थकतामा रूपान्तरण गर्नुपर्छ ।

जनयुद्ध दिवसकै निरन्तरतामा सहिद सप्ताह आरम्भ हुँदैछ । फागुन १४ देखि २१ गतेसम्म मनाइने सहिद सप्ताह महान् सहिदहरूका विचार, त्याग र बलिदानको शपथ खाँदै क्रान्ति पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्ने र तयारीका लागि गम्भीर चिन्तन-मनन गर्ने जनयुद्ध सिर्जित क्रान्तिकारी पर्व र अवसर पनि हो । क्रान्तिकारीहरूबीच एकता नहुँदा प्रतिक्रान्तिकारीहरू, संसदीय संशोधनवादीहरू जनताको आँखामा छारो हाल्न स्यालहुइँया मच्चाउन प्रेरित भइरहेका छन् । तीन क्रान्तिकारी पार्टीबीचको एकताले २०४८ सालको एकता महाधिवेशन र एकताकेन्द्र निर्माण हुँदै जनयुद्ध आरम्भ गर्दाका दिन र प्रणहरूको झझल्को गराउनुका साथै जनयुद्धका कार्यभार पूरा गर्ने दिशातिर अग्रसर गराउनेछ । त्यसैले असली क्रान्तिकारीहरूले जनयुद्ध दिवस र सहिद सप्ताहका अवसरमा नेपालमा जनवादी-वैज्ञानिक समाजवादी क्रान्ति पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गर्नु आवश्यक मात्र होइन, अपरिहार्य छ ।

### सन्दर्भ : सहिद सप्ताह २०७९

# सुरुङभित्र प्रकाश छर्ने योद्धा एन्जिला



सरला रेग्मी

२०५७ साल चैत १८ गते बिहानै सदाझैँ रेडियो के खोलेकी थिएँ, मेरो मनमस्तिष्क भने केही नयाँ कुराको प्रतीक्षा गरिरहेको थियो । त्यस्तै लागेको थियो मलाई । समाचारमा यतिजना मारिए ? बलात्कृत भए ? त्यो पनि दोहोरो भिडन्तका नाममा आफैँले पक्रेर, आफ्नै कब्जामा रहेका निःशस्त्र नेपाली जनताका छोराछोरीको हत्याको प्रतीक्षामा बसेजस्तो ? कक्षामा पढाइरहेका गुरुको गिरफ्तारी अनि सानासाना स्कुले नानीहरूको हत्याको खबर पर्खेजस्तो ! घरमा रुँघेर बसेका वृद्धवृद्धा बुबाआमालाई लछारपछार गर्दाको आवाज गुन्जेजस्तो !

तर यसको विपरीत हिजो राती गोरखा जेलभित्र रहेका ६ जना 'आतङ्ककारी' बन्दी महिलाहरू सुरुङ खनेर फरार भए भन्ने सुन्न पाइयो । उक्त समाचारले मन ढक्क भयो, छाती गर्वले फुल्यो । म उद्वेलित भएँ । म बसेको ठाउँबाट जुरुक्क उठेँ । खुसीको सीमा रहेन । म बाहिर निस्किएँ । गाउँतिर लागेँ । यो समाचार कसलाई सुनाऊँजस्तो भयो । म त्यो समयमा बाँके, बर्दिया र सुर्खेत अनि सल्यानका केही भाग मिलाएर बनाइएको विशेष जिल्ला इन्चार्ज थिएँ । गोरखामा महिलाहरूले गरेको जेल ब्रेकको उपलक्ष्यलाई हामीले जिल्लाभरि वीरता–धीरता–साहसको उत्सवका रूपमा मनायौँ । यो उत्सव जनताको व्यवस्था ल्याउन गरिएको निकै ठूलो र ऐतिहासिक साहस थियो । जनयुद्धमा महिलाले बच्चा काखमा च्यापेर, पारिवारिक समस्या झेल्दै लामबद्ध हुँदै आफ्ना जिम्मेवारी पूरा गरिरराखेका थिए । म पनि त्यही लाममा थिएँ ।

गोरखा जेलभित्र नै सुरुङ खनेर निस्किएका मीना मरहट्टा, रीता विक, कमला नहर्की, सन्जु अर्याल, उमा भुजेल र एन्जिला विकलाई मैले पछि पत्रिका पढेर चिन्ने मौका पाएँ । सामन्तवादी समाजमा महिला र त्यसमा पनि दुईदुईजना विश्वकर्मा महिलाले जेल ब्रेक गर्ने कुरा चानचुने विषय थिएन । यो साहस जनयुद्धले रोपिदिएको थियो । ६ जना नै महिला, त्यसमा पनि रीता र एन्जिलाप्रति उच्च सम्मान पैदा भयो । मेरो मनमा अचम्मको इच्छा जाग्यो उनीहरूलाई भेट्ने । मैले मेरो मनको इच्छा खुसुक्क बहिनी सानुका, पुष्पा दिदी, कौसिला अनि महतरालाई पनि भनेँ । नजिकै रहनुभएका भाइ सरुन र रमणले पनि हाँस्दै सहमति जनाउनुभयो । हामीले अबिर लगाएर खुसी साटासाट गर्‍यौँ । बहिनी पुष्पा, भाइ सरुन र रमण भने सहिद भैसक्नुभएको छ ।

पछि पढ्दा थाहा पाइयो- जेलका अरू महिला साथीहरूले सुरुङ खन्न सुरु गरेको छब्बीसौँ दिनमा गोरखा जेलमा एन्जिला आएकी थिइन् । पहिलादेखि नै सुरुङ खन्न थालेका साथीहरूले एन्जिलालाई शङ्काको दायरामा राखेका रहेछन् । तर एन्जिलाले छोटै समयमा आफ्ना पुराना साथीहरूको मन जितेर सुरुङ खन्ने एउटा जिम्मा लिएकी थिइन् । पाएको जिम्मेवारी पूरा गर्न अन्य महिला बन्दीबाट सुरुङलाई लुकाउन अनि अन्य ड्युटीको रुटिनलाई सरलतापूर्वक पूरा गरेको कुरा कमरेड उमा भुजेलको 'जेल ब्रेक' मा पढ्न पाइन्छ ।

जेल ब्रेकलगत्तै एन्जिला विक बाहिर आएर पनि चुप लागेर बसिनन् । जनयुद्ध हाँकिरहेको पार्टी र त्यसको नेतृत्वलाई देश र जनताको जिम्मेवारी निरन्तर पूरा गर्दै ऐनमौकामा पार्टीका नेताहरूलाई सल्लाहसुझाव दिन पनि पछि परिनन् । राजनीतिक इमानदारी, वैचारिक परिपक्वता र पार्टी–क्रान्तिप्रति बफादारिता भएकाले उनी सक्रिय भैराखिन् । इलाका समिति सदस्यमा रहेर आफ्नो जिम्मेवारीमा रहेकै अवस्थामा सङ्कटकाल लागेको, सेना परिचालन भएको र पार्टीलाई आतङ्ककारी घोषणा गरेको केही समयपछि २०५८ फागुन ५ गते आरुआर्वाङ भोगटेनी (गोरखा) मा पुनः कब्जामा परिन् । सामन्तवादी सत्ताका हिंस्रकहरूले उनलाई चरम यातना दिएर २२ वर्षकै उमेरमा हत्या गरेको खबर मैले सुर्खेतमा सुन्नुपर्‍यो । यसरी भेट्न चाहेको एक योद्धासँग कहिल्यै भेट भएन । उनको हत्याको खबर सुनिरहँदा म सुर्खेतका गाउँगाउँमा सातौँ जनयुद्ध दिवस मात्र मनाइरहेकी थिइनँ, बरु माघ २८ गते ६२ दिनको लामो सैनिक कस्टडीमा रहेका नेता झामप्रसाद चालिसे, ऋषि घिमिरे र रूपलाल चौधरीलाई हिरासतमै विभिन्न बीभत्स यातनापछि आगोमा पोलेर हत्या गरी दोहोरो भिडन्तमा मारिएको समाचार सुनेकी थिएँ । झामप्रसाद चालिसे 'आयाम' मेरो जीवनसाथी हुनुहुन्थ्यो । त्यस समयमा मेरो साथमा २ बर्से छोरो ओजोन थिए । जनयुद्ध दिवससँगै आफ्नै श्रीमान्को श्रद्धाञ्जलीसभा पनि मनाइरहेकी थिएँ । आँसु झार्न बर्जित थियो किनकि म नेता थिएँ । जिल्लाकी इन्चार्ज थिएँ । राजनीतिक आयुक्त हुन युद्धमा आँसुलाई पचाउने क्षमता हुनुपर्थ्यो । यस्तै जीवनमा अभ्यस्त थिएँ म ।



*समाज र परिवारलाई बुझाउँदै सँगसँगै जनयुद्धमा सामेल हुनु सानो कुरा थिएन । जातीय, लैङ्गिक अनि वर्गीय दरारलाई जनयुद्धबाटै समाधान गर्ने सपना झनै पढ्नलायक छ । त्यही साहसले अँध्यारो सुरुङभित्रबाट उज्यालो छर्ने आँट गरिन् । तिनै योद्धालाई भौतिक रूपमा नभेटेर के भयो त ? सधैँ औँसीको रातमा पनि पूर्णिमाको मशाल बालेर प्रकाश बाँडरहेकी छिन् ।*

एउटी साहसिक योद्धा, त्यसमा पनि जेल ब्रेक गरेर कालकोठरीबाट उज्यालो संसारमा प्रवेश गर्न सकिन्छ भन्ने उपमा योद्धाको भौतिक अन्त्यमा पनि मैले खबर सुन्न छाडिनँ । उनीहरू सुरुङबाट बाहिरिएका समाचारहरू हामी गर्वका साथ कार्यकर्ता र जनतालाई सुनाउँथ्यौँ । जनयुद्धले सिकाएको पाठ सम्झिन्थ्यौँ । महिला मुक्तिको अद्वितीय उदाहरण मान्थ्यौँ । हाम्रा अभियानहरूमा सानुका, पुष्पा, सरुन, रमण र सङ्कलन सक्रिय हुनुहुन्थ्यो । एन्जिलाको सहादत भैरहँदा म सुर्खेतमा उनको जीवनगाथा बाँडिरहेकी थिएँ । साथमा राहुल, सुशीला, रक्षा, जीवन्त, सीमा, रमालगायत योद्धाहरू हुनुहुन्थ्यो ।

मलाई लाग्छ, सहिद-बेपत्ता योद्धालाई दायित्वसँग देश अनि जनताको आत्मनिर्भरतासँग, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारसँग, मक्किएको व्यवस्थाको ठाउँमा रचनात्मक नयाँनयाँ व्यवस्थासँग सहिदको बलिदानको उद्देश्य जोडिएको हुनुपर्दछ । यिनै सपनासँग नयाँ शिराबाट संस्कार, चेतना, दायित्वलाई क्रान्तिमार्फत बहन गर्न जरुरी छ किनकि यो सही छ, सत्य छ, वैज्ञानिक अनि आवश्यक छ ।

#### जन्म र जन्मस्थान

एन्जिला विक गोरखा जिल्लाको धावाँ गाविस २ चौतारा (हाल भीमसेन नगरपालिका ४) मा २०३६ साल वैशाख २८ गते जन्मिएकी थिइन् । उनका बुबाआमा टिके विक र बिबा विकमध्ये आमा सानैमा खस्नुभएको थियो । उनका दिदीहरू उजेली र पुष्पा, बहिनी गोलमायामध्ये बहिनी पनि अहिले भौतिक रूपमा हुनुहुन्न । दाजुहरू मानबहादुर, कृष्ण र गोपाल हुनुहुन्छ ।

#### पूर्णकालीन

२०५७/०९/११ अर्साङ हर्रा बिसौनामा एक्कासि प्रहरीले गोली प्रहार गरी मातृका धितालको हत्या गर्‍यो भने उनीसहित दिलबहादुर विकसमेतलाई गिरफ्तार गर्‍यो । गिरफ्तारीपछि २०५७-१२-१७ को गोरखा जेल ब्रेकपछि पुनः जनयुद्धको मोर्चामा आउनुभएको थियो ।

विकट जिल्ला, त्यो पनि गरिबीको चङ्गुलबाट परिवार र समाजका साङ्लाहरू चुँडाल्नु चानचुने थिएन । ती कठिन दिनहरूमा आधारभूत शिक्षालाई पनि जोड्नु अर्को सफलता थियो । प्रावि, निमावि गाउँमै पूरा गरी टाढा रहेको भगवती मावि धाँवाबाट शिक्षा लिन आर्थिक अवस्था अनि पारिवारिक असहमतिका कारण दिदीको घरको सहयोग लिएर पढ्ने निर्णय गर्नुभयो । यसमा दिदीको सक्रिय सहयोग र समर्थन रह्यो ।

९ कक्षा र १० कक्षा अवला माविमा पढ्दै गर्दा अखिल (क्रान्तिकारी) मा आबद्ध हुनुभएको थियो । स्कुलको एकाइमा सङ्गठित भएर सक्रिय हुनुभएकी एन्जिला जनताको दायित्व पूरा गर्न सहिदलाई स्थापित गर्दै जनयुद्धमा होमिनुभयो ।

उनै एन्जिलाले आफैँ सहिद भएर आफ्ना झोलाहरू सुम्पिनुभएको छ । उहाँको सहादत भएको २० वर्ष पुगिसकेको छ । २७ औँ जनयुद्ध दिवस र सहिद सप्ताह २०७८ चलिरहेको छ । जनयुद्धले सहिद सप्ताह पनि स्थापित गरेको छ । जनयुद्धले सहिदहरूलाई साँघुरो घेराबाट विशाल धरातलको बहसमा उभ्याएको छ । जनताको आन्दोलनका कडीहरूलाई जोड्ने साहस गरेको छ । सहिद कृष्णलाल, गङ्गालाल, रामनाथ दाहाल, बिरेन राजवंशी, नेत्र घिमिरे, नेत्रलाल अभागी, आजाद, दिलबहादुर रम्तेल, दिलमाया हुँदै एन्जिलालगायत हजारौँ योद्धाहरूले आफ्नो जीवनको आहुती दिइसकेका छन् ।

हरेक जनयुद्ध अथवा जनआन्दोलनका सहिद तथा बेपत्ता योद्धाको त्याग र बलिदानको अन्तिम ध्येय उत्पीडित जनतालाई गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गर्नु हो । राष्ट्रलाई आत्मनिर्भर अर्थतन्त्रको विकास गरेर उद्योगधन्दा, कलकारखानाको विकासले जनतालाई आत्मनिर्भर बनाउने ध्येय जनयुद्धको थियो किनकि जनयुद्ध नै नेपालका शासकलाई हल्लाउने महान् अभियान बन्यो । जनताका यिनै आवश्यकता पूरा गर्न मक्किएको दलाल संसदीय व्यवस्थालाई बदल्न जरुरी थियो । यो व्यवस्था र यसका सञ्चालकहरू दिन-प्रतिदिन विदेशीका गोटी बन्दै थिए । मुठीभर केही भुनभुनाउने गुलामहरू बोकेर गुलामकै रेसमा थिए । यसरी जनयुद्ध र बलिदान अनिवार्य बन्यो । बलिदानको खोजबिन गर्नु, स्थापित गर्नु हरेक क्रान्तिकारी पार्टी, नेता अनि राष्ट्रको पहिलो दायित्व हो । यो संस्कार, चेतना अनि दायित्व नबुझ्ने अनि नबोक्ने पार्टी, नेता अनि राष्ट्रले न सहिद बुझ्दछ, न त जनयुद्ध बुझ्दछ, न जनता र जननी नै बुझ्न सक्छ । मलाई लाग्छ, सहिद-बेपत्ता योद्धालाई दायित्वसँग देश अनि जनताको आत्मनिर्भरतासँग, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारसँग, मक्किएको व्यवस्थाको ठाउँमा रचनात्मक नयाँनयाँ व्यवस्थासँग सहिदको बलिदानको उद्देश्य जोडिएको हुनुपर्दछ । यिनै सपनासँग नयाँ शिराबाट संस्कार, चेतना, दायित्वलाई क्रान्तिमार्फत बहन गर्न जरुरी छ किनकि यो सही छ, सत्य छ, वैज्ञानिक अनि आवश्यक छ ।

महान् सहिद एन्जिलाजस्ता वीराङ्गना जो कलिलै उमेरमा पटकपटकका गिरफ्तारीसँग डराएनन् । समाज र परिवारलाई बुझाउँदै सँगसँगै जनयुद्धमा सामेल हुनु सानो कुरा थिएन । जातीय, लैङ्गिक अनि वर्गीय दरारलाई जनयुद्धबाटै समाधान गर्ने सपना झनै पढ्नलायक छ । त्यही साहसले अँध्यारो सुरुङभित्रबाट उज्यालो छर्ने आँट गरिन् । तिनै योद्धालाई भौतिक रूपमा नभेटेर के भयो त ? सधैँ औँसीको रातमा पनि पूर्णिमाको मशाल बालेर प्रकाश बाँडरहेकी छिन् । उनको प्रकाशमा अँध्यारो भागिरहेको गहिरिएर हेर्नुस् त ! उनका सपनाहरूले घुम्ती र मोडहरू छिचोल्दैछन् । गद्दारी र बदमासीहरूलाई किनारा लगाउँदैछन् । त्यसैले सपनाहरू अगाडि बढिरहेका छन् ।

*१८ फागुन, २०७८ (पुनः प्रकाशित)*

### प्रवासी नेपाली एकता मञ्च भारत ...

रहेको थियो ।

उक्त कार्यक्रममा सल्लाहकार शर्माले भारतमा प्रवासी नेपाली एकता मञ्चको महत्वका बारेमा आफ्ना भनाइहरू राखेका थिए । उनले प्रवासी नेपाली एकता मञ्च भारतमा छरिएर रहेका प्रवासी नेपालीलाई सङ्गठित गर्ने र नेपालमा हुने आमूल परिवर्तनका पक्षमा लामबद्ध हुनेहरूको सङ्गठन रहेको प्रस्ट पारेका थिए ।



त्यसैगरी अर्को एक भेलाले प्रवासी नेपाली एकता मञ्च भारत कर्नाटक राज्य समितिअन्तर्गत केआर पुरम नगर समितिको बानसवाडी एरिया समिति गठन गरेको छ । केन्द्रीय उपाध्यक्ष तेज तिरुवा र केन्द्रीय सचिव देवेन्द्र रावलको विशेष उपस्थितिमा सम्पन्न भेलाले कर्नाटक राज्य समितिका सदस्य भरत लामिछानेको अध्यक्षतामा ११ सदस्यीय एरिया समिति गठन गरेको हो ।

समितिमा उपाध्यक्ष गगन सुनार, सचिव रतन लामिछाने, सहसचिव प्रेमकुमार र सदस्यहरूमा धनादेवी सुनार, लक्ष्मी रावत, कृष्णा रावत, कमला बिस्ट, नामसरा विक र कमला लामिछाने रहेका छन् ।

त्यसैगरी प्रवासी नेपाली एकता मञ्च भारत कर्नाटक राज्य समितिअन्तर्गत केआर पुरम नगरअन्तर्गत आनसवाडीमा पनि केन्द्रीय उपाध्यक्ष तेज तिरुवा, केन्द्रीय सदस्य खेम बोहरा, केन्द्रीय सदस्य भाष्करको उपस्थितिमा आयोजित भेलाले खेम बोहराको अध्यक्षतामा २१ सदस्यीय एरिया समिति गठन गरेको छ ।

समितिका उपाध्यक्ष भरत कडायत, सचिव रतन बोगटी, सहसचिव राकेश रोकाया र कोषाध्यक्ष नरबहादुर सहकारी रहेका छन् भने सदस्यहरूमा हंसराज बटाला, लोकेन्द्र देउवा, सागर बडुवाल, हंसतदरा चलाख, डम्मर बुढा, धन बुढा, मिलन भण्डारी, पदम बोहरा, कमल बुढा, अमृता देउवा, पुष्पा बुढा, सावित्रा बटाला, दुर्गा बटाला, दिया बटाला, सुष्पा र रतन बोगटी रहेका छन् ।

### क्रान्तिकारी ट्रेड युनियन ...

सुधीर कर्माचार्य, सचिव विनोद सिलवाल, कोषाध्यक्ष लालबहादुर घर्तीलाई चयन गरेको छ । समितिका सदस्यहरूमा राम घिताङ, राम पर्वत, अशेश्वर शाह, रूपलाल, रवीन हमाल, अमर खड्का रहेका छन् ।

यसैगरी अखिल नेपाल वैदेशिक श्रमिक सङ्घको अध्यक्षमा भूमिका सिन्जाली, उपाध्यक्ष सीता विक, महासचिव रामचन्द्र थापा, सचिब राम बन्जाडे, कोषाध्यमा हरि रामदाम र सदस्यहरूमा जानुका रावल, विसु अन्सारी, वीरेन्द्रसिंह थापा, जाकिर अन्सारी, सभिर अन्सारी, राजेन्द्र कोइराला, देवराज खड्का चयन भएका छन् ।

महासङ्घकी महिला विभाग इन्चार्ज नितु शाहको अध्यक्षतामा ११ सदस्यीय महिला विभाग गठन भएको छ । उक्त भेलामा प्रमुख अतिथि महासङ्घका अध्यक्ष विनोद थापा, कोषाध्यक्ष ईश्वर बुढाथोकी महासङ्घका केन्द्रीय सदस्य दीपेन्द्र घिमिरे, केशव बुढाथोकी उपस्थित थिए । भेलाको अध्यक्षता चन्द्रबहादुर बस्यालले र सञ्चालन सुधीर कर्माचार्यले गरेका थिए ।

### नेकपा (बहुमत) भक्तपुरले प्रजिअलाई ...

जिल्ला इन्चार्ज रोजन र संयोजक केदारसहितका पार्टी नेता-कार्यकर्ताले बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी (बहुमत) श्रमजीवी, उत्पीडित तथा विश्वसर्वहारा वर्गको अग्रदस्ता हो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा हाम्रो पार्टीले सडक सङ्घर्ष र विभिन्न मोर्चाबद्ध सङ्घर्षहरू गर्दै आएको कुरा सर्वविदितै छ ।'

ज्ञापनपत्रमा अगाडि भनिएको छ, 'हाम्रो पार्टीका तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई भेटी ४४ बुँदे मागपत्र बुझाई स्पष्ट दृष्टिकोणसहित आफ्नो राजनीतिक एजेन्डा प्रस्ट पारिसकेका छौँ । विगतदेखि हाम्रो पार्टीले देश र जनताका पक्षमा शान्तिपूर्ण ढङ्गबाट न्यायिक सङ्घर्ष गर्दै आउँदा हाम्रा नेता-कार्यकर्ताहरूलाई यो दलाल पुँजीवादी संसदीय व्यवस्थाले अस्तव्यस्त र अवैज्ञानिक कानुनको हवाला दिँदै बिनाकारण अन्यायपूर्ण र अमानवीय ढङ्गबाट झूट्टा मुद्दामा फसाएर लोकतन्त्रको धज्जी उडाउँदै मानवअधिकारको न्यूनतम मूल्यमान्यताको पनि ख्याल नगरी जेलको चिसो कोठरीमा कोचिरहेको छ । लोकतन्त्रको दुहाइ दिने यो राज्यले आफूले गरेको सम्झौतामा थोरै पनि इमानदारी नदेखाएका कारण आज देशको राजनीतिक अवस्था दिनानुदिन गम्भीरतातर्फ धकेलिइरहेको छ । राज्य अझै पनि ३ बुँदे सम्झौता कार्यान्वयन गर्न तयार नहुने र देशमा विद्यमान राजनीतिक समस्या समधानको बाटोतर्फ अग्रसर नहुने हो भने यो दलाल, साम्राज्यवादी कठपुतली सरकारलाई हामी चुनौती दिन चाहन्छौँ- हाम्रो पार्टीले जनसङ्घर्ष, जनदबाब, जनप्रतिरोध सङ्घर्ष, जनविद्रोहको बाटो हुँदै अन्ततः एकीकृत जनयुद्धको बलमा यो दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य गरी नयाँ जनवादी क्रान्तिको खुड्किला पार गर्दै वैज्ञानिक समाजवादी व्यवस्था लागू गर्नेछ ।'

ज्ञापनपत्रको अन्त्यमा भनिएको छ, 'तत्कालीन नेकपा, हाल नेपाल कम्युनिस्ट पार्टी (बहुमत) सँग राज्यका तर्फबाट तत्कालीन प्रधानमन्त्री केपी ओली सरकारले गरेको ३ बुँदे सम्झौता तुरुन्त कार्यान्वयन गर्न हाम्रो पार्टी हार्दिक आग्रह गर्दछ । हाम्रो शान्तिपूर्ण आग्रहलाई कमजोरी ठाने जनताको आँधीबेहरीले मै हुँ भन्ने ठूलाठूला बादशाह, राजा-महाराजाहरूलाई महलबाट थुतेर सडकमा पछारेको र गिओटिन गरेको इतिहास स्मरण गराउँदै जिल्ला प्रशासन अधिकारीको माध्यमद्वारा यो ज्ञापनपत्रमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ ।'

सन्दर्भ : २८ औँ जनयुद्ध दिवस

# क्रान्तिकारी कम्युनिस्टहरूबीच पार्टी एकता गर्न सफल हुनेछौँ

**मोहन वैद्य 'किरण'**, महासचिव, नेकपा (क्रान्तिकारी माओवादी)



**_हामीले सच्चा क्रान्तिकारी कम्युनिस्टहरूका बीचमा एकता हुनुपर्दछ भन्दै आएका छौँ। अहिले हामीले नेकपा (बहुमत), नेकपा (मशाल) र नेकपा (क्रान्तिकारी माओवादी) का बीचमा पार्टी एकता संयोजन समिति बनाएका छौँ। पार्टी एकताका निम्ति बृहत् छलफल र बहस पनि चलाउँदै आएका छौँ।_**

☛ *जनयुद्धको २८ औँ वार्षिकोत्सवका सन्दर्भमा तपाईं जनयुद्धलाई कसरी सम्झनुहुन्छ ?*

◆ २०५२ साल फागुन १ गते नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का तर्फबाट महान् जनयुद्धको उद्घोष गरिएको थियो । त्यो नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा ठूलो क्रमभङ् थियो। त्यसले पुरानो दलाल पुँजीवादी र नोकरशाही सामन्तवादी राज्यसत्ताका विरुद्ध नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्नको निम्ति महान् उद्घोष गरेको थियो । त्यो एउटा नेपाली सर्वहारा वर्ग, उत्पीडित जनसमुदायको ऐतिहासिक विद्रोह थियो। त्यसले नेपाली जनताको मुक्तिको सपना, साम्यवादसम्म पुग्ने आदर्श निर्माण गरेर अगाडि बढेको थियो ।

☛ *तपाईं जनयुद्ध पहलकर्तामध्येको एक मुख्य व्यक्तित्व हुनुहुन्छ। जनयुद्धको तयारी गर्नुभन्दा अगाडिका चार तयारी (वैचारिक-राजनीतिक, साङ्गठनिक, प्राविधिक, सैन्यलगायत तयारी) लाई अहिले कसरी लिनुहुन्छ वा सम्झनुहुन्छ ?*

◆ यो चार तयारीको प्रश्न निकै महत्वपूर्ण प्रश्न हो । खासगरीकन नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा जनसङ्घर्षबाट सशस्त्र सङ्घर्षमा स्वतः फड्को हान्ने हुन्छ भनेर सशस्त्र सङ्घर्षको विषयलाई, क्रान्तिको विषयलाई, जनयुद्धको विषयलाई एउटा स्वतस्फूर्ततावादमा हेर्ने चलन थियो । हामीले त्यसप्रकारका स्वतस्फूर्ततावादका विरुद्ध क्रान्तिका निम्ति सचेतन प्रयत्न गर्नुपर्दछ र त्यो सचेतन प्रयत्न सबैभन्दा पहिला विचारधारात्मक-राजनीतिक क्षेत्रमा गर्नुपर्दछ भन्ने निष्कर्ष निकाल्यौँ । विचारधारात्मक क्षेत्रमा भन्नुपर्दा हामीले मार्क्सवाद-लेनिनवाद-माओवादलाई दृढतापूर्वक अवलम्बन गरेर जाने, राजनीतिक क्षेत्रमा नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई दृढतापूर्वक अवलम्बन गर्ने, त्यसका पक्षमा प्रचार-प्रसार गरेर जाने, जनतालाई सचेत बनाउने, पार्टी पनि त्यसप्रकारको विचारधारा र कार्यदिशाले सुसज्जित भएर, समृद्ध भएर जाने भनेर विचारधारात्मक राजनीतिक तयारी अथवा सैद्धान्तिक राजनीतिक तयारी गरेर जाने भनेका थियौँ। दोस्रो, हामीले साङ्गठनिक तयारी गर्ने भनेका थियौँ जसमा नेपाल कम्युनिस्ट पार्टीलाई क्रान्तिका लागि योग्य, सशस्त्र सङ्घर्ष गर्न योग्य सर्वहारा वर्गको अग्रगामी राजनीतिक दस्ताका रूपमा निर्माण गर्नुपर्दछ र त्यो तयारी गर्नुपर्दछ भनेर सङ्गठनात्मक तयारीका रूपमा तीन जादुगरी हतियार- क्रान्तिकारी कम्युनिस्ट पार्टी, संयुक्त मोर्चा र जनमुक्ति सेना निर्माणका लागि आवश्यक तयारी गर्दै जाने र जनवर्गीय मोर्चाहरूलाई पनि त्यही दिशामा अगाडि बढाउने भन्ने थियो । तेस्रो, सङ्घर्षसम्बन्धी तयारीमा जनआन्दोलन, जनसङ्घर्षलाई सचेत ढङ्गले विकास गर्दै जाने, प्रतिरोधात्मक सङ्घर्षको विकास गर्दै जाने, त्यससम्बन्धी सङ्घर्षको तयारी गर्ने भन्ने थियो। चौथो, प्राविधिक तयारी भन्ने थियो । प्राविधिक तयारीको खास अर्थ पार्टीलाई राजनीतिक-फौजी चेतनाले समृद्ध बनाउने र प्राविधिक अध्ययन तथा तालिम लिनेदिने गरेर पार्टी दस्तालाई भौतिक हतियारले सुसज्जित बनाएर अगाडि बढ्ने हिसाबले प्राविधिक तयारीको दिशा निर्माण भएको थियो । समग्रमा भन्नुपर्दा ४ तयारी स्वच्छन्दतावादका विरुद्ध, सर्वहारा वर्गले सचेतन प्रयत्नका साथमा सचेतन धक्का दिनुपर्छ भन्ने हिसाबले तयारी गरेर जानुपर्छ भन्ने थियो । यो तयारीको प्रसङ्गमा भन्दा स्वतस्फूर्ततावादका साथसाथै नेपाली कम्युनिस्ट आन्दोलनको वृत्तमा दक्षिणपन्थी अवसरवादका विरुद्ध सशक्त सङ्घर्ष गरेर अगाडि बढ्नुपर्छ भन्ने हिसाबले हामीले तयारीका कुरा गरेका थियौँ।

☛ *जनवादी क्रान्तिको कार्यदिशा अथवा फौजी कार्यदिशा वा दीर्घकालीन जनयुद्ध त माओले विकास गरेको कार्यदिशा भयो। नेपालमा त्यसको प्रयोग गर्दा जुन नयाँ विशेषतासहित गरियो र छोटो समयमा जनयुद्धले विकास गऱ्यो ? ती विशेषताहरू के थिए जसमा माओको भन्दा फरक र नेपाली जनवादी क्रान्तिलाई अघि बढाउने ?*

◆ त्यसमा माओले भनेको कुरा मार्क्सवाद-लेनिनवादलाई सम्बन्धित देशको सन्दर्भसँग जोड्नुपर्दछ वा सिद्धान्तलाई व्यवहारसँग जोड्नुपर्दछ भन्नुभएको हो । व्यवहार भन्नाले सङ्घर्ष, वर्गसङ्घर्ष, वैज्ञानिक प्रयोग र उत्पादनका निम्ति सङ्घर्षसम्बन्धी व्यवहारसँग जोड्नुपर्दछ र निशानामा तारो हान्ने वा प्रहार गर्ने भन्ने माओको सिद्धान्त थियो । नेपालको विशिष्टतामा कसरी वर्गसङ्घर्ष गर्न सकिएला त भन्दा नेपाललाई हामीले अर्धसामन्ती, अर्धऔपनिवेशिक मुलुकमा नयाँ जनवादी क्रान्तिका निम्ति दीर्घकालीन जनयुद्धको फौजी कार्यदिशा अवलम्बन गरेर जानुपर्छ भन्ने हिसाबले हामीले सोचेको र त्यहीअनुसार नै अगाडि बढ्ने भनेर मूर्त कार्यक्रम, मूर्त योजना र त्यो मूर्त योजनामा आधारित कार्यक्रम बनायौँ। त्यो योजना, त्यो कार्यक्रम विशिष्ट प्रकारको थियो । मतलब हामीले निश्चित अवधिसम्म तयारी गर्ने, निश्चित अवधिमा सत्ताका विरुद्ध विद्रोह गरेर जाने वा धक्का दिने, त्यसपछिको स्थितिमा फेरि अगाडि बढेर जाने भनेर नेपाली विशिष्टतामा आधारित योजना, नीति तथा कार्यक्रमलाई मूर्तीकृत गरेर अगाडि बढ्यौँ।

☛ *अहिले आएर हेर्दा तपाईंलाई १० बर्से जनयुद्धका के-के उपलब्धिहरू भएजस्तो लाग्छ ?*

◆ हामीले २०५२ साल फागुन १ गतेबाट सुरु गरेको महान् जनयुद्ध २०६२ सालसम्म अथवा २०६३ सालको पनि केही अवधिसम्म रह्यो। यसको महत्वपूर्ण उपलब्धि भनेको मार्क्सवाद-लेनिनवाद-माओवादलाई राम्रोसँग आत्मसात गर्ने, अर्थ र त्यस आधारमा नीति, योजना र कार्यक्रमहरू बनाएर अघि बढ्ने कार्यमा हामीले अनुभव हासिल गऱ्यौँ, व्यवहारमा पनि देखाएर गयौँ। त्यो एउटा उपलब्धि हो। जनयुद्धको प्रक्रियामा जाँदाखेरि हामीले व्यवहारबाटै सुरक्षा दस्ता, लडाकु दस्ताबाट तयारी गर्दै सङ्घर्ष सुरु गर्दै अलि ठूलठूला कारबाहीहरू सञ्चालन गर्दै अघि बढ्यौँ। जनमुक्ति सेना निर्माणका अनुभवहरू भए । फौजी क्षेत्रमा चार प्रकारका सङ्घर्षहरू- सेबोटेज, एक्सन, रेड र छापामार सङ्घर्ष यी मूर्त अनुभवहरू प्रयोग गर्दै रक्षात्मक अवस्थाबाट सन्तुलनको अवस्था हुँदै अगाडि बढ्ने प्रक्रियाका अनुभवहरू हासिल गऱ्यौँ र त्यसको बीचमा स्थानीय जनसत्ताको अभ्यास गऱ्यौँ । संयुक्त मोर्चाको भूमिकाका बारेमा पनि नयाँ ढङ्गको अभ्यास गऱ्याँ । खासमा पार्टीसँग दलीय संयुक्त मोर्चा बन्न सकेन। तर पनि जनताका विभिन्न तप्काहरू वा वर्गहरूलाई उठाउने सर्वहारा वर्ग, किसान वर्ग, महिला, दलित, जनजातिलगायत तप्काबाट संयुक्त मोर्चा बन्यो । यो अनुभव र उपलब्धिका बीचबाट स्थानीय जनसत्ताको अभ्यास गर्दै हामी अगाडि बढ्यौँ । यो प्रक्रियामा जनताले रगत बगाएर साथ र समर्थनका साथै त्याग, बलिदानी दिँदा रहेछन् भन्ने अनुभवका बीचबाट अहिलेसम्म आउँदा गुणात्मक उपलब्धि त हामीले हासिल गर्न सकिएन, अनुभवचाहिँ हासिल गरियो वा भनौँ पछिल्लो जनवादी क्रान्ति गर्नका निम्ति प्रक्रियामा जाँदाखेरि जनयुद्धका अनुभवहरू पनि थुप्रै उपलब्धि हुन् तर ठ्याक्कै देखिने गरी गुणात्मक उपलब्धिचाहिँ हासिल हुन सकेन। संवैधानिक राजतन्त्रको अन्त्य भएर गणतन्त्रचाहिँ आयो। यो सानो उपलब्धि हो। धर्मनिरपेक्षता घोषणा भयो। समावेशी, समानुपातिक प्रतिनिधित्वजस्ता विषयहरू, सङ्घीयताजस्ता विषय पनि उपलब्धि त हुन् तर हामीले, भनौँ जनताले चाहेजस्तो उपलब्धि हुन सकेन। सङ्घीयता नै पनि हामीले चाहेजस्तो हुन सकेन। तैपनि यी मात्रात्मक उपलब्धिचाहिँ हुन् । हामीले चाहेजस्तो गुणात्मक उपलब्धिचाहिँ हासिल गर्न सकेनौँ। त्यसका विभिन्न समस्याहरू, खास गरेर पार्टी नेतृत्वमा डरलाग्दो खालको संशोधनवाद देखापऱ्यो । त्यसकारण पार्टीभित्र संशोधनवादका विरुद्ध निरन्तर सङ्घर्ष गर्दै जानुपर्दछ भन्ने अनुभव पनि हामीलाई प्राप्त भयो। एउटा क्रान्तिकारी पार्टी बनाउने सिलसिलामा दुई लाइन सङ्घर्ष वा अन्तरसङ्घर्षका बीचबाट अगाडि बढ्नुपर्दछ भन्ने अनुभव हासिल भयो। यो अनुभव पनि हो, उपलब्धि पनि हो र अब यी सबै उपलब्धि अथवा त्याग, वीरता, बलिदान, फौजी क्षेत्रमा भएका भूमिका यी सबै सबैले आगामी क्रान्ति गर्नका निम्ति एउटा राम्रो जग बसालेको छ ।

☛ *अन्त्यमा, पार्टी एकता गर्दै हुनुहुन्छ भन्ने कुरा आएको छ । पार्टी एकतासहितको कुरालाई लिएर २८ औँ जनयुद्ध दिवसका सन्दर्भमा आमजनतालाई के सन्देश दिन चाहनुहुन्छ ?*

◆ हामीले सच्चा क्रान्तिकारी कम्युनिस्टहरूका बीचमा एकता हुनुपर्दछ भन्दै आएका छौँ। अहिले हामीले नेकपा (बहुमत), नेकपा (मशाल) र नेकपा (क्रान्तिकारी माओवादी) का बीचमा पार्टी एकता संयोजन समिति बनाएका छौँ । पार्टी एकताका निम्ति बृहत् छलफल र बहस पनि चलाउँदै आएका छौँ । हामीले के अनुभूति गरेका छौँ भने क्रान्ति गर्नका लागि नेपालमा अहिले वस्तुगत परिस्थिति राम्रोसँग तयार भइरहेको छ । पुरानो राज्यसत्ता अथवा अहिलेको यो राज्यसत्ता आर्थिक, राजनीतिक दृष्टिकोणले एकदमै सङ्कटग्रस्त छ । यो राज्यसत्ताले जनताका निम्ति कुनै उपलब्धिमूलक काम गर्न सकेको छैन, सक्तैन । जनता पनि यो राज्यसत्ताबाट कुनै उपलब्धि नहुने रहेछ, त्यसैले यो राज्यसत्ताको विकल्प खोज्नुपर्छ भन्ने स्थितिमा पुगेका छन् । यो अवस्थामा वर्तमान राज्यसत्ताको विकल्पमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादतिर जानुपर्ने ऐतिहासिक आवश्यकता छ । त्यो ऐतिहासिक आवश्यकतालाई पूरा गर्नका निम्ति हामी धेरै मेहनत गरेर क्रान्तिकारी शक्तिहरूलाई गोलबन्द गर्नुपर्छ भन्ने प्रयासमा छौँ र हामी छलफल र बहसका साथ पार्टी एकताको पहल गरिरहेका छौँ । यसको सार्थक निष्कर्षका रूपमा हामी क्रान्तिकारी कम्युनिस्टहरूका बीच पार्टी एकता गर्न सफल हुनेछौँ भन्ने विश्वासका साथ अगाडि बढिरहेका छौँ ।

*प्रस्तुति : गुणराज लोहनी*


---

## क्वान्टम फिल्ड सिद्धान्तका आधारमा पदार्थ ...

यिनीहरूलाई फरकफरक प्रवर्गहरूमा बाँड्नुपर्ने भयो । यी विशेषताहरू थिए- स्पिन, इलेक्ट्रिकल चार्ज पिण्ड र लाइफ टाइम (त्यो समय जबसम्म तिनीहरू डिके भएर हलुका कणमा बदलिँदैनन्) । वैज्ञानिकहरूले यस्तो एउटा मोडेल बनाए जसमा उनीहरूका विशेषताका आधारमा तिनीहरूलाई एकैसथामा राख्न सकियोस्। यसका साथै फरकफरक बलहरूले कसरी काम गरेका हुन्छन् । यसै मोडेललाई स्ट्यान्डर्ड पार्टिकल फिजिक्स मोडेलका रूपमा लिइन्छ ।

अब कुरा गरौँ ती पार्टिकल मोडेल केके हुन्। पार्टिकल मोडेललाई दुईवटा प्रवर्गमा बाँडिएको हुन्छ– फोर्मिओन्स र बोसोन । फोर्मिओन्सले सबै प्रकारका पदार्थको रूप निर्माण गर्दछ तर ब्रह्माण्डमा रहेका चार किसिमका बलहरूले बोसोनका कारण काम गर्दछन् । फोर्मिओन्सको परिवारमा दुई किसिमका कणहरू रहेका हुन्छन्- क्वार्कस र लेप्टोन । क्वार्कसको कुरा गर्ने हो भने यिनीहरू ६ किसिमका हुन्छन्। ती हुन्- अप, डाउन, चार्म, स्ट्रेन्ज, टप र बटम। यिनै क्वार्कसले न्युक्लिअसमा प्रोटोन र न्युट्रोनको निर्माण गर्दछन्। क्वार्कस स्थिर हुँदैनन् । त्यसैले आपसमा मिलेर कणहरू निर्माण गर्दछन् जसलाई हेड्रोनको नामबाट चिनिन्छ । हेड्रोनलाई पनि दुई भागमा बाँडिएको छ जसलाई मेसोन्स र ब्यारिओन भनिन्छ । ब्यारिओन ३ वटा क्वार्कको संयोजनबाट बनेको हुन्छ । प्रोटोन पनि ब्यारिओनमा नै पर्दछ । यो दुईटा अप र एउटा डाउन क्वार्कबाट बनेको हुन्छ जब कि न्युट्रोन एउटा अप र दुईवटा डाउन क्वार्कबाट बनेको हुन्छ । बाँकी रहेका चार किसिमका क्वार्कहरू आपसमा मिलेर अलग किसिमको कम्बिनेसन बनाउँछन् । यसैकारणले नयाँ पार्टिकल्स भेटिन्छन् ।

लेप्टोन क्वार्कसबाट बनेका हुँदैनन् जस्तै इलेक्ट्रोन, म्युओन, टाउ र न्युट्रिनो। यी कणहरूलाई संयोजन हुनुपर्ने आवश्यकता पर्दैन। हिसेन बर्गस्को अनिश्चयको सिद्धान्तले कुनै कारणबिना कणको परिकल्पना गर्दछ किनकि यिनीहरूको अस्तित्वमा रहने सम्भावना रहेको हुन्छ । यस्ता कणहरूलाई भर्चअल कण भनिन्छ। यस्ता कणहरू देखिएको पनि छ। यिनीहरू अचम्मका हुन्छन् तर यिनीहरूले खास ढाँचालाई पछ्याउँछन् । खासमा यिनीहरू जोडामा आउँछन् । यसमा एउटा नियमित पदार्थ हुन्छ र अर्कोमा प्रतिपदार्थ। यसका अनुसार जब इलेक्ट्रोन बन्दछ त्यो प्रतिपदार्थसँगै बन्दछ जसलाई पोजिट्रोन भन्ने गरिएको छ । यिनीहरूको पिण्ड समान हुन्छ तर चार्ज भने ठीक उल्टो रहेको हुन्छ । यिनीहरू ऊर्जाकै कारणले बनेका हुन्छन् । जब यिनीहरू एकअर्कासँग ठोकिन पुग्दछन् तब प्रशस्त मात्रामा शुद्ध ऊर्जा उत्पादन हुन्छ। इलेक्ट्रोनको जस्तै सबै लेप्टानका पनि प्रतिकण हुन्छन् । यसबाट थाहा हुन्छ- ब्रह्माण्डमा बन्ने सबै पदार्थमा फोर्मिअन्सको मुख्य भूमिका रहेको हुन्छ ।



**_हामी विगतका घटनालाई आधार मानेर भविष्य र भविष्यको सम्भावित घटनालाई आधार मानेर विगतका बारेमा एकदमै सटिक अनुमान गर्न सकिन्छ। जस्तै हामीलाई ग्रहको कक्ष र अक्षको अवस्थाका बारेमा जानकारी रहेको छ भने गएको वर्ष उक्त ग्रह यो समयमा कहाँ थियो होला भन्न सकिन्छ।_**

### बोसोन र बलहरू

तर ब्रह्माण्डामा रहेका विभिन्न बलहरूले कसरी काम गर्दछन् भन्नेमा यिनीहरूको कुनै भूमिका रहेको हुँदैन । यो काम बोसोनले गर्दछ । बोसोन चार प्रकार हुन्छन् : फोटोन्स, डब्ल्यू/जेइड, ग्लुओन्स र ग्र्याभिटेन्स। पहिला इलेक्ट्रिक र म्याग्नेटिक बललाई अलगअलग रूपमा लिइन्थ्यो तर अहिले आएर यसलाई इलेक्ट्रो म्याग्नेटिक बलमा मिलाइएको छ। इलेक्ट्रो म्याग्नेटिक बल फोटोनको कारणले काम गर्दछ । चारवटा आधारभूत बलहरूमा न्युक्लिअर बल सबैभन्दा कमजोर हुन्छ । यसैकारणले बेटा डिके (विकिरणीय क्षय) हुन पुग्छ र प्रतिन्युट्रिनो बन्न पुग्छ । यसका लागि डब्ल्यू/जेइड बोसोनको भूमिका रहेको हुन्छ। स्ट्रोङ न्युक्लअर फोर्स चारैवटा बलमा सबैभन्दा बलियो हुन्छ। यसैको कारण प्रोटोन र न्युट्रोन एकैसाथ रहन सकेका हुन् । यो बललाई बोक्ने काम ग्लुओनस्ले गर्दछ । चारैवटा बलमा सबैभन्दा कमजोर ग्र्याभिटेसनल हुन्छ । दुःखको कुरा, अहिलेसम्म यो बलका कारण कुनै कण बनेको जानकारी रहेको छैन तर यस्ता कणहरू पनि अस्तित्वमा रहेको अपेक्षा गरिएको छ। यस्तो कणको काल्पनिक नाम ग्र्याभिटोन भन्ने गरिएको छ।

अहिलेसम्म हामीले यो मोडेलमा क्वार्कस र ल्याप्टनले त्यस्ता कणहरू बनाउँछ जुनबाट पदार्थ निर्माण हुन्छ भन्नेबारेमा जानकारी राख्यौँ । साथै हामीले विभिन्नखाले बोसोन्स जसले अलगअलगखाले बलहरूलाई बोक्ने गर्दछ भन्ने कुरामा जानकारी पाउन सक्यौँ । अर्को पनि बोसोन हुन्छ जसले कणलाई पदार्थ प्रदान गर्दछ । त्यसलाई हिग्स बोसोन भनिन्छ । वास्तवमा हिग्स बोसोनका बारेमा सही तरिकाले अध्ययन गरेर मात्र पदार्थ कसरी बन्छ भन्न सकिन्छ ।

यहाँसम्म पुग्दा पदार्थ बनाउने कण र तिनीहरूलाई बोक्ने बलका बारेमा जानकारी राख्यौँ । बलहरूका लागि जिम्मेवार बोसोन्स कणहरूको खोजी क्वान्टम फिल्ड सिद्धान्तका आधारमा गरिएको थियो । वास्तवमा यो सिद्धान्त क्वान्टम यान्त्रिकी र फिल्ड सिद्धान्तको संयोजबाट क्वान्टम फिल्ड सिद्धान्त बनेको हो ।

अब क्वान्टम यान्त्रिकी र फिल्ड सिद्धान्तका बारेमा कुरा गरौँ। हामी विगतका घटनालाई आधार मानेर भविष्य र भविष्यको सम्भावित घटनालाई आधार मानेर विगतका बारेमा एकदमै सटिक अनुमान गर्न सकिन्छ। जस्तै हामीलाई ग्रहको कक्ष र अक्षको अवस्थाका बारेमा जानकारी रहेको छ भने गएको वर्ष उक्त ग्रह यो समयमा कहाँ थियो होला भन्न सकिन्छ। अथवा २० वर्षपहिले उक्त ग्रह कहाँ थियो होला भन्न सकिन्छ । यो त भयो शास्त्रीय भौतिकीमा आधारित अवधारणा ।

तर क्वान्टम भौतिकीले के भन्छ भने हामी संसारलाई जति साधारण रूपमा मान्दछौँ, वास्तवमा त्यो त्यत्ति साधारण छैन। शास्त्रीय भौतिकीमा कि त कण हुन्छ कि त तरङ्ग मात्र हुन्छ। तर क्वान्टम भौतिकीमा वस्तु केवल कण वा तरङ्ग नभएर कण र तरङ्गको समायोजन हुन्छ । जबसम्म हामी यिनीहरूलाई अवलोकन गर्दैनौँ तबसम्म तिनीहरूको रूप फरक हुने गर्दछ। जब हामी अवलोकन गर्दछौँ कि यिनीहरू कणमा रहेका हुन्छन् कि त तरङ्गमा रहन्छन् । त्यसैले क्वान्टम भौतिकीमा हामीले विगतका घटनाहरूका आधारमा भविष्यमा हुने घटनाका बारेमा अनुमान लगाउन सक्दछौँ। तर निश्चयका साथ भन्न सकिँदैन परिणाम हामीले अनुमान गरेको जस्तो हुन्छ भनेर । जसरी शास्त्रीय भौतिकीमा समान परिमाण र शक्तिको बमलाई एकै समयमा विस्फोट गराइयो भने एकै समयमा नै विस्फोट हुन्छ । तर क्वान्टम भौतिकीमा दुवै बम एकैचोटि विस्फोट हुनसक्छ नहुन पनि सक्छ। सबै परिणामहरूको सम्भावनाको समायोजनलाई तरङक्रिया भनिन्छ । क्वान्टम भौतिकीमा वास्तविकता तरङक्रियामा अस्तित्वमा रहेको हुन्छ ।

क्वान्टम भौतिकी जत्तिकै अचम्मको भए पनि ब्रह्माण्डलाई बुझ्नका लागि यो नै सबैभन्दा सही तरिका हो । क्वान्टम भौतिकीका अनुसार हामी वस्तुलाई जुन रूपमा देख्छौँ वास्तवमा वस्तु त्यो रूपमा हुँदैन । त्यसको वास्तविक रूप त तरङक्रियामा देखिन्छ ।

### फिल्ड सिद्धान्त

अब कुरा गरौँ फिल्ड सिद्धान्तको । हामीलाई लाग्छ, संसारमा पदार्थबाहेक अरू केही छैन। जहाँ पदार्थ छैन, त्यो ठाउँ खाली हुन्छ । के खाली ठाउँ साँच्चै नै खाली नै हुन्छ त ? त्यस्तो होइन । वास्तवमा खाली ठाउँ पनि पूर्ण रूपले खाली हुँदैन । यसलाई हामी साधारण उदाहरणमा चुम्बकलाई लिन सक्छौँ। दुईवटा चुम्बकका विपरीत ध्रुवहरूका चीचमा आकर्षण र समान ध्रुवका बीचमा विकर्षण हुन्छ । तर ती दुई चुम्बक हामीले समान ध्रुवलाई जोड्ने कोसिस गऱ्यौँ भने एक किसिमको बलले धकेलेको महसुस हुन्छ । यसो गर्दा हामीलाई अचम्म लाग्छ किनभने दुई चुम्बकको बीच भाग खाली हुन्छ तर बल लागिराखेको हुन्छ । यहाँ बलले कसरी काम गर्दछ त ? वास्तवमा यहाँ चुम्बकीय फिल्ड रहेको हुन्छ । यस्तै गरी ब्रह्माण्डको कुनै पनि ठाउँ खाली रहेको हुँदैन । त्यहाँ विभिन्न किसिमका फिल्डहरू रहेका हुन्छन् भन्ने मान्यता फिल्ड सिद्धान्तले राख्दछ। यही क्वान्टम यान्त्रिकी र फिल्ड सिद्धान्तलाई जोडिदियो भने क्वान्टम फिल्ड सिद्धान्त तयार हुन्छ । यो सिद्धान्तले ब्रह्माण्डका सबै ठाउँ र सबै समयमा विभिन्न फिल्डहरू अस्तित्वमा रहेका हुन्छन् । यी फिल्डहरूलाई हामी देख्न सक्दैनौँ। यी फिल्डहरू ग्र्याभिटी, चुम्बकीय, इलेक्ट्री, हिग्गस् हुन् ।

प्रत्येक प्रारम्भिक कणका आफ्ना फिल्डहरू हुन्छन्। जस्तै ग्र्याभिटी, चुम्बकीय, इलेक्ट्री, हिग्गस्, ग्लुओन फिल्ड आदि। प्रत्येक फिल्डलाई सङ्ख्यामा प्रतिनिधित्व गरिन्छ। यी फिल्डलाई जब ऊर्जा प्राप्त हुन्छ तब तिनीहरू उच्च ऊर्जा अवस्थामा पुग्छन् । यसैका कारण पानीजस्तै गरेर यी फिल्डहरूमा पनि फोका बन्न थाल्छन् । यिनै फोकाहरूलाई कण भनिन्छ । उदाहरणका लागि जब इलेक्ट्री फिल्डमा फोका बन्यो भने इलेक्ट्रोन बन्न पुग्छ । क्वार्क फिल्डमा फोका बन्यो भने क्वार्क बन्छ । जब यी फोकाहरू शान्त हुन पुग्छन् उनीहरूका सहायक कणहरू पनि हराएर जान्छन् । यसलाई कणको अन्त्य हुने भनिन्छ ।

यी फिल्डमा जुन अवस्थामा ऊर्जा दिइन्छ अनि कणहरू देखा पर्दछन् जबजब ऊर्जा फिल्डमा फैलिन थाल्छ अनि हामीलाई कण चलेको महसुस हुन्छ। फिल्डमा कणहरू उत्पादन गर्न धेरै ऊर्जाको आवश्यकता पर्दछ । तर कुनै कुनै फिल्डमा कम ऊर्जा दिए पनि कण उत्पादन हुन्छ। वास्तवमा कति ऊर्जा चाहिन्छ भन्ने कुरा कणको पिण्ड कति छ भन्ने कुरमा भर पर्दछ। उदाहरणका लागि हिग्गस् बोसोन इलेक्ट्रोनभन्दा कैयौँ गुना गह्रौँ हुन्छ। त्यसैले त्यसमा कण उत्पादन गर्न ठूलो हेड्रोन कोल्याडरको आवश्यकता पर्दछ । जसका कारण बल्ल हिग्गस् बोसोन देखा पर्दछ। यहाँसम्म पुग्दा हामीलाई थाहा भयो- कण कसरी बन्दछ ?

### अलगअलग बलले कसरी काम गर्दछन्

यी फिल्डहरू समय र कालमा एकैचोटि अस्तित्वमा रहेका हुन्छन् । यिनीहरूका बीचमा ऊर्जाको आदानप्रदान पनि भैराखेको हुन्छ । यसो गर्दा बलहरूले पनि काम गरिराखेका हुन्छन् जसका कारण एउटा कण अर्कोमा पनि परिवर्तन भैराखेका हुन्छन् । यो क्वान्टम सिद्धान्त नै अहिलेसम्मको सबैभन्दा उत्तम सिद्धान्त हो जसका आधारमा प्रकृति र वास्तविकतालाई बुझ्न सकिन्छ ।

*क्रमशः*

# कम्युनिस्ट घोषणापत्र

## प्रथम नेपाली संस्करणको भूमिका

***यसपछि १८४७ को गर्मी याममा युरोपभरिका तमाम कम्युनिस्टहरूको लण्डनमा एउटा सम्मेलन भयो । एङ्गेल्स खुद आफैँ यस सम्मेलनमा हाजिर थिए । तमाम शहरी समितिहरूलाई एक सूत्रमा बाँधेर, एउटा कम्युनिस्ट अन्तर्राष्ट्रिय सङ्घको स्थापना गर्ने कुरा सम्मेलनमा निधो भयो । यस सङ्घको विधान पनि बनाइयो । क्रान्तिकारी कम्युनिस्टहरूको उद्देश्य छर्लङ्ग हुनेगरी सबभन्दा पहिले यसै सम्मेलनले संसारको सामुन्ने राख्यो ।***



पुष्पलाल

### एकाध कुरा

कार्ल मार्क्सको सांसारिक दृष्टिकोण मार्क्सवादको नामले आज संसारमा महसुर छ । कार्ल मार्क्स र एङ्गेल्स जन्मेको क्रमशः ३० र २८ वर्षपछि मार्क्सवादको जन्म १८४८ मा यस कम्युनिस्ट घोषणापत्रको उदयको साथसाथै भयो । मार्क्स र एङ्गेल्सले पछि जति पुस्तकहरू लेखे, ती सबैमा हामी यही घोषणापत्रलाई पुष्टि दिएर लेखेको पाउँदछौँ । धेरै वर्षसम्म मार्क्सवाद किताबको सिद्धान्त मात्र भएर रह्यो । धेरैले यस विषयमा नानावलीका टीकाटिप्पणी गरे । तर मार्क्सवाद मजदुर वर्गको लडाइँमा ज्योति दिने वैज्ञानिक बाटो भएको हुनाले, जसैजसै विश्वमा मजदुर आन्दोलन बढ्दै गयो, तसैतसै मार्क्सवादले जरा लिँदै गयो । आज मार्क्सवाद अध्ययन गर्नको निम्ति हाम्रा सामुन्ने केवल पुस्तकहरू मात्र नभै यिनै पुस्तकहरूका आधारमा खडा भएको समाजवादी सोभियत सङ्घ (रुस) र नव प्रजातन्त्रहरू (दक्षिण पूर्वी युरोपका देशहरू) छन् । अब त हाम्रो उत्तरी सिमानामा रहेको आजाद चीनले पनि मार्क्सवादी सिद्धान्तको विषयमा हामीलाई भन्नेछ । फेरि समस्त उपनिवेश र अर्धउपनिवेशहरूमा कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा चलिरहेको विजयी जनमुक्ति आन्दोलनले पनि हामीलाई मार्क्सवादको बाटो अपनाउन प्रेरणा दिइरहेको छ । आज एक सय एक वर्षपछि सायद तिब्बती भाषामा भन्दा पहिले र अरू भाषाहरूमा सबभन्दा पछि हाम्रो नेपाली भाषामा पनि मार्क्सवादको प्रथम पुस्तक यस कम्युनिस्ट ‘ म्यानिफेस्टो’ उल्था भई पाठकहरूको हातमा आइपुगेको छ । यहाँ एउटा यो प्रश्न उठ्न सक्तछ- जो ऐतिहासिक दृष्टिबाट अत्यन्त महत्वपूर्ण छ, एक सय वर्षपछि यो उल्था हुनुको कारण के हो ?

भारतमा अङ्ग्रेजी साम्राज्यवाद भारत र वरपरका देशहरूमा सामन्तवाद मात्रै कायम गरेर बाँच्न सक्दथ्यो । यसकारण अङ्ग्रेजी साम्राज्यवादले भारतमा सामन्तवादलाई कायम गर्नुका साथसाथै नेपाल र तिब्बतमा पनि सामन्तवादलाई नै कायम राख्यो । नेपाललाई संसारबाट अलग गराउनुको साथसाथै तिब्बतलाई पनि यस्तरी अलग गराइयो कि पुस्तकालयको त कुरै छोडौँ, एउटा अखबार पढ्नसम्मलाई राणा सरकारले दिएको सूचनामा भरपर्नु पर्दथ्यो । यो कुरा भोलि नेपाली जनताको निम्ति ‘हँ, यहाँ त्यस्तो थियो र !’ भन्ने एउटा उदेक र आश्चर्य लाग्दो कुरा हुनेछ । यसकारण नेपाली जनताले घोषणापत्र जन्मेको त परै जावस् घोषणापत्र कार्य रूपमा रुसमा परिणत भएको कुरासम्म पनि थाहा पाएनन् । द्वितीय विश्वयुद्धपछि समाजवादको ताकत साम्राज्यवादको तुलनामा धेरै गुणा बढेको हुनाले अङ्ग्रेजी साम्राज्यवादले नेपाललाई संसारबाट अलग गराउन सकेन । द्वितीय विश्वयुद्धपछि समस्त उपनिवेश र अर्धउपनिवेशहरूमा जुन जनआन्दोलन कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा भए, सो आन्दोलनको लहरबाट नेपाल बच्न सकेन । यद्यपि नेपालमा कम्युनिस्ट पार्टी खडा भएको थिएन तथापि नेपाली कम्युनिस्टहरू नेपालको यत्रतत्र स्थानमा काम गरिरहेका थिए । तिनैहरूमध्ये कामरेड मनमोहन अधिकारी विराटनगर मजदुरहरूको बीचमा काम गरिरहनुभएको थियो । उहाँले मजदुर सङ्घ कायम गरी मजदुरहरूलाई संगठित गर्नुभयो । यस मजदुर सङ्घले पुँजीपतिको विरुद्ध हमला बोल्यो । यद्यपि निष्कासित राणाहरूको र भारतीय समाजवादी नेताहरूको सक्रिय सहायता र समर्थनले खडा भएको नेपाली राष्ट्रिय कांग्रेसका नेताहरूको गद्दारीले गर्दा त्यो हमला (हडताल) बिफल भए तापनि नेपालको मजदुर वर्गले आफ्नो वर्गीय लडाकुपनको परिचय दिइसकेको छ ।

यस्तो बखतमा विश्व मजदुर आन्दोलनलाई सही बाटो देखाउने, शक्ति र साहस प्रदान गर्ने यस घोषणापत्रलाई नेपाली भाषामा प्रकाशित गरी नेपाली मजदुर वर्गको आन्दोलनलाई सही बाटोमा लैजानु अत्यन्त आवश्यक भएको हुनाले मैले यस घोषणापत्रलाई यथासक्य परिश्रम गरी, नेपाली भाषामा उल्था गरी नेपालीहरूको सामु राखेको छु । यस अनुवादमा केही भूल रहन गएमा म पाठक वर्गसँग भूल भिक्षा माग्दिनँ, भूल सुधारको सूचना माग्दछु । यो घोषणापत्र मजदुर वर्गको सर्वप्रथम र जगत् विख्यात साहित्य हो । अवश्यमेव पनि नेपालका राणा, जमिनदार, पुँजीपति र तिनका दलाल संस्था सङ्गठनहरूले यसको घोर आलोचना गर्नेछन् । जनसेवकको मुकुण्डो लाइटोपल्ने महानुभावहरूले वास्तवमा जनतालाई क्रान्ति मार्गबाट टाढा राख्नका निम्ति यस घोषणापत्रलाई लिएर आधारहिन टीकाटिप्पणी गर्नेछन् । उनीहरूको भनाइ यो हुनेछ- ‘घोषणापत्र विशेषगरी मजदुरहरूको निम्ति लेखिएको हो । यो मजदुहरूको साहित्य हो तर हाम्रो नेपालमा ९९ (सयकडा उनान्सय) किसान छन्, नेपालमा पुँजीवादको उदय भएको छैन । यसकारण यस पुस्तक पढ्नाले हामीलाई विशेषगरी केही पनि फाइदा छैन । हामीले त किसानको विषयका, किसान क्रान्तिको विषयमा पढ्नु पर्दछ ।’ यस्ता नीच र प्रतिक्रियावादीहरूका निम्ति उत्तर पछि पुस्तकपुस्तिकाहरूको रूपमा दिने प्रयास गर्नेछु । छोटकरीमा यो छ- किसान वर्गको रूपमा भत्कँदो घर हो । हामीलाई थाहा छ १ वर्ष अगाडिसम्म नेपालमा आधुनिक मजदुर वर्गको नामनिसानै थिएन तर आज नेपालमा मजदुर वर्गको सङ्ख्या १५/२० हजार पुगेको छ । यसबाहेक नेपालमा धेरैजसो खेत मजदुरहरू छन् । यी खेतालाहरूको आफ्नो निजी खेत छैन । ज्यालामा मात्र काम गर्दछन् । यिनीहरूलाई हाम्रा महान् नेता र गुरु लेनिनले अर्धमजदुरको नामकरण गरेका छन् । अतएवः यिनीहरू मजदुरवर्गकै पक्का सहकारी र पछि परन्तुसम्मका मित्र हुन् । यी १५/२० हजार आधुनिक मजदुर नेपालमा आकाशबाट खसेनन्, पृथ्वीबाट उब्जेनन् । किसान र अन्य वर्गहरूबाट आआफ्नो स्थिति बिग्रनाले कलकारखाना र मिलहरू मजदुर हुन आएका हुन् । नेपालमा कलकारखाना र आधुनिक उद्योगधन्दाहरू आजभन्दा भोलि र भोलिभन्दा पर्सी बढ्दै छ । यसकारण मजदुरको सङ्ख्या बढ्दै जानेछ । फेरि जसैजसै नेपालमा आधुनिक उद्योगधन्दा बढ्दै जानेछन्, तसैतसै खेती (कृषि) मा पनि पुँजीवाद व्यवस्था चालू गरिनेछ र मध्यम वर्गका किसानहरू पछि आई मजदुरको हालतमा पुग्नेछन् । यस हालतमा मजदुर वर्गको सिद्धान्त ‘कम्युन्जिम’ लाई सबैले अपनाउनु नै पर्दछ, नअपनाई कसैको कल्याण छैन । यस विषयमा यसै कम्युनिस्ट घोषणापत्रमा पनि राम्ररी सम्झाइएको छ । तैपनि यहाँ मजदुर वर्गका महान् नेता स्तालिनको ‘द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद’ बाट केही हरफहरू उद्धृत गर्न उचित सम्झन्छु- ‘हामीले आफ्नो भावी कार्यक्रमको फैसला (निर्णय) समाजका ती स्तरहरूको आधारमा गर्नु हुँदैन, जसको हाल केही प्रभाव भए तापनि विकास बन्द भैसकेको छ । हामीले त्यसको आधारबाट आफ्नो कार्यक्रम बनाउनु पर्दछ, जसको शक्ति हाल प्रमुख नभए तापनि जो विकासमान छन् र जसको भविष्य उज्ज्वल छ ।’

नेपाल र नेपाली जनताको कल्याण चाहनेहरूले यी सबै कुराहरूलाई राम्ररी मनमा लिनु पर्दछ । गद्दारहरूको सिंग न पुच्छरको प्रचारदेखि एकदम सतर्क रहनु पर्दछ । अनि मात्र नेपालले सच्चा आजादी प्राप्त गर्न सक्दछ । जस्तो आज चालीस राणाको आजादी (स्वतन्त्रता) लाई नेपाली जनताको आजादी भन्न सकिन्न । त्यस्तै, भोलि २०० (दुई सय) नेपाली जमिन्दार र पुँजीपतिको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न । **नेपाल तबैमात्र पूर्ण रूपले आजाद हुन सक्दछ, जब यो कम्युनिस्ट घोषणापत्र नेपालमा कार्यरूपमा परिणत हुनेछ ।** अतयवः यो पढ्नु, पढाउनु र प्रचार गर्नु पनि नेपाली जनमुक्ति आन्दोलनमा भाग लिनु हो ।

यो मजदुर वर्गको साहित्य कम्युनिस्ट घोषणापत्र बुझ्न पहिले त अलि मुस्किलै पर्नेछ । यसकारण म पाठक वर्गलाई यो पुस्तक उपन्यास र कहानीहरू पढेझैँ नपढ्नुहोला भनी अनुरोध गर्दछु । म खुद आफ्नो अनुभवले के भन्दछु भने यो घोषणापत्र जति पढ्यो उति नै नयाँ भएर आउँछ । यसकारण एकचोटि पढेर दराजमा नथन्काउनुहोस् । जसरी तपाईं दिनहुँ दाँत माझ्नुहुन्छ, उसरी नै यस घोषणापत्रलाई पनि माझ्नुहोस् अर्थात् पढ्नुहोस् । अनि मात्र यस घोषणापत्रको वास्तविक मर्म बुझ्नुहुनेछ ।

यस पुस्तकले यस एक सय एक वर्षमा अन्य देशहरूमा केके गर्‍यो ? आज के गर्नका निम्ति हाम्रो भाषामा उल्था भई तपाईंहरूको सम्मुख आइरहेको छ, सो म तल छोटकरीमा बताउन प्रयास गर्दछु । यद्यपि यो पुस्तक भूगोल होइन तापनि मानचित्र पल्टाएर पढ्नुभयो भने यस पुस्तकको कार्य र महत्व राम्ररी बुझ्नुहुनेछ ।

सन् १८४८ तिर मजदुर वर्ग बच्चै र कच्चै थियो । तर त्यस्तै काँचो अवस्थामा पनि यस मजदुर वर्गले पुँजीवादका विरुद्ध यस्तायस्ता युद्ध लड्यो, जसले गर्दा युरोपका समस्त पुँजीवादी राष्ट्र, सामन्तवादी राष्ट्र र पोपहरू सम्पूर्ण आपसी वैरभाव बिर्सी मजदुर वर्गलाई दबाउन रुसी बादशाह जारको नेतृत्वमा संगठित भए । यसको जवाफ, अन्तर्राष्ट्रिय कम्युनिस्टहरू त्यही साल लन्डनबाट भेला भई विश्व मजदुर वर्गको एकताको आवश्यकता महसुस गरी त्यस सम्मेलनले कार्ल मार्क्स र एङ्गेल्सलाई पार्टीको तर्फबाट एउटा कम्युनिस्ट घोषणापत्र तयार गर्ने अभिभारा दियो । पुँजीवादी समाजका सम्पूर्ण त्रुटिहरू र त्यस समाजपछि समाजवादी र साम्यवादी समाज यस संसारमा आउनैपर्छ भन्ने कुरा मात्र यसमा नदर्शाई मानव इतिहासको सुरुदेखि मन्थन गरी यस घोषणापत्रमा यस्तायस्ता कार्यक्रमहरू राखेका छन्, जुन आज पनि हामीहरूको निम्ति उत्ति नै सही तरिकाले लागू हुन्छन्, जतिको त्यस जमानामा युरोपमा सही तरिकाले लागू भएका थिए ।

मजदुर वर्गको आन्दोलनमा यस घोषणापत्रले यस्तो वैज्ञानिक ज्योति र शक्ति दियो, जसले गर्दा प्रतिक्रियावादीहरूको जालसाजी र गुटबन्दीलाई निर्ममतापूर्वक लाछार्दै, पछार्दै, छेड्दै, छाँट्दै अगाडि बढ्यो र यसैको आधारमा खडा भएको बोल्सेबिक पार्टीले दुनियाँको इतिहासमा पहिलोबाजी चिरस्थायी रूपले सन् १९१७ नोभेम्बर ७ तारिखको दिन मजदुर वर्गको राज्य संसारको ६ खण्डको १ खण्ड, रुसमा कायम गर्‍यो । यही सोभियत रुस विश्व मजदुर वर्गको यस्तो एउटा सुदृढ र विशाल गढ र किल्ला बन्यो जसलाई तोड्नको निम्ति पुँजीवादी, साम्राज्यवादी र प्रतिक्रियावादीहरूले कस्ताकस्ता जाल रचे ? सो सबै "The great conspiracy against Soviet Russia" (रुस विरुद्धको ठूलो षड्यन्त्र) नामक पुस्तकमा हामी पाउँदछौँ । ती सबै कार्यहरूबाट विफल भएपछि नै उनीहरूले द्वितीय विश्वयुद्धको रचना गरे । पूर्वमा जापान र पश्चिममा इटाली र जर्मनीमा फासिज्मका नेता तोजो, मुसोलिनी र हिटलरहरूलाई उचाल्दै, उनीहरूको पिठमा प्रतिक्रियावादीहरूले धाप मारेको कुरा एउटा दुधे बालकसम्मलाई पनि थाहा छ ।

द्वितीय विश्वयुद्ध सुरु भयो । मजदुरवर्गको एक मात्र गढ सोभियत रुसमाथि फासिष्ट फौजहरू जाइलागे । विश्व मजदुर वर्गको एकमात्र किल्ला रुसमा मानवताका दुस्मन फासिष्टहरूको आक्रमण मजदुर वर्गले किन सहन्थे ?

विश्वका हरेक मजदुर वर्गले आफ्नो आफ्नो देशको कम्युनिस्ट पार्टीको नेतृत्वमा ‘विश्वका मजदुर एक होऊ’ भन्ने नारा यस्तरी गुञ्जयमान गरे कि त्यसको साम्ने फासिष्ट फौज टिक्न सकेनन् । पुच्छर लुकाउँदै सुइँकुच्चा ठोके । द्वितीय विश्वयुद्धमा सोवियत रुसको लालफौज फासिस्टहरूलाई लखेट्दै जुनजुन देशहरूमा पुगेका थिए, ती सबै देशहरू पूर्व, दक्षिण र मध्य युरोपका देशहरूमा मजदुर वर्गको हातमा राष्ट्रको शक्ति गयो । ती राष्ट्रहरूमा मजदुर वर्गको हातमा राष्ट्रको शक्ति गएपछि नव प्रजातन्त्र कायम गरी समाजवादतिर लम्कँदै छन् । यसैकारणले गर्दा आज एकातिर विश्वका पुँजीवादी र साम्राज्यवादी देशहरू र तिनका आसेपासे देशहरूमा भयंकर आर्थिक सङ्कट फैलँदा पनि अर्कोतिर सोभियत रुस र ती नव प्रजातन्त्रहरू मानवताको उन्नतिका निम्ति अगाडि बढिरहेका छन् । ती देशहरूमा आर्थिक सङ्कट छैन, आर्थिक जीवनको उन्नति छ ।

द्वितीय विश्वयुद्धले उपनिवेश र अर्धउपनिवेशका जनतालाई सच्चा आजादी प्राप्त गर्ने वैज्ञानिक बाटो देखायो । तमाम उपनिवेश र अर्धउपनिवेशका जनता र प्रगतिशील संस्थाहरूले आफ्नाआफ्ना देशीय कम्युनिस्ट पार्टीको नेतृत्वमा हातमा हतियार लिएर पुँजीवाद र साम्राज्यवादलाई ललकारे । चिनियाँ कम्युनिस्ट पार्टी जो कोमिन्ताङ फासिष्ट र अमेरिकन साम्राज्यवादको इसारामा नाच्ने च्याङ काइसेक सरकारको विरुद्ध द्वितीय विश्वयुद्धभन्दा एक युग अगाडिदेखि नै लडिरहेको थियो । द्वितीय विश्वयुद्धपछि समाजवादको शक्ति पुँजीवाद र साम्राज्यवादको तुलनामा धेरै गुणा बढेको हुनले यस्तो द्रुतगतिले विजय प्राप्त गर्दै अगाडि बढिहरको छ कि आज त्यसको विजयी शक्तिले केवल चीनका प्रतिक्रियावादी मात्र आत्तिएका छैनन्, प्रतिक्रियावादीहरूका गुरु वालस्ट्रिट (अमेरिका) पनि मुटु कपाउँदैछ । इण्डोचाइना मलाया र भियतनाम आदि उपनिवेशका जनता पनि तत्तत् देशीय कम्युनिस्ट पार्टीको नेतृत्वमा तत्तत् देशीय राष्ट्रवादी नेताहरूले धोका दिएकोमा वास्ता र परबाह नगरी हातमा हतियार लिएर दिन दोब्बर र रात चौबर भनेझैँ प्रगति गरिरहेका छन् । नेपाललाई जुन किसिमले स्वतन्त्रता प्रदान गरिएको थियो सोही किसिमभन्दा एक इन्च माथि उक्लेर (अर्थात् रगतको नाता शासनमा नभई पुँजीवादी भोटको सम्बन्ध) बर्मालाई स्वतन्त्रता दिइएको थियो । कम्युनिस्ट पार्टीको नेतृत्वमा चल्ने बर्मेली जनताले यस खोस्टे आजादीलाई पूर्ण रूपले थाहा पाएर आज बर्मेली जनता कम्युनिस्ट पार्टीको नेतृत्वमा प्रतिक्रियावादीहरूको एक मुक्काको बदला दुई मुक्का भन्दै अगाडि बढिरहेका छन् । बर्माका प्रधानमन्त्री यू थाकिन नुको पिञ्चे स्वर विश्वमा गुञ्जायमान भइरहेको छ । आज हाम्रो छिमेकी राष्ट्र भारतमा पनि मार्क्सवादी पार्टीको ताकत यस्तरी बढिरहेको छ कि त्यसको सामना गर्नको निम्ति मार्क्सवादको छाला ओढिटोपल्ने सोसलिस्ट पार्टी लगायत एक नम्बरका साम्प्रदायिक संस्थाहरू, हिन्दू महासभा र राष्ट्रिय स्वयम्सेवक सङ्घले दृश्य र अदृश्य तबरले संयुक्त मोर्चा बनाएर काङ्ग्रेसी पुँजीवादी र साम्राज्यवादी नीति अपनाउने नेहरू सरकारलाई सघाइरहेका छन् । नेहरू सरकारकै कृपा र दयादृष्टिले गर्दा आज पनि हाम्रा नेपाली भाइहरूलाई मलायासम्म लगी, त्यहाँको जनमुक्ति आन्दोलनको विरुद्धमा अङ्ग्रेजले त्यसरी नै प्रयोग गरिरहेका छन्, जसरी पहिले भारतमा उनै गान्धी नेहरू संचालित र अन्य आन्दोलनका विरुद्ध प्रयोग गर्दथे । नेपालमा राणाहरूको त्यस्तो विध्न अत्याचार हुनु हुँदैन भनेर गान्धीजी बोले, नेहरूजी पनि कराई टोपले, तर नेपाली फौज मलाया लैजाने विषयमा गान्धीजी चूप र नेहरूजीको समर्थन !

नेपाली जनता नाङ्गै रहुन्, भोकै मरुन् नेहरूजीलाई केको वास्ता ! तर नेपाली जनतालाई शोषण गर्नु र नेपालमा साम्राज्यवादी फौजी अड्डा कायम गराई धरमराएको पुँजीवाद र साम्राज्यवादलाई टेवा दिई समाजवादी सोभियत सङ्घ र आजाद चीनलाई क्षति पुर्‍याउने चेस्टा गर्न नेहरूजीलाई अत्यन्त वास्ता मात्र होइन सरोकार पनि छ । किनकि उनी भारतीय पुँजीपति र जमिन्दारहरूका अत्यन्त प्रिय र माननीय नेता छन् । नेहरू सरकारद्वारा सञ्चालित नेपाल कोशी ड्याम्पका मजदुरहरूको कुन दशा छ ? बिरामी हुँदा ओखती मूलो छैन, बाढी आउँदा डुङ्गा छैन तर काममा भने हाजिर हुनै पर्दछ । कुनैकुनै मजदुरको त घर फर्कंदा आफ्नी राम्री पत्नी नै बेपत्ता ! नेहरूजीलाई के वास्ता !

नेहरू सरकारको यस्तो देशघातक र साम्राज्यवादी नीतिको भण्डाफोर गर्दै भारतीय मार्क्सवादी पार्टी मजदुर वर्गको आन्दोलनलाई अगाडि बढाउँदै, वर्ग सङ्घर्षको बाटोतिर लम्कँदै छ । निश्चय नै भारतीय मार्क्सवादी पार्टीको शक्ति र मान प्रतिष्ठा, मजदुर, किसान, विद्यार्थी र निम्न मध्यम वर्गमा बढ्दै छ । यसको साथसाथै लावरको भकुण्डोरूपी दुस्मन पनि बढ्दै छ, जो या त आफसे आफ बढ्दाबढ्दै फुट्ने छ या त वर्ग सङ्घर्षको चेपमा परी चकनाचूर हुनेछ ।

आज समस्त विश्वका मजदुर वर्ग राष्ट्रिय (पुँजीवादी विचारको राष्ट्र) र धार्मिक भावना त्यागेर तत्तत् देशीय कम्युनिस्ट पार्टीको नेतृत्वमा विश्व मजदुर वर्गको एकतामा जोड दिँदै अगाडि बढिरहेका छन् । इण्डोचाइनमा तथाकथित फ्रान्सिसी समाजवादी सरकारले त्यहाँको जनमुक्ति आन्दोलनमाथि गोलाबारी गर्दा फ्रान्समा समस्त राजनीतिक पार्टीहरू कानमा तेल हालेर सुतेका मात्र होइनन्, समाजवादको खोल ओढ्ने साम्राज्यवादी सरकारलाई पूर्ण रूपले समर्थन गरे औ गरिनै रहेका छन् । तर सच्चा आजादीको निम्ति लड्ने, मजदुर वर्गको पार्टी फ्रान्सिसी कम्युनिस्ट पार्टीले आफ्नो राष्ट्रिय सरकारका कुकार्यको घोर विरोध मात्र नगरी फ्रान्सको उपनिवेश इण्डोचाइनाका जनतालाई सक्रिय रूपले सहायकता र सहानुभूति दियो । इण्डोनेशियामा डच साम्राज्यवादी सरकारको कार्यवाहीको विरुद्ध हल्याण्डले पनि फ्रान्सिसी कम्युनिस्ट पार्टीले गरेझैँ गर्‍यो र गर्दैछ । जस्तो दार्जीलिङ्मा चियाबगानहरू छन्, उस्तै मलायामा रबर बगानहरू छन् । ती बगानहरूका मजदुरहरू साम्राज्यवादी शोषण र शासन हटाई मजदुर राज खडा गर्नको निम्ति मलाया कम्युनिस्ट पार्टीको नेतृत्वमा मुक्काको जवाफ मुड्कीले दिँदै अगाडि बढिरहेको बेला (अहिले पनि बढिनै रहेका छन्) बेलायतको कम्युनिस्ट पार्टीले बाहेक अरू कुनै पनि पार्टीले साम्राज्यवादी सरकारको विरोधमा स्वर कसेनन् । मलायाका मजदुरहरूलाई दबाउन तथाकथित एटलि वेभिन समाजवादी सरकारले शस्त्रअस्त्र उठाउन लाग्दा बेलायतका मजदुरहरूले जहाजमा शस्त्र लाद्न नामञ्जूर गरिदिए । अष्ट्रेलियाको कम्युनिस्ट पार्टीका तर्फबाट प्रधानमन्त्री का. शार्कीले खुल्लम्खुल्ला घोषणा गरे- ‘मलायाका मजदुरहरूलाई दबाउनको निम्ति पठाइने फौजी सामानहरू लादिएर आएका जहाजहरूमा अष्ट्रेलियाका मजदुरहरूले कोइला पानी भर्ने छैनन्, हात हतियार लाद्नु त अर्कै कुरा ।’ फ्रान्सको कोइला खानीका ५ लाख मजदुरहरूले शानदार हडताल गर्दा विश्वका तमाम कम्युनिस्ट पार्टी र मजदुर सङ्घहरूले विश्व मजदुर वर्गको एक अंश फ्रान्सिसी मजदुरहरूलाई सहायताको निम्ति यथासक्य चन्दा दिए । यी सबै कुराहरूले विश्व मजदुर वर्गको एकतालाई सावित गर्दछ । यसबाट यही प्रमाणित हुन्छ कि विश्वमा मजदुर राज कायम हुने बेला नजिक आइसक्यो ।


मजदुर वर्गको यस्तो बढ्दो एकता र विशाल ताकतलाई देखेर विश्वका पुँजीवादी र साम्राज्यवादीहरूले विश्वशान्तिका निम्ति सही गरिएको पोस्टडम र याल्टा सन्धिहरूलाई रद्दीको टोकरीमा फ्याँकी तृतीय विश्व युद्धको रचनाका निम्ति घोडदौड गरिरहेका छन् । सोभियत सङ्घ र नव प्रजातन्त्रहरूको (आजाद चीन पनि) चारैतिर साम्राज्यवादीहरूले फौजी अड्डा कायम गरिसके । हाम्रो प्यारो मातृभूमि नेपालको बक्षस्थल पनि तिनै फौजी अड्डामध्ये एक हुन जान्छ भन्ने कुरा १९४७ नोभेम्बर ७ तारिखका दिन बेलायत, भारत र नेपाल सरकारहरूका बीचमा भएको सन्धिले स्पष्ट झल्काउँदछ । सन्धिका सर्तहरूमध्ये एउटा यस प्रकारको छ- ‘ब्रिटिश फौजी अधिकारीहरूले गोरखपुर र घूमका मौजुदा भारतीय सैनिक केन्द्रहरू त्यस बेलासम्म चालु गर्न सक्दछन् जबसम्म भारतमा अन्यत्र कहीँ अथवा नेपालमा नै ब्रिटिश फौजको निम्ति गोर्खा दस्ताहरू भर्ना गर्ने ठाउँ बन्नेछैन भन्ने कुरामा भारत सरकार राजी भएको छ ।’

आज विश्वका प्रतिक्रियावादीहरू आपस्तको वैमनस्यमा पर्दा लाउँदै जन शक्तिसँग मोर्चा लिन अग्रसर भइरहेका छन् । यस निम्ति एटलान्टिक, प्रशान्त र मिडिटेरियन प्रदेशीय सम्झौताको कुरा जोडतोडसँग चलिरहेको छ । एटलान्टिक सम्झौतामा त सही गर्ने पनि निधो भइसकेको छ । (सही पनि भै सक्यो) । सोवियत विरोधी अड्डा बर्लिनबाट उठेर हिटलर खतम भएको हुनाले टुम्यानले वासिङ्गटनबाट सञ्चालन गर्दैछन् । म यहाँनिर मिस्टर टुम्यानलाई एकाध कुरा ध्यान दिलाउन चाहन्छु । मि. टुम्यानलाई राम्ररी याद होला (१) युरोपमा कम्युनिजमलाई दबाउन मात्र होइन, जरै उखालेर फ्याँक्नको निम्ति प्रतिक्रियावादीहरूको सर्वप्रथम गुट जारको नेतृत्वमा यो घोषणापत्र निक्लँदा ननिक्लँदै कायम भएको थियो । कम्युनिज्मको जरा उखालेर फ्याँक्नुको सट्टा नेता महाशय ! जारको ताकत नै कम्युनिज्मले उल्ट्याइदियो । (२) हिटलर र मुसोलिनीको नेतृत्वमा खडा भएको कम्युनिस्ट विरोधी सम्झौता (एन्टि कोमिन्टर्न प्याक्ट) र खुद ती दुवैको सोही गति भइसक्यो । (३) एशियामा च्याङ्काई शेकको सत्ता पल्टिसक्यो ! (४) अब टुम्यानको पालो आएको छ ।

यसरी आज हामी देख्दछौँ- आज यो संसार दुई विरोधी वर्ग खेमामा विभक्त भएको छ : एक वर्ग खेमा पुँजीपति जसको नेता अमेरिकाका धनीहरू छन्, जो खालि शोषणको आधारमा मात्र जीवित रहन सक्दछन् । अर्को वर्ग मजदुर वर्ग हुन्, जो मानिसले मानिसमाथि गर्ने सबै प्रकारको शोषणलाई खतम गरेर समाजवाद र साम्यवादको बाटोतिर लाग्दछन् । यस मजदुर वर्गको नेता समाजवादी शोभियत सङ्घ छ । यसको मतलब यो हुन्छ कि वर्ग सङ्घर्ष (पुँजीपति र मजदुरको) एक कारखाना, टोल, जिल्ला, प्रान्त, राष्ट्र र महाद्वीपको अवस्थालाई पार गरेर संसारव्यापी रूपमा खडा हुन आएको छ । याद रहोस्, पुँजीपति र मजदुर वर्गको वर्ग सङ्घर्षमा हरहमेशा मजदुरको नै विजय भएर आएको छ । अतयवः यस सन्सारव्यापी रूपमा हुने वर्ग सङ्घर्षमा पनि मजदुर वर्गको नै विजय हुनेछ । यस निम्ति विश्वका कम्युनिस्ट पार्टीहरूले, समाजवादका निम्ति लड्नेहरूले एटलान्टिक सम्झौताको मुहतोड जवाफ दिँदै मजदुर वर्गको स्वार्थलाई ध्यानमा राखेर घोषणा गरे- यदि सोभियत सङ्घको लालफौज साम्राज्यवादी फौजलाई लखेट्दै हाम्रो आफ्नो देशमा आइपुगे भने हामीले देशी र विदेशी साम्राज्यवादी र प्रतिक्रियावादीहरूलाई खतम गर्नको निम्ति लालफौजलाई स्वागत गर्नेछौँ । द्वितीय विश्वयुद्धमा फासिस्ट हिटलरी फौजलाई लखेट्दै आउँदा दक्षिण पूर्वी र मध्य युरोपका देशहरूले यसै गरेका थिए । यो विश्व मजदुर वर्गको एकताको चरम सीमाको प्रत्यक्ष प्रमाण हो, अतयवः विजय हाम्रो निश्चित छ ।

आज विश्वमा जताततै एक प्रश्न खडा छ- कतापट्टि ? समाजवादी सोभियत सङ्घपट्टि कि साम्राज्यवादी अमेरिकापट्टि ? अर्थात् मजदुर वर्गपट्टि कि पूजिपति वर्गपट्टि ? हाम्रो देशमा पनि यही प्रश्न खडा छ । यस प्रश्नको उत्तर राणा सरकारले मात्र होइन सम्पूर्ण नेपाली कांग्रेसहरूले पनि साफ शब्दमा व्यक्त गरिसके कि उनीहरू मजदुर वर्गका विरुद्ध खडा भएको मोर्चा अमेरिकन साम्राज्यवादपट्टि छन् । यसै निम्ति उनीहरूको नेपालमा साम्राज्यवादी फौजी अड्डा कायम गर्न सुविधा दिने र मलायामा नेपाली फौज लैजानमा अङ्ग्रेजी साम्राज्यवादपट्टि लाग्ने नेहरू सरकारको विश्वासघाती नीतिको पोल नखोली झन् उल्टो उनै नेहरूको मुख ताकिरहेका छन् र तारिफको पुल बाँधिरहेका छन् । यसरी नेपाल राष्ट्रले स्वतन्त्रता प्राप्त गर्न सक्दैन । यसले केवल राणाले थिचिरोखेका तर आम नेपाली जनतालाई शोषण गरिरहेका, केवल एकाध सय पुँजीपति र जमिन्दारहरूलाई अर्कै तरिकाले नेपाली जनताको शोषण गर्ने स्वतन्त्रता मात्र दिन्छ । सच्चा स्वतन्त्रताको निम्ति यस संसारव्यापी वर्ग सङ्घर्षमा कम्मर कसेर भाग लिनु पर्दछ । यद्यपि आज यस विभाजनको रूप नेपालमा शुक्ष्म रूपले देखा परेको छ, तापनि नेपालको मजदुर वर्गले आफ्नो पक्का मित्र सोभियत रुस हो भनी चिनिसकेको छ । अन्तर्राष्ट्रिय मजदुर वर्गको हथौडा, हँसिया र पाँच कुने तारा अंकित भएको लाल झन्डालाई नेपालको विराटनगरका लडाकू मजदुरहरूले सन् ४७ को शुरुमा नै उठाइसकेका छन् । यद्यपि नेपालको भावी र अन्तिम शासक वर्ग मजदुर वर्ग आज सङ्ख्यामा कम छ तापनि भोलि यसको सङ्ख्या निश्चय नै बढ्ने छ । यस्तै मजदुर वर्गले नेपालको जनमुक्ति आन्दोलनलाई सही तरिकाले नेतृत्व गर्नेछ । हामीले देख्यौँ विराटनगरको हडतालको समाचार पाउनेबित्तिकै काठमाडौँमा राणाको गढमा, पनि हडतालको लहर फैलियो । बिजुली अड्डाका कालीगड, टकसारका कालीगड, ब्याङ्कका हुलाकी र अस्पतालका स्टाफहरूले हडताल गरे । अस्पतालको हडताल अधिकारी वर्गको जालसाजी र स्टाफहरूमा पनि सङ्गठनको कमीले गर्दा सफल हुन सकेन । त्यसो भए तापनि उनीहरूका मागहरूमध्ये धेरैजसो हासिल भयो । विराटनगर मजदुर हडतालको खबरले उत्साहित भएर नेपालगञ्जका किसानहरू पनि राणा र जमिन्दार दुवैलाई खतम गर्न मैदानमा उत्रे । त्यस साल सरकारले खास गरेर मालपोत उठाउनै सकेन ।

यी दुवै कुराहरूबाट यो स्पष्ट झल्कन्छ कि नेपाली जनताको दुस्मन केबल नेपाली सामन्त राणा मात्र होइन । वास्तवमा यी सामन्त राणालाई आड, भरोसा र टेवा दिने भारतीय पुँजीपति र विश्व प्रतिक्रियावादीहरूको नेता एङ्ल-अमेरिकन साम्राज्यवाद पनि हुन् । यस कुरालाई मञ्जुर गर्न हाम्रा नेपाली कांग्रेसहरू अस्वीकार मात्र गर्दैनन्, खुल्लम खुल्ला मजदुर वर्गको विरोध पनि गर्दछन् । यस विषयमा म के भनुँ ? केवल नेपालमा अत्यन्त प्रचलित भएको एउटा उखान मात्र भनेर टुंग्याउँदछु ‘कस्ता कस्ता कहाँ गए मुसाको छोरा देवान’ (मन्त्री) !



***आज यो संसार दुई विरोधी वर्ग खेमामा विभक्त भएको छ : एक वर्ग खेमा पुँजीपति जसको नेता अमेरिकाका धनीहरू छन्, जो खालि शोषणको आधारमा मात्र जीवित रहन सक्दछन् । अर्को वर्ग मजदुर वर्ग हुन्, जो मानिसले मानिसमाथि गर्ने सबै प्रकारको शोषणलाई खतम गरेर समाजवाद र साम्यवादको बाटोतिर लाग्दछन् । यस मजदुर वर्गको नेता समाजवादी शोभियत सङ्घ छ ।***

### घोषणापत्रको पृष्ठभूमि

कम्युनिस्ट घोषणापत्र मार्क्स र एङ्गेल्सले आआफ्नो जीवनको एकदम प्रारम्भिक अवस्थामा नै लेखेका हुन् । जुन

## कम्युनिस्ट घोषणापत्र...

विचारहरू उनीहरूले यस घोषणापत्रमा व्यक्त गरे, तिनैलाई पछि गएर आफ्ना ठूला ठूला ग्रन्थहरूमा ज्यादै विकसित गरे र ती विचारहरूको सत्यतालाई पुष्टि गर्नको निम्ति प्रमाणहरू दिई दिईकन साबित गरे । ती विचारहरूले केवल मजदुर सङ्घर्षलाई मात्र बाटो देखाएको होइन, विश्वको बौद्धिक जीवनमा पनि नयाँ बाटो देखाएको छ ।

यहाँ एउटा सवाल उठ्दछ । के ती विचारहरू मार्क्स र एङ्गेल्सले आफ्नै दिमागबाट 'खोदी' निकालेका हुन् ? यसको उत्तर यो छ- 'प्रत्येक नयाँ र क्रान्तिकारी विचारधाराको उत्पत्ति त्यस समयको समाजको आर्थिक परिस्थितिबाट पैदा हुन्छ । त्यसको आधार पहिलेका सबै विचारहरू र सिद्धान्तहरूको त्यस बखतसम्मको विकास हुन्छ ।'

यो विचार मार्क्स र एङ्गेल्सकै शिक्षाहरूको एउटा अङ्ग हो । १८८८ मा कम्युनिस्ट घोषणापत्रको अङ्ग्रेजी संस्करणको प्रस्तावना लेख्दा एङ्गेल्सले त्यसैमा लेखेका छन् । यसकारण घोषणापत्र राम्ररी बुझ्नको निम्ति यसै नियमलाई हामीले पालना गर्नुपर्दछ । हामीले विचार गर्नुपर्दछ कि घोषणापत्र लेख्दा समाजका अवस्था र परिस्थितिहरू के कस्ता थिए ? अनि मात्र पाठकहरूले यस कम्युनिस्ट घोषणापत्रको ऐतिहासिक पृष्ठभूमि र त्यस समयको परिस्थितिसँग यसको सङ्घर्षलाई राम्ररी बुझ्नु हुनेछ ।

### युरोपका दुई प्रमुख घटनाहरू

युरोपमा अठारौँ शताब्दीको उत्तरार्द्धमा दुईवटा अत्यन्त महत्वपूर्ण घटनाहरू घटेका थिए : पहिलो घटना बेलायतको औद्योगिक क्रान्ति र दोस्रो घटना फ्रान्सको राज्य क्रान्ति । यो कुरा ठीक हो कि यी घटनाहरू घट्दा मार्क्स र एङ्गेल्स या त जन्मेकै थिएनन्, या दुधे बालक थिए होलान् । कार्ल मार्क्स १८१८ मई ५ मा र एङ्गेल्स १८२० नोभेम्बर २८ मा जन्मेका हुन् । तर यी दुवै घटनाहरूको महत्व सम्झनु बिलकुलै जरुरी छ । किनभने १८३० र ३१ का घटनाहरूले यी दुई व्यक्तिहरूमा कस्तो जबरजस्त प्रभाव पारेको रहेछ भन्ने कुरा यी दुई घटनाहरूको महत्व नबुझिकन हामी थाहा पाउन सक्दैनौँ ।

### १. बेलायतको औद्योगिक क्रान्ति

बेलायतको औद्योगिक क्रान्तिको बिऊ १७६० तिर नै छरिएको थियो । तर यो फल्न फुल्नलाई धेरै समय लाग्यो । अठारौँ शताब्दिको अन्तसम्म यो राम्ररी हुर्क्यो र १८३० मा पूरा भयो । त्यसैबेला अर्थात् अठारौँ शताब्दीको उत्तरार्द्धमा बेलायतमा पुँजीपतिहरूको उदय भयो । यही लामो परिवर्तन काललाई एङ्गेल्सले 'औद्योगिक क्रान्ति' को नाम दिए । आफ्नो ज्यालामा जीवन निर्वाह गर्ने श्रमजीवी वर्गको जन्म पनि त्यसैबेला बेलायतमा भयो ।

उद्योग धन्दाको वैयक्तिक स्वरूप पुँजीवादी उत्पादन पद्धतिको प्रतियोगिता (हानथाप) ले गर्दा पहिले नै नष्ट भैसकेको थियो । मालको उत्पादन मिस्त्रीहरूको घरघरमा हुन्थ्यो । मिस्त्रीहरूको रेखदेखमा उनीहरूको नोकर र नयाँ सिकारुहरूले मालमता तयार गर्दथे । कच्चा मालको र उत्पादनका सबै साधनहरूको मालिक र अधिपति यिनै मिस्त्रीहरू हुन्थे । बेलायतमा त्यसबेला दस्तकारी उत्पादन प्रणाली प्रचलित थियो । यस प्रणालीका मुख्य विशेषता यिनै निम्न लिखित हुन् :-

१. उत्पादनका साधनहरू ज्यादै सरल हुन्थे । यी साधनहरू हातैले चलाइन्थे ।
२. उत्पादनका साधनहरूका मालिक पुँजीपति हुन्थे । पुँजीपतिले आफूकहाँ डेढ दुई सय मजदुरहरूलाई नोकर राखेर ती साधनहरूद्वारा काम गराउँदथे ।
३. कच्चा माल पुँजीपतिको भएको हुनाले, तयार भएका मालहरूमा मजदुरहरूको कुनै किसिमको पनि हक हुँदैनथ्यो । मजदुरहरू पुँजीपतिको नोकर शिवाय अरू केही पनि हुँदैनथे । मजदुरहरू केवल तोकिएको ज्याला मात्र पाउँदथे ।
४. कारखानामा धेरै मजदुरहरू काम गर्दथे । यसै कारण काम श्रम विभाजनको आधारमा हुन्थ्यो ।

छोटकरीमा हामी यस्तो भन्न सक्दछौँ । दस्तकारी प्रणालीमा लगभग सबै पुँजीवादी प्रणालीको विशेषता थियो । तर कति भने पुँजीवादी व्यवस्थामा कलपूर्जाहरू हुन्छन्, तर दस्तकारी प्रणाली कलपूर्जाहरू थिएनन् । सबै हातले चलाइने साधनहरूमात्र थिए । हालको मजदुरवर्गको जन्म पनि त्यसै बेला भएको हो । यसको साथसाथै मजदुरमाथि हुने पुँजीवादी शोषण व्यवस्थाको पनि जन्म भयो । दस्तकारी प्रणालीको शोषण हालको भन्दा पनि ज्यादै नराम्रो थियो ।

सन् १७०० देखि उत्पादनका साधनहरूको अलि अलि उन्नति हुन थाल्यो । उत्पादनका पुराना साधनहरूको सट्टामा कलपूर्जाहरू आउन थाले । कपडाको उद्योगबाट कलपूर्जाहरूको आविष्कार भयो । त्यसबेला कपडाको उद्योग नै सबभन्दा प्रमुख थियो । नयाँ नयाँ कलपूर्जाहरूको आविष्कारले सूत कात्ने र कपडा बुन्ने साधनहरूमा क्रान्तिकारी परिवर्तन गरिदियो । यी आविष्कारहरूको वर्णन यहाँ गरिरहनु उत्तिको आवश्यक छैन । १७८० मा सूत काट्ने स्पिनिङ जेनी र यान्त्रिक चर्खाहरू आविष्कार गरे । १७८५ मा जेम्स वाटले वाष्पको इञ्जिन (स्टीम इञ्जिन) को आविष्कार गरे । त्यसपछि भापका इञ्जिनलाई अरू उद्योग धन्दातिर पनि लगाउने कोशिश भयो । तर तत्कालै यसमा सफलता प्राप्त भएन । विस्तारै विस्तारै उद्योग धन्दामा कलपूर्जाहरू (मेशिनहरू) को उन्नति हुँदै गयो । पछि तमाम उत्पादन व्यवस्थामा नै परिवर्तन भयो । यसै निम्ति १७६० देखि १८३० सम्मको समयलाई औद्योगिक क्रान्तिकाल भनिन्छ ।

यी सत्तरी वर्षहरूमा कारखानामा नयाँ नयाँ यन्त्रहरूका साथसाथै उत्पादनका साधनहरूको पनि केन्द्रीयकरण हुँदै गयो । सानासाना कारखानाहरूको उद्योग धन्दा नाशिँदै गए । कताइ र बुनाइका साना तिना पसलहरूमा एक एक गरेर लोप भए ! सानासाना दस्तकारहरू तबाह भए । ज्यालामा निर्भर रही गरिखाने मजदुहरूको सङ्ख्या बढ्न थाल्यो । यसरी १६ औँ र १७ औँ शताब्दीको पुरानो मजदुर वर्ग लोप भयो । १८ औँ शताब्दीको अन्तदेखि १९ औँ शताब्दीको शुरुसम्मा विस्तृत मजदुर वर्गको जन्म भयो । औद्योगिक क्रान्तिले यस मजदुर वर्गलाई एकीकृत र केन्द्रीकरण गर्‍यो । अर्थात् मजदुरहरूलाई ठूलठूलो फ्याक्टरीहरूमा काम गर्नुपर्ने हुनाले फ्याक्टरीहरूमै धेरैको झुण्ड भई एकैसाथ बस्नुपर्‍यो । त्यतिखेर सानातिना उद्योगधन्दाहरू धमाधम लोप हुन लागेका थिए । दस्तकारहरूको स्वतन्त्र पेशा खतम भैसकेको थियो । दस्तकारहरू पुँजीपतिहरूको 'जी हजुरी' गर्न लागेका थिए । आफ्नो सुविस्ता र नाफा आउने बाटो देख्नेवित्तिकै यी पुँजीपतिहरूले आफ्नो कारखानाबाट हजारौँको सङ्ख्यामा मजदुरहरूलाई निकाली दिन्थे । बिचराहरूलाई भोकभोकै मर्न कर लाग्थ्यो । यस अन्यायको विरुद्ध लड्नलाई मजदुर वर्ग कम्मर कसिरहेको थियो । आखिरमा विद्रोह पनि गर्‍यो । त्यसबेला मजदुरहरूको रिस नै नयाँ मेशीनहरूसँग थियो । किनकी उनीहरूको निम्ति मेशीनहरू नै नयाँ उत्पादन व्यवस्थाका प्रतिक थिए । यस कारण १९ औँ शताब्दीको शुरुमा मजदुरहरूले जे जति विद्रोह गरे, ती सबमा उनीहरूले आफ्नो रिस मेशीनहरूमाथि पोखे । रिसले चूर भएर मेशीनहरू बिगार्दथे, कारखानामा आगो लगाइदिन्थे । यस किसिमका धेरै विद्रोह १८१५ मा बेलायतमा भए । यहाँ बेलातिर अर्थात् १८१३ मा यान्त्रिक प्रयोग शुरु भयो । बिस्तारै बिस्तारै यो तोडफोड आन्दोलन बढ्दै गयो । पछि यसैले संगठित रूप धारण गर्‍यो । इतिहासमा यो आन्दोलन लुडाइट आन्दोलनको नामले प्रसिद्ध छ । यस आन्दोलनलाई राजसत्ताधारीहरूले अत्यन्त निर्ममता र निरङ्कुशताका साथ दबाए । मेशिन बिगार्नेहरूलाई ज्यान सजाय दिए । अरू पनि कैयौँलाई फाँसीमा लट्काए ।

मजदुर आन्दोलनको यो पहिलो पाइला थियो । यसपछि मजदुरहरूमा वर्ग चेतना बढ्यो । उनीहरूको अन्दोलनको रूप पनि बदलियो । उनीहरूको दु:ख कष्ट र गरिबीको कारण कलपूर्जाहरू होइनन्, मेशीनहरूको निजी स्वामित्व अर्थात् पुँजीवादी व्यवस्था हो भन्ने कुरा मजदुरहरूले सम्झन थाले । मजदुर आन्दोलनले यो नयाँ रुख लिएको, हामी बेलायतको चार्टिस्ट आन्दोलनबाट थाहा पाउन सक्दछौँ । तर चार्टिस्ट आन्दोलनको बारेमा केही भन्नु भन्दा पहिले फ्रान्सिसी क्रान्तिको बारेमा दुई चार शब्दहरू भन्नु आवश्यक छ ।

***१८१५ मा नेपोलियन हारे । बर्बोन १७ औँ लुई फ्रान्सका बादशाह भए । प्राचीन सामन्तवादी व्यवस्थालाई फेरि कायम गर्नको निम्ति १५ वर्षसम्म अरू कोशीष भयो । यस समयमा जमिन्दार हरूलाई विशेष सुविधा दिइएको थियो । किसानहरूबाट खेतहरू फिर्ता लिनु त असम्भव थिए । यसै निम्ति जमिन्दारहरूलाई १ करोड फ्रांक (फ्रान्सको रूपैया) हर्जाना दिइयो । गत क्रान्तिको फलस्वरूप पुँजीपति वर्गले जुन अधिकारहरू पाएको थियो, सो सबै खतम गरिदिए ।***

### २. फ्रान्सिसी क्रान्ति

फ्रान्सिसी क्रान्ति १७८९ मा शुरु भएको थियो । १७९३ मा यसले एकदम उग्ररूप धारण गर्‍यो । क्रान्ति एकदम चरम सीममा पुग्यो । तर १७९४ देखि नै यसको शक्ति क्षीण हुँदै गयो । १७९९ मा नेपोलियनले फ्रान्समा आफ्नो फौजी तानाशाही कायम गरे र क्रान्तिको शक्तिलाई नष्ट गरिदिए । १८ औँ शताब्दिसम्म फ्रान्समा एकदम निरंकुश राजतन्त्र थियो । यो शासन व्यवस्था हिन्दुस्तानको मुगल बादशाहको र नेपालको राणाशाहीको शासन व्यवस्था जस्तै थियो । फ्रान्सको राजतन्त्र वास्तवमा धनीमानी (ठूलाठालू) र पादरीहरूको हातमा थियो । यी वर्गहरूले आफ्ना केही अधिकारहरू पुँजीपति वर्गलाई दिएका थिए, तर किसान, दस्तकार र सानातिना पसलेहरूलाई कुनै पनि सामाजिक अधिकार थिएन । यसकारण उनीहरूले एउटा क्रान्तिकारी आन्दोलन शुरु गरे । यस आन्दोलनले गर्दा जनतालाई केही अधिकार दिन राजालाई करै लाग्यो । (जोड अनु। पुष्पको) फ्रान्समा जनताको धारा-सभाको जग बस्यो । शहरमा गरिब, सम्पत्ति नभएका र धनी, अधिकारी वर्गको बीचमा जुन सङ्घर्ष थियो, त्यसमा क्रान्तिकारी मध्यम वर्ग र पेरिसका मजदुरहरूको विजय भयो । राजसत्ता उनीहरूको हातमा आयो । वास्तवमा सत्ता जेकोविन्सको हातमा थियो । रोव्सपीयर, मरांत र दान्तन त्यसका नेता थिए । दुई वर्षसम्म पेरिसमा क्रान्तिकारी जनताले राज गरे । क्रान्तिकारी पेरिस क्रान्तिको अगुवा बन्यो । जेकोविच मध्यम वर्गको पार्टी थियो । उनीहरूले सामन्तवादी सत्तालाई खतम गर्ने सङ्कल्प गरे । उनीहरू निजी सम्पत्तिको अधिकारलाई पूर्ण रूपमा विकसित गर्न दिने एउटा राजनीतिक व्यवस्था गर्न चाहन्थे । यसकारण उनीहरूलाई सामन्तवादी सत्ताको विरुद्ध, धनी मानिसहरूको विरुद्ध (राणाहरू जस्ता अनु. पुष्प) र फ्रान्समा बारबार आक्रमण गरिरहने पूर्वी युरोपका देशहरूका विरुद्ध लड्नु पर्‍यो रोव्सपीयर, मरांत र दान्तनहरूले यस लडाइँमा आफ्नो अपूर्व कौशलको परिचय दिए । युरोपका सानातिना रियासतहरूका विरुद्ध एउटा क्रान्तिकारी आन्दोलन शुरु गरे । धनी मानिसहरूको विरुद्ध तमाम जनतालाई उठाउनको निम्ति उनीहरूले यो नारा लगाए :- **आफ्नो झुपडीको रक्षाका निम्ति महलहरू नष्ट गर !** झन्डामा चाहिँ उनीहरूले 'स्वतन्त्रता, समानता र भातृत्व' भन्ने नाराहरू लेखेका थिए ।

फ्रान्सिसी क्रान्तिको विजय पहिलो राइन प्रान्तमा भयो । जेकोविन्सको सङ्घ पनि सर्वप्रथम त्यही प्रान्तमा स्थापित भएको हो । १९ औँ शताब्दीको शुरुमा यस प्रान्तमा फ्रान्सिसी क्रान्तिको ठूलो असर परेको थियो । फ्रान्सिसी क्रान्तिको असर परम्परागत राइन प्रान्तका नवयुवकहरूमा पर्नु स्वाभाविकै हो । पछि फ्रान्सिसी क्रान्तिको असर युरोपभर फैलियो । बेलायतको मजदुर आन्दोलन पनि यसबाट अलग रहन सकेन । मजदुर आन्दोलनको पहिलो रूप लुडाइट तरिकाको सट्टामा एकदम संगठित र क्रान्तिकारी आन्दोलनमा देखापर्‍यो । यस आन्दोलनका मुख्य मागहरू यिनै हुन् : १) सभा गर्ने, २) सङ्गठन गर्ने, ३) प्रेस स्वतन्त्रता (छाप्ने आजादी) दिइयोस् । १८१७ मा यस आन्दोलनले क्रान्तिकारी रूप धारण गर्‍यो । यसको नतिजा १८१९ मा मैनचेस्टर हत्याकाण्ड भयो । यस हत्याकाण्डमा मजदुरको जुलूसमाथि गोली चल्यो । मजदुरहरूलाई दबाउनको निम्ति ६ वटा नयाँ कानूनहरू बने । यस घटनाले गर्दा क्रान्तिकारी आन्दोलन झन् बलियो र तीव्र हुँदै गयो । आखिरमा, १७२५ मा बेलायतको पार्लियामेण्टले मजदुरहरूको सङ्गठन सम्बन्धी हकहरू स्वीकार गर्नु नै पर्‍यो । यस नयाँ कानूनद्वारा मजदुरहरूलाई संगठित हुने अधिकार मिल्यो । बेलायतका मजदुरहरूको यो एउटा ठूलो विजय थियो । १८१५-२५ का यिनै वर्षको बीचमा बेलायतमा ट्रेड युनियन (मजदुर सभा) आन्दोलनको जग बस्यो । मताधिकार आन्दोलन चलाउनको निम्ति मजदुरहरूको सङ्गठन पनि यही समयमा कायम भयो ।

### १८३० को जुलाई क्रान्ति

१८१५ मा नेपोलियन हारे । बर्बोन १७ औँ लुई फ्रान्सका बादशाह भए । प्राचीन सामन्तवादी व्यवस्थालाई फेरि कायम गर्नको निम्ति १५ वर्षसम्म अरू कोशीष भयो । यस समयमा जमिन्दारहरूलाई विशेष सुविधा दिइएको थियो । किसानहरूबाट खेतहरू फिर्ता लिनु त असम्भव थिए । यसै निम्ति जमिन्दारहरूलाई १ करोड फ्रांक (फ्रान्सको रूपैया) हर्जाना दिइयो । गत क्रान्तिको फलस्वरूप पुँजीपति वर्गले जुन अधिकारहरू पाएको थियो, सो सबै खतम गरिदिए । यी सबै कुराहरूले गर्दा फ्रान्सको धारा सभा दुई दलमा बाँडियो । टोरीदल पुराना जमिन्दारहरूको प्रतिनिधित्व गर्दथ्यो । उदारदल चाँही नयाँ प्रगतिशील पुँजीपति वर्गलाई प्रतिनिधित्व गर्दथ्यो । यी दुवै दलको बीचमा घनघोर विरोध थियो । यही विरोधको फलस्वरूप १८३० को जुलाई क्रान्ति भयो । यस क्रान्तिमा पुँजीपति वर्गको पूर्ण विजय भयो । पुँजीवादी व्यापार र उद्योग धन्दालाई विकासको निम्ति पूर्ण सुविधा दिने नयाँ वादशाहको राज्याभिषेक भयो । फ्रान्समा वैधानिक राजतन्त्र स्थापना भयो ।

### चार्टिस्ट आन्दोलन

फ्रान्सको जुलाई क्रान्तिको असर बेलायतमा पर्‍यो । बेलायतमा मताधिकार आन्दोलनको जोड बढ्दै गयो । लवेट र अरूहरूले मजदुर वर्गका मागहरू पेस गरे । मजदुरहरूको स्वतन्त्र पार्टी कायम गर्ने चेष्टा गरे । त्यस जमानामा बेलायतमा खालि पुँजीपतिहरूको मात्र पार्टी थियो । मजदुरहरूको एउटा पनि स्वतन्त्र पार्टी थिएन । यस नयाँ मजदुर पार्टीले पनि पुँजीवादी समाज व्यवस्थाको विरुद्ध आफ्ना आर्थिक उद्देश्यहरू छर्लङ्ग राखेन । लवेट र उनका साथीहरूले मजुरहरूका तमाम मागहरू एक चार्टर (मागपत्र) मा लेखे । यस कारण यस आन्दोलनलाई



चार्टिस्ट आन्दोलन भनेको हो । यस आन्दोलनका मागहरू निम्न लिखित हुन् :

१. प्रत्येक बालिग (एक्काइस वर्ष उमेरका) मानिसहरूलाई भोट (मत) दिने अधिकार हुनु पर्दछ ।
२. गुप्त भोटको व्यवस्था होस् ।
३. पार्लियामेण्ट (धारा सभा) को वर्षेनी चुनाव होस् ।
४. पार्लियामेण्टको सदस्यहरूलाई तलब दिइयोस् ।
५. पार्लियामेण्टका सदस्य हुनका निम्ति कुनै किसिमको सम्पत्ति हुनुपर्छ भन्ने नहोस् । अर्थात् रोजिमा जो पनि पार्लियामेण्टका सदस्य हुन पाउन् ।
६. चुनाव क्षेत्रको विभाजन बराबर होस् । सबै ठाउँमा एक प्रकारले चुनाव होस् ।

चार्टिष्ट आन्दोलन १८३७ मा शुरु भएको थियो र पाँच वर्षसम्म चल्यो ।

### मजदुर क्रान्तिकारी आन्दोलनको शुरुआत

फ्रान्सको जुलाई क्रान्तिले गर्दा पुँजीपति वर्गले धन कुम्ल्याउने बाटो पुरा तबरले पायो । पुँजीपतिको बाटोको काँडा साफ भयो । फलस्वरूप पुँजीपति वर्गले मजदुर वर्गमाथि तुरुन्त हमला गर्‍यो । १८३४ मा रेशम उद्योगको केन्द्र लियोन शहरमा मजदुरहरूले विद्रोह गरे । धेरै दिनसम्म मजदुरहरूले त्यस शहरलाई आफ्नो कब्जामा राखे । विद्रोहमा मजदुरहरूले कुनै पनि राजनीतिक मागहरू राखेका थिएनन् । विद्रोहको झन्डामा यो लेखिएको थियो- 'काम गर्दागर्दै जीवित रहूँ, लड्दालड्दै मरी जाऊँ ।' आखिरमा विदोह असफल भयो । तर १८३४ मा फेरि अर्को विद्रोह भयो । यो पनि पहिलेको जस्तै थियो । लियोन शहरका मजदुरहरूको लडाइँ सिङ्गो पुँजीवादी व्यवस्थाको विरुद्ध थिएन । उनीहरूको यो लडाइँ वैयक्तिक पुँजीपतिहरू र उनीहरूको निरङ्कुश शोषणको विरुद्ध मात्र थियो ।

संक्षेपमा हामी यो भन्न सक्दछौँ कि १८३०-४० सम्मको बीचमा बेलायत र फ्रान्समा एउटा नयाँ क्रान्तिकारी मजदुर वर्ग उत्पन्न भयो । यस मजदुर वर्गको सङ्गठनले बेलायतमा क्रान्तिकारी रूप धारण गर्‍यो । फ्रान्समा पनि लियोन विद्रोहपछि मजदुर वर्गले क्रान्तिकारी सङ्गठन शुरु गरे । यस आन्दोलनको नेता अगस्ट ब्लाँकी थिए । ब्लाँकी (१८०५-८९) ले जुलाई क्रान्तिमा पनि भाग लिएका थिए । लियोनको विद्रोहले प्रेरित भएर उनले पेरिसमा मजदुरहरूको क्रान्तिकारी सङ्घलाई फेरि संगठित गरे । १८३९ मा ब्लाँकी र उनका साथीहरूले पेरिसमा एउटा विद्रोह मच्चाए । यस विद्रोहको उद्देश्य सरकार दखल गरी मजदुर वर्गको भलाइको निम्ति ऐन कानून बनाउने थियो । यो विद्रोह सफल भएन । यस क्रान्तिमा भाग लिनेहरूमध्ये धेरै क्रान्तिकारीहरूले पेरिस छोडी भाग्नुपर्‍यो । पेरिसबाट भागेर उनीहरू लण्डनमा गए । त्यहाँ १८४० मा उनीहरूले एउटा मजदुर शिक्षण सङ्घ खडा गरे ।

मार्क्स र एङ्गेल्सको जन्म जर्मनीको राइन प्रान्तमा भएको थियो । उनीहरूको बाल्यावस्था र युवावस्था दुवै यसै प्रान्तमा बितेका थिए । जर्मनीको यो प्रान्त फ्रान्सको साँधबाट बिलकुल नजिक पर्दथ्यो । फ्रान्सिसी क्रान्तिको असर यहाँ खुबै परेको थियो भनी माथि पनि भनिसकेको छु, यस प्रान्तमा क्रान्तिकारी आन्दोलनले जोड पक्डेको अर्को पनि एउटा कारण छ । १८९५ मा नेपोलियन हारेपछि यो प्रान्त प्रुसिया (जर्मनी) को कब्जामा पर्न गयो । त्यसबेलासम्म जर्मनी एउटा सुसङ्गठित राष्ट्र बनिसकेको थिएन । त्यो धरै नै सानासाना राज्यमा बाँडिएको थियो । तमाम राजनीतिक सत्ता यिनै राज्य शोषकहरूको हातमा थियो । पुँजीपति वर्गको हातमा त्यसबेलासम्म राष्ट्रको शक्ति आएको थिएन । ती सबै सानासाना राज्यहरूमा बिलकुल निरंकुश राजतन्त्रको शासन थियो । राइन प्रान्तका जनता फ्रान्सिसी जनतन्त्रवादको वायुमण्डलमा घुमिरहेका थिए । यसैकारणले गर्दा उनीहरूलाई निरंकुश राजतन्त्रको शासन सहीनसक्नु भयो । यही कारण जर्मनीको क्रान्तिकारी आन्दोलन यही प्रान्तबाट श्रीगणेश हुन पुग्यो ।

१८४८ मा मार्क्स एङ्गेल्स क्रमशः ३० र २८ वर्षका भए । फ्रान्सको क्रान्तिकारी साहित्यको असर उनीहरूमा खूब परेको थियो । यही असरले गर्दा उनीहरू रेडिकल डेमोक्रेटस (उग्र जनतन्त्रवादी बनेका थिए । एङ्गेल्स आफूलाई जेकोबिन भन्दथे । १८३९ मा मार्क्सले जेना विश्वविद्यालयबाट डाक्टरको (औषधिको होइन, जुरिप्रुडेनस अर्थात् ऐन कानूनको अध्ययन गरी अन्ततः दर्शनशास्त्रमा विद्यावारिधिको उपाधि हाशिल गरेको अनु. पुष्प) उपाधि पाएका थिए । उग्रवादीहरूको निम्ति त्यसबेला विश्वविद्यालयमा शिक्षक (मास्टर) हुनु बिलकुलै सम्भव थिएन । यही बेला मौकाबस मार्क्स रायनिन्शे जायटुंग (राइन समाचार) को सम्पादक भए । 'राइन समाचार' राइन प्रान्तका व्यापारी र उद्योग धन्दा गर्ने पुँजीपति वर्गको मुखपत्र थियो । पैसाको मद्दत उनीहरूले नै गर्दथे । यसबेला पुँजीपति वर्ग सामन्तवादी राजसत्ताको विरुद्ध लडिरहेका थिए । यसै निम्ति पुँजीपति वर्गले आफ्नो मुखपत्रमा तमाम उग्रवादी नवयुवक लेखकहरूलाई ल्याउने कोशिश गरेका थिए । यस पत्रले मार्क्स र एङ्गेल्सहरू जस्तै धेरै उग्रवादी नवयुवक र लेखकहरूको सहायता र सहयोग पाएको थियो । मार्क्स खास गरेर त्यस समयको प्रचलित सामाजिक र राजनीतिक परिस्थितिहरूमाथि कलम चलाउँथे, तर एङ्गेल्स खास गरेर धार्मिक ढोंगहरूको पोल खोल्दथे । मार्क्सले आफ्नो लेखहरूद्वारा जनताको ध्यान मजदुर वर्गको दु:ख र कष्टको अवस्थातिर आकर्षित गराउँदथे । जमिन्दार र जागिरदार वर्गहरूले जुन अन्याय र अत्याचार किसान र कास्तरहरूमाथि गर्थे, त्यसको लेखरूपी तस्वीर मार्क्सले जनताको सामुन्ने राखिदिए । त्यसो भएको हुनाले राइन प्रान्तका गवर्नर (बडाहाकिम) को आँखा त्यस पत्रमाथि पर्न गयो । प्रुसियाका नोकरशाहीहरूले (नेपालका भाइभारदार जस्ता) मार्क्सलाई 'राइन समाचार' बाट हटाउन माग गरे । मार्क्सले आफ्नो सम्पादकीय काम छोडिदिए । मार्क्सले छोडेपछि पनि यो पत्र सुरक्षित रूपले चल्न सकेन । आखिरमा नोकरशाहहरूले बन्द गराई छोडे । त्यस बेलादेखि मार्क्सको विचारमा पनि परिवर्तन आयो । उनको ध्यान मजदुर वर्गको दु:ख 'तकलीफ' र त्यस बेलाको समाजको आर्थिक व्यवस्थातिर गयो । मार्क्स पेरिस गए । त्यहाँबाट १८४४ मा 'जर्मन-फ्रेन्च इयर बुक' (जर्मन फ्रेन्च बार्षिक पुस्तक) नामक एउटा पत्र चलाए ।

### जर्मनीको सामाजिक व्यवस्था

त्यसबेला जर्मन समाज तीन वर्गमा बाडिएको थियो : १) अमीर-उमरा (राणाशाही जस्तो) २) नोकरशाही ३) पुँजीपति । समाज व्यवस्था सामन्तवादी थियो । निरंकुश राजतन्त्रको शासन थियो । नयाँ उद्योग धन्दाको विकासका निमित पुँजीपति वर्गलाई अमीर उमरा र नोकरशाही दुवै वर्गसँग जबरदस्त मोर्चा लिनुपर्दथ्यो । यिनीहरूसँग टक्कर नलिइकन पुँजीवादी उद्योग धन्दाको विकास र उन्नति बिलकुलै असम्भव थियो । तर जर्मनीको पुँजीपति वर्ग बेलायत र फ्रान्सका जस्ता थिएनन् । उ सामन्तवादसँग कम्मर कसेर लड्न तयार थिएन । फ्रान्स र बेलायतको क्रान्तिमा उसले यो देखेको थियो कि क्रान्तिकारी आन्दोलनले उसको दुस्मन मजदुरवर्गको शक्ति बढ्दछ । यसैकारणले गर्दा उसको क्रान्तिकारी प्रवृत्ति ज्यादै कमजोर थियो । भरसक सामन्तशाहीसँग सम्झौता गरेर ऊ आफ्नो विकासको बाटो अलिकता मात्र भए पनि खोल्न चाहन्थ्यो । सामन्त र ऊ दुवै मिली आम जनतालाई शोषण गरिनै रहने भन्ने उसको विचार थियो । उता जर्मनीको राजशाही वर्ग पनि फ्रान्सिसी र बेलायती क्रान्तिहरूबाट शिक्षा पाएको हुनाले ऊ पनि जर्मनीको पुँजीपति वर्गलाई थोर बहुत सुविधाहरू दिएर क्रान्तिकारी आन्दोलनको बाटो बन्द गर्न चाहन्थ्यो । आज हाम्रो नेपालमा पनि क्रान्ति रोक्नलाई नेपाली कांग्रेसहरू र राणाशाही यही बाटोमा लाग्ने कोशीश गरिरहेका छन् ।

अब मार्क्सको सामुन्ने एउटा प्रश्न आयो : यदि पुँजीपति वर्ग जनतालाई सामन्तशाहीको पञ्जाबाट मुक्त गराउन तयार छैन भने, सो काम फेरि कसले गर्ला ? १८४४ मा मार्क्सले यसको छर्लङ्ग उत्तर पाए । केबल मजदुर वर्गले जनतालाई तमाम शोषण र अत्याचारबाट मुक्त गरी एउटा नयाँ समाजको जग बसाल्ने छ भन्ने कुरा उनले थाहा पाए । जसै मार्क्स र एङ्गेल्सको दिमागमा यी कुराहरू सुझे र विचार गर्दा पनि यही मात्र एउटा बाटो छ भन्ने निर्णयमा पुग्नासाथ मजदुरहरूको सङ्गठन निर्माण शुरु गरे ।

त्यसबेला जो जति मजदुरहरू तयार थिए सो सबै मजदुर सङ्गठनमा दाखिल भए र मजदुरहरूको वास्तविक स्थिति बुझ्ने चेष्टा गर्न थाले ।

### मजदुर शिक्षण सङ्घको जन्म

पेरिसमा ब्लाँकीको क्रान्तिकारी मजदुर सङ्गठनसँग मार्क्सको सम्पर्क भएको थियो । मार्क्सले क्रान्तिकारी आन्दोलनमा भाग लिन शुरु गरिदिए । १८४५ मा मार्क्सलाई उनको क्रान्तिकारी लेख र कारवाहीहरूले गर्दा पेरिसबाट देश निकाला गरिदियो । पेरिसबाट उनी ब्रुसेल्स (बेल्जियमको राजधानी) गए । त्यहाँ मजदुर सङ्गठन र प्रचार कार्य गर्न थाले । ब्रुसेल्स जर्मनी र फ्रान्स दुवै देशहरूको सीमानाको नजिकै पर्दथ्यो । यसकारण त्यहाँबाट गुप्त तरिकाले ती दुवै देशहरूमा साहित्य पठाउन र बाँड्न सजिलो पर्दथ्यो । त्यहाँ मार्क्स र एङ्गेल्सले एउटा 'मजदुर शिक्षण सङ्घ' कायम गरे । यस सङ्घद्वारा सङ्गठन र प्रचारको कार्य अति तीव्र गतिले हुनथाल्यो । सङ्घमार्फत उनीहरूले अन्य देशका क्रान्तिकारी मजदुर सङ्गठनसँग सम्पर्क स्थापित गर्ने कोशिश गरे । लण्डन, पेरिस, जर्मनी र स्विट्जरल्याण्डका मजदुर सङ्घहरूसँग सम्बन्ध पनि कायम गरे । यहीबेला मार्क्स र एङ्गेल्स दुवैले यो विचार गरे कि राष्ट्रिय सङ्गठनले मात्र सच्चा स्वतन्त्रता हासिल गर्न सकिन्न । उनीहरूले यो पनि विचार गरे कि यदि मजदुर आन्दोलनका उद्देश्यहरूमा सफलता नै प्राप्त गर्नु छ भने बिना अन्तर्राष्ट्रिय मजदुर सङ्गठन त्यो हुन सक्दैन । अन्तरराष्ट्रिय मजदुर सङ्घ बनाउनै पर्दछ । यस विधारधारालाई कार्यरूपमा परिणत गर्नको निम्ति देश देशान्तरमा कम्युनिस्ट सङ्गठन कायम गर्नु पर्दथ्यो । त्यसो भएको हुनाले लण्डन, पेरिस र ब्रुसेल्समा कम्युनिस्ट परस्पर सम्बन्ध समिति स्थापित भयो ।

१८४८ को उत्तरार्द्धतिर ब्रुसेल्समा यस्तै किसिमको एउटा केन्द्रीय समिति स्थापित भयो । अरू समितिहरूले यस केन्द्रीय समितिमा आफ्ना कामहरूको रिपोर्टहरू पठाउँथे । यी समितिहरूका धेरैजसो सदस्य मजदुरहरू थिए । एङ्गेल्सले यस्तै किसिमको समिति पेरिसमा खडा गरेका थिए । यसै समितिमार्फत उनले पेरिसका जर्मन मजदुरहरूमा प्रचार र सङ्गठन कार्य गरिरहेका थिए । लण्डनमा ब्लाँकीको सङ्घ थियो । ब्लाँकी मार्क्स र एङ्गेल्सका विचारको समर्थक भैसकेका थिए । उनी ब्रुसेल्सको केन्द्रीय समितिसँग पनि सम्बन्ध जोड्न राजी भए ।

यसपछि १८४७ को गर्मी याममा युरोपभरिका तमाम कम्युनिस्टहरूको लण्डनमा एउटा सम्मेलन भयो । एङ्गेल्स खुद आफैँ यस सम्मेलनमा हाजिर थिए । तमाम शहरी समितिहरूलाई एक सूत्रमा बाँधेर, एउटा कम्युनिस्ट अन्तर्राष्ट्रिय सङ्घको स्थापना गर्ने कुरा सम्मेलनमा निधो भयो । यस सङ्घको विधान पनि बनाइयो । क्रान्तिकारी कम्युनिस्टहरूको उद्देश्य छर्लङ्ग हुनेगरी सबभन्दा पहिले यसै सम्मेलनले संसारको सामुन्ने राख्यो । सङ्घको विधानमा यस्तो लेखिएको थियो- 'पुँजीपति वर्गको शासन व्यवस्थालाई पल्टा ख्वाएर मजदुरहरूको राज कायम गर्नु श्रेणी सङ्घर्ष र निजी सम्पत्तिरहित एउटा नयाँ समाज व्यवस्था बनाउनु यस सङ्घको उद्देश्य हो ।'

यही सम्मेलनमा यो पनि निश्चय भयो कि ' कम्युनिस्टहरूको सिद्धान्त' को नामबाट सङ्घको कार्यक्रम र यसको पूरा उद्देश्य प्रकाशित गरियोस् । सङ्घको तर्फबाट एउटा पत्र पनि निकाल्ने निधो भयो । यस पत्रको नाम ' कम्युनिस्ट' राखियो ।

'कम्युनिस्ट' को पहिलो अंक कम्युनिस्ट घोषणापत्र प्रकाशित हुनुभन्दा ९ महिना पहिले छापिएको थियो । 'दुनियाका मजदुरहरू एक होऊ !' यो नारा सबभन्दा पहिले त्यसै पत्रको मुख पृष्ठमा छापिएको थियो । 'कम्युनिस्ट' खालि एकै अंक मात्र प्रकाशित भयो । १८४७ को अन्ततिर कम्युनिस्ट सङ्घको अर्को एउटा सम्मेलन लण्डनमा भयो । एङ्गेल्सले लेखेको 'कम्युनिस्टका सिद्धान्तहरू' को खेस्रा यसै सम्मेलनमा पेस गरेको । सम्मेलनले त्यस खेस्राको मुख्य मुख्य कुराहरू मञ्जुर गर्‍यो । सम्मेलनले मार्क्सलाई तिनै कुराहरूको आधारमा 'कम्युनिस्ट घोषणापत्र' लेख्ने काम सुम्पियो । त्यो यही घोषणापत्र हो र यसको आखिरी खेस्रा मार्क्स र एङ्गेल्स दुवै बसी निश्चय गरेका थिए । त्यसो भएता पनि एङ्गेल्सले आफ्नो प्रस्तावनामा लेखेका छन् कि घोषणापत्रको मुख्य मुख्य विचारको कल्पना मार्क्सले नै गरेका हुन् । मार्क्सले यो घोषणापत्र फरवरी १८४८ मा तयार गरे र केही महिना पछि १८४८ मा नै यसलाई प्रकाशित गरेर दुनियाँको सामुन्ने राखे ।

### सूचना

मैले यो घोषणापत्र पोहर उल्था गरेको थिएँ । तर अनेकौँ विघ्नबाधाहरूले गर्दा आज एक वर्ष पछि तपाईँहरूको हातमा आइरहेको छ । छ महिना अगाडि नै यो पुस्तक छापिने थियो तर प्रेसमा पनि झमेला आएको हुनाले सो हुन सकेन । आजको परिस्थितिमा सबै बाटाहरूले कम्युनिज्मतिर नै लैजान्छ । कुनै वा कस्तै बाधाले पनि कम्युनिज्मलाई रोक्न सक्दैन । यसकारण यो कम्युनिज्मको पहिलो पुस्तक छापिँदा पनि अनेकौँ बाधाहरू झेलेर आज नेपालमा कम्युनिस्ट घोषणापत्र प्रकाशित भयो ।

खास गरेर मैले यो हिन्दीबाट अनुवाद गरेको हुँ । तर ठाउँ ठाउँमा अङ्ग्रेजी र बंगाली संस्करणका पानाहरू पनि पल्टाएको छु । भरसक सजिलो गर्ने कोशिश पनि गरेको छु । अर्को संस्करणमा यो भन्दा अझै सजिलो गर्ने विचार छ । पक्का पक्की गर्ने छु ।

मार्क्स र एङ्गेल्सले लेखेका धेरै जसो भूमिका र हिन्दी संस्करणमा रहेका टीका टिप्पणीहरू सबै एकै साथ छाप्ने विचारले अनुवाद गरेको थिएँ तर झमेलाले गर्दा प्रथम संस्करणमा त्यसो हुन सकेन । दोस्रो संस्करणमा दिनेछु ।

जस्तो परिस्थितिमा यो पुस्तक छापियो सो हेर्दा यसमा रहन गएका भूलहरू क्षम्य छन् । एक त हिन्दुस्तान, त्यसमा पनि बंगलामा यो छापियो । अझ त्यसमा पनि थप परिस्थितिले बाध्य भएर केबल दुई पल्ट मात्र प्रुफ हेरी यसलाई छाप्नु पर्‍यो । जति जति पुस्तकको तल्लो पानातिर पुग्नुहुन्छ । उति नै बिरलै भूलहरू पाउनुहुनेछ । खास गरेर 'घोषणापत्र' मा पुग्दा भूलहरू धेरै नै कम भएका छन् । अर्थको अनर्थ हुने भूलहरूको तालिका दिएको छु ।

*(यसमा प्रयोग गरिएको भाषा र व्याकरणमा नेकपाका संस्थापक/महासचिव पुष्पलालकै अनुवादको हुबहु गर्ने प्रयास गरिएको छ- सम्पादक ।)*

रातो खबर साप्ताहिक

समय समीक्षा



## अशोक सुवेदी

सन्दर्भ : सहिद सप्ताह

# हजार माइलको लामो बाटो एक पाइलाबाटै सुरु हुन्छ...

युद्धभूमिमा एउटा सेना म
बन्दुकसँग रमाउँछु
क्रान्तिको मीठो सङ्गीत बज्ने प्यारो बन्दुक
नयाँ लय, सुर, ताल जन्माउँछ
जब यो बजाउन थाल्छु, भय सारा हटेर जान्छ
हूलका हूल क्रोध मेटिन्छ
'शक्ति' को मीठो विस्फोट
अहा ! पर्दाभित्रको प्रतिभा
थिचाइमा पिल्सिएका अनुहारहरू
उद्वेलित भएको, प्रफुल्लित भएको देख्छु
तब- अङ्गमा उमङ्ग
रक्तरञ्जित रङ हुँदै दङ्ग युद्धभूमिमा
त्यसैले म जीवनभर
बिछोड नहुने गरी प्रेममा फसेको छु
हरहमेसा काँधमा भिरेर हिँडेको छु
युद्धभूमिमा जति-जतिपटक थिचिन्छ
मार्सल आर्टको म्युजिक गुनगुनाउँछ
म नाच्ने गर्छु
म नाच्दा शरीर नाच्छ
शरीर नाच्दा स्फूर्ति पाउँछु र
कदम बढाउँछु लेफ्ट-राइटको
ड्रमसेटको तालजस्तै लाग्छ
'ड्याङ-ड्याङ' 'ढ्याम-ढ्याम'...

*- सहिद अन्जान विरही*

यो साता सहिद सप्ताह हो । सहिद सप्ताह महान् जनयुद्धले निर्माण गरेको नवीन जनपर्व हो, देश, श्रमिक जनता र विशेषतः उत्पीडित वर्गको मुक्तिका लागि नेपाली जनताले दस वर्षसम्म गरेको लडाइँले निर्माण गरेको नयाँ चाड, नयाँ उत्सव । देश र विदेशमा रहेका मालेमावादी क्रान्तिकारीहरू २८ औँ जनयुद्ध दिवससँगै सहिद सप्ताह मनाइरहेका छन् । सहिद सप्ताह मनाउनुको अर्थ महान् सहिदहरूले युद्धमैदानमा देखाएको त्याग, शौर्य, वीरता र बलिदानगाथालाई वर्गमुक्ति नभएसम्म जारी राख्ने प्रतिबद्धता गर्नु र प्रतिबद्धता पूरा गर्न अग्रसर हुनु हो ।

महान् जनयुद्धका सांस्कृतिक योद्धा एवम् स्रष्टा सहिद अन्जान विरहीका उल्लिखित काव्यिक हरफहरूले नै बताउँछन्- जनयुद्धमा लामबद्ध योद्धाहरू आफ्नो लक्ष्यप्रति कति दृढ, प्रतिबद्ध र समर्पित थिए । हो, यस्तै दृढता र प्रतिबद्धताकै बीच जनयुद्धमा करिब दस हजार योद्धाहरूले बलिदान गरे । यही त्याग, शौर्य, समर्पण र बलिदानको उच्च संस्कृतिलाई जीवनशैली बनाउने प्रतिबद्धता व्यक्त गर्दै जनयुद्ध सञ्चालन गरिरहेको नेकपा (माओवादी) ले फागुन १४ गतेदेखि २१ गतेसम्मलाई सहिद सप्ताह घोषणा गर्दै एउटा नयाँ दिवस र पर्वका रूपमा विकास गरेको थियो । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले यो दिवस भव्यतापूर्वक मनाउने निर्णय गरेको छ ।

नेपालको क्रान्तिकारी राजनीतिक आन्दोलनमा झापा विद्रोह (सुखानी हत्याकाण्ड) र जनयुद्ध दुवै विद्रोहको महत्व कम छैन । दोस्रो विद्रोह अर्थात् जनयुद्धको जग पहिलो विद्रोह अर्थात् झापा विद्रोह नै थियो । पहिलो विद्रोहको प्रभाव भने चिनियाँ भूमिमा कमरेड माओ त्सेतुङले आरम्भ गर्नुभएको सांस्कृतिक क्रान्ति र भारतको नक्सलबाडीमा कमरेड चारु मजुमदारले आरम्भ गर्नुभएको सशस्त्र विद्रोह थिए ।

२०२९ साल फागुन २१ गतेको मध्यरातको सुनसान समय । ऐतिहासिक झापा विद्रोहका क्रान्तिकारी योद्धाहरू : पूर्व कोसी प्रान्तीय कमिटीको झापा जिल्लाकै ४५ वर्ष काटिसकेका बौद्धिक योद्धा रामनाथ दाहाल, गरामुनिका जुझारु युवा नेता नेत्र घिमिरे, भर्खर एसएलसी उत्तीर्ण गरेका झर्झराउँदा क्रान्तिकारी युवा कृष्ण कुइँकेल र नारायण श्रेष्ठ अनि तत्कालीन सरकारमा पीडीओ (सरकारी अधिकृत) भइसकेका आदिवासी समुदायका भरपर्दा नेता तथा राजवंशी समुदायका विश्वासपात्र वीरेन राजवंशीलाई निरङ्कुश पञ्चायती सरकारले झापा जेलबाट इलाम जेल सार्ने बहानामा जिपमा राख्यो र झापाबाट इलामतिर हुइँक्यायो । जिप गुड्ने ठाउँसम्म जिपमा लगियो र झापा-इलामको सिमानानिर पर्ने सुखानीको जङ्गलमा पुऱ्याएर ओरालियो । हतकडी लगाइएका र आँखामा पट्टी बाँधिएका झापा विद्रोहका नेताहरूलाई जङ्गलको अलि भित्रसम्म लगेर लाम लगाउँदै आत्मसमर्पणका लागि दबाब दिइयो । ऊभन्दा ऊ कुनै पनि योद्धाले आत्मसमर्पण गर्नु त परै जाओस्, तिनको योजनामुताबिक विद्रोहमा सामेल भएकोमा पश्चाताप र प्रायश्चितसमेत गरेनन्, बरु उनीहरूले गर्वसाथ भने- निरङ्कुश पञ्चायती व्यवस्था मुर्दावाद, राजतन्त्र मुर्दावाद, नयाँ जनवादी क्रान्ति जिन्दावाद, मालेवाद जिन्दावाद, चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति जिन्दावाद, नक्सलबाडी क्रान्ति अमर रहोस्, वर्गशत्रु सखाप अभियान सफल पारौँ, नेपाली क्रान्ति जिन्दावाद !' जीवनको भिक माग्ने आस गरेर बसेका पञ्चायती शासकका मतियारहरू क्रान्तिकारीले लगाएको गगनभेदी नाराबाट अत्तालिए ।

त्यसपछि विद्रोहको राप र तापले पग्लिँदै गएका पञ्च शासकहरूले तिनका मतियारहरूलाई आदेश दिए- डाँकासँग दोहोरो भिडन्त भन्दै पाँचैजनालाई एक चिहान बनाइदेऊ । क्रान्तिकारी योद्धाहरू अन्तिम समयसम्म पनि गलेनन् बरु गौरवशाली मृत्यु स्वीकार्न राजी भए जसरी निरङ्कुश राणा शासनविरुद्धको सङ्घर्षमा युवा क्रान्तिकारी योद्धा गङ्गालालहरूले र महान् जनयुद्धको समयमा दोरम्बालगायत मोर्चाका महान् योद्धाहरूले दुस्मनलाई ललकार्दै आफ्नो अन्तिम इच्छा तानाशाहीको अन्त्य र समानतामूलक समाज निर्माण रहेको उद्घोष गरेर वीरगति र बलिदानलाई सगर्व स्वीकार गरेका थिए । झापा र इलामका बीचको घना जङ्गलको रातको



रामनाथ दाहाल नेत्र घिमिरे विरेनसिंह राजवंशी कृष्ण कुँइकेल नारायण श्रेष्ठ

सन्नाटामा आततायीहरूले क्रान्तिकारी योद्धाहरूको शरीरका विभिन्न ठाउँमा गोली दागे । ढल्नै लाग्दा ती महान् योद्धाहरूले फेरि नारा लगाए- मालेमा जिन्दावाद, नयाँ जनवादी क्रान्ति लालसलाम, वर्गशत्रु खतम पारौँ । नारा लगाउँदै उनीहरूले त्यो घोर सन्नाटालाई चिरे र पार्टीलाई वर्गङ्घर्ष जारी राख्न आह्वान गर्दै बिदा भए । हो, नेपालको समग्र राजनीतिक आन्दोलन मात्र नभएर कम्युनिस्ट आन्दोलनकै पहिलो सङ्गठित सशस्त्र विद्रोहका क्रान्तिकारी योद्धाहरूको यही विद्रोह र बलिदानको गाथा हो झापा विद्रोह र झापा विद्रोहका तिनै महान् योद्धाहरूको कायरतापूर्ण हत्याकाण्ड हो सुखानी हत्याकाण्ड ।


योद्धाहरूको हुँकारको बेवास्ता गर्दै मूल नेतृत्वले झापा विद्रोह, त्यसको तरङ्ग र प्रभावलाई बेवारिसे बनाइदियो अर्थात् झापा विद्रोहको अवस्था परम्परावादी समाजकी एउटी कुमारी आमाले अवैध यौनसम्बन्धबाट रहेको गर्भलाई लोकलाजका डरले सिस्नोको झाङमा फालिदिएर अर्कोसँग अवैध सम्बन्ध कायम गरेझैँ फालिदियो र वर्गदुस्मनसँग मिल्न पुग्यो । दोस्रो विद्रोहको मूल नेतृत्व साझा नेता, कार्यकर्ता, सहिद परिवार, बेपत्ता योद्धा, तिनका आफन्त, घाइते अपाङ्ग र जनता सबैको आशामा तुसारापात गर्दै वर्गयुद्धको बाटोबाट कथित शान्तिको बाटोमा कुलेलम ठोक्यो र वर्गदुस्मनको टाङमुनि छिर्न पुग्यो । सकारात्मक घटनाबाट विकसित नकारात्मक परिणतिको गर्भबाट फेरि अर्को जनविद्रोहको विकास र अभ्यास भइरहेको थियो एकीकृत जनक्रान्ति तर फेरि इतिहासका खराब निष्कर्षहरूलाई दोहोऱ्याउँदै यो आन्दोलनको नेतृत्व पनि पहिलो र दोस्रो विद्रोहको नेतृत्वझैँ संसदीय संशोधनवादमा भासिएको छ र आज फेरि क्रान्तिकारी कम्युनिस्टहरू झापा विद्रोहका सहिदहरू र जनयुद्धका सहिदहरूको चिहान खोतलेर नयाँ विद्रोह, एकीकृत जनयुद्ध अघि बढाइरहेका छन् ।

महान् विचारक कार्ल मार्क्सले भन्नुभएको छ- आफ्नो वर्गलाई फाइदा हुने हदसम्म क्रान्तिकारीहरूले चिहान पनि खोतल्नुपर्छ र हाडखोरहरू पनि जम्मा गर्नुपर्छ । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) अहिले यिनै भग्नावशेषहरूमा एकीकृत जनयुद्धको जग तयार पारिरहेको छ र क्रान्ति अघि बढाइरहेको छ । यही सिलसिलामा हामी यति बेला चिहानबाट सुखानी हत्याकाण्डदेखि जनयुद्धसम्मका महान् सहिदहरूलाई सम्मान गर्दै सहिदहरूका चिहान खोतलिरहेका छौँ । यति बेला झापा विद्रोहका अगुवाहरू होइन, झापा विद्रोहका यिनै महान् सहिदहरूको गौरवशाली बलिदानले बोकिरहेको छ त्यस महान् विद्रोहको गौरवशाली इतिहास । त्यस्तै जनयुद्धका अगुवाहरू भागे पनि जनयुद्धका महान् सहिद र बेपत्ता योद्धचहरूको त्याग, शौर्य र समर्पणले धानिरहेको छ जनयुद्धको इतिहास र त्यही इतिहासलाई वर्तमान बनाइरहेको छ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले एकीकृत जनयुद्धको कार्यदिशाका माध्यमबाट । एकीकृत जनयुद्धले यसअघि एकीकृत जनक्रान्तिको ब्यानरमा रगत बगाएका १२ जना योद्धाको बलिदानलाई पनि ऊर्जा बनाएको छ । यसबीचाम यी महान् योद्धाले आफ्नो इतिहास, वर्तमान र भविष्यप्रतिको ऐतिहासिक जिम्मेवारी पूरा गरिसकेका छन् ।

नेपालको प्रगतिशील राजनीतिक आन्दोलन मात्र नभएर कम्युनिस्ट आन्दोलनकै पहिलो सशस्त्र विद्रोहका क्रान्तिकारी योद्धाहरूको यही विद्रोह र बलिदानको गाथा हो झापा विद्रोह । इतिहासमा कयौँ यस्ता घटनाहरू हुन्छन् जुन अगुवाहरूको बेइमानीका कारण अलपत्र वा बेवारिस हुन्छन् र त्यसको ऐतिहासिक महत्वको कार्यभार अरू कसैले लिनुपर्ने हुन्छ । नेपालमा दुरुस्तै नभए पनि केही मिल्दाजुल्दा तीनवटा यस्ता घटना भएका छन् : पहिलो, २०२८ सालमा भएको ऐतिहासिक झापा विद्रोह, दोस्रो, २०५२ सालबाट आरम्भ भएर करिब ११ वर्षसम्म सञ्चालनमा रहेको महान् जनयुद्ध र तेस्रो २०७१ बाट सुरु भएर २०७७ साल फागुन २१ गते समापन भएको एकीकृत जनक्रान्ति । यति बेला पुराना दुईवटा विद्रोह अभिभावकविहीन बनाइएका थिए र तेस्रो विद्रोहको समेत बाँकी कार्यभार पूरा गर्न उभिएको छ

***नेपालको कम्युनिस्ट आन्दोलनमा तेस्रो पुस्ता भन्न मिल्ने स्तरबाट यसको स्वामित्व ग्रहण गर्ने र निरन्तरता दिने काम भइरहेको छ । अवसरवादी र संसदीय संशोधनवादीहरूले धुलोमा फ्याँकेको रातो झन्डा उठाएर अर्को क्रान्ति उठान गर्ने काम भइरहेको छ ।***

नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मशाल) सहितका क्रान्तिकारी धाराका पार्टी-समूहसँग क्रान्तिकारी ध्रुवीकरण र एकताबाट क्रान्ति अघि बढाउने लक्ष्य अघि सारिरहेको छ । नेपालको कम्युनिस्ट आन्दोलनमा तेस्रो पुस्ता भन्न मिल्ने स्तरबाट यसको स्वामित्व ग्रहण गर्ने र निरन्तरता दिने काम भइरहेको छ । अवसरवादी र संसदीय संशोधनवादीहरूले धुलोमा फ्याँकेको रातो झन्डा उठाएर अर्को क्रान्ति उठान गर्ने काम भइरहेको छ । राजनीतिक तरङ्गका हिसाबले यी तीनै राजनीतिक सन्दर्भले पृथक महत्व राख्छन् । पहिलो घटना एउटा क्षेत्रीय स्तरको पार्टीको पनि जिल्ला समितिले सञ्चालन गरेको थियो भने दोस्रो घटना राष्ट्रिय स्तरको सिङ्गो पार्टीले । त्यस्तै तेस्रो




घटना जनयुद्धबाट आएको तेस्रो पुस्ताको युवापिँढीले सञ्चालन गरेको थियो । तीनवटै विद्रोह विघटनको मुख्य कारण वर्गदुस्मन नभएर नेतृत्वको आत्मसुरक्षावाद र क्रान्ति विकास गर्ने क्षमताको अभाव देखियो । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पहिलो घटना अर्थात् झापा विद्रोह वर्गसङ्घर्षको पहिलो र सङ्गठित विद्रोहको उठान थियो तर यसका सञ्चालकहरूको अपरिपक्वता, किंकर्तव्यविमूढता र आलोकाँचोपनका कारण उपलब्धि कम र क्षति बढी भएर टुङ्गियो तर



त्यसको तरङ्ग भने आजसम्म जारी छ । अझ भनौँ यसका सञ्चालक वा अगुवाहरू नै आफैँले सञ्चालन गरेको विद्रोहबाट विमुख भए र कालान्तरमा आफैँले आरम्भ गरेको विद्रोहलाई 'उग्र वामपन्थी भड्काव' देख्ने स्थानसम्म पुगेर संशोधनवादमा चुर्लुम्म डुबे । त्यस विद्रोहको स्वामित्व ग्रहण गर्न पनि लज्जाबोध गरिरहेका छन् हिजोका नायकहरू । दोस्रो ऐतिहासिक राजनीतिक घटनाक्रम अर्थात् जनयुद्ध विश्वमै कम्युनिस्ट आन्दोलनले धक्का खाइरहेको समयमा आरम्भ भएको वसन्ते गर्जन थियो । राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल बनाउँदै गरिएको यस राजनीतिक घटनाक्रममा हजारौँ योद्धा र जनसमुदायबाट बलिदान भयो । केही आंशिक राजनीतिक परिवर्तन पनि भयो तर त्याग, शौर्य, बलिदान, अपेक्षा र आवश्यकताअनुसारको रूपान्तरण नभईकनै मुख्य नेतृत्व पुच्छर लुकाएर दुस्मन क्याम्पतिर भाग्यो । प्रकारान्तरले दुवै राजनीतिक विद्रोहहरू असफलतामा टुङ्गिए । नेपाली समाजलाई मात्र नभएर विश्व-कम्युनिस्ट आन्दोलनलाई नै यी दुर्घटनाहरूले क्षति पुऱ्याए । यिनै घटनाहरूबाट पाठ सिकेर सुरु गरिएको एकीकृत जनक्रान्ति शीर्षकको विद्रोहमा पनि नराम्रोसँग खराब इतिहासको पुनरावृत्ति भयो । मूल नेतृत्वले पुरानो सत्तासँग आत्मसमर्पण गर्दै संसदीय संशोधनवादी बाटो समात्न पुग्यो । संसदीय संशोधनवादसँग विद्रोह गर्दै यति बेला नेकपा (बहुमत) ले एकीकृत जनयुद्धको कार्यक्रम अघि बढाएको छ ।

तत्कालीन पञ्चायती व्यवस्थाले झापा विद्रोहका योद्धाहरू रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठलाई झापा जेलबाट इलाम जेल सरुवा गर्ने बहानामा सुखानी जङ्गलमा पुऱ्याएर २०२९ साल फागुन २१ गते राती गोली हानी हत्या गरेको थियो । यता महान् जनयुद्ध आरम्भ भएको १४ दिनमै गोरखाका विद्यार्थी दिलबहादुर रम्तेललाई पनि दलाल संसदीय व्यवस्थाले प्रतिरोधकै क्रममा हत्या गरेको थियो । एकीकृत जनक्रान्तिका नाममा सुरु भएको विद्रोहका क्रममा पनि १२ जना योद्धाको विभिन्न मोर्चामा बलिदान भएको छ । दिलबहादुर रम्तेलको हत्या भएको फागुन १४ र झापाका विद्रोहीलाई राज्यद्वारा हत्या गरिएको दिन फागुन २१ गतेसम्मको एक सातालाई जनयुद्धकालदेखि नै नयाँ पर्वका रूपमा स्थापित गरी सहिद सप्ताह मनाउने गरिएको हो ।

नेपालमा राजनीतिक, सांस्कृतिक, आर्थिकलगायत क्षेत्रमा विद्यमान विभेद अन्त्य गरी आमूल परिवर्तनका लागि भएका हरेक आन्दोलन, सङ्घर्ष, विद्रोह, युद्ध र क्रान्तिमा जनताले रगत बगाएका छन् । निरङ्कुश राणाशासनका विरुद्ध बलिदान गर्ने लखन थापा, कृष्णलाल अधिकारी, गङ्गालाल, दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा होऊन् वा २००७ सालको सम्झौतापछि बलिदान गर्ने चिनियाँकाजी-भीमदत्त पन्त होऊन्, झापा विद्रोहमा बलिदान गर्ने योद्धाहरू होऊन् वा तीसको दशकमा सहादत प्राप्त गर्ने आजाद, चालीसको दशकमा मारिने मित्रमणिहरू-राजन रायमाझी, दीपक कार्की होऊन्, २०४६ सालको आन्दोलन, २०५२-२०६२ सम्म सञ्चालित जनयुद्धमा सहादत प्राप्त गर्ने योद्धाहरू होउन् वा २०६२-२०६३ को जनआन्दोलन, २०६६-२०६७ को राजधानी घेराउ र २०७० को दशक आरम्भ भएपछि एकीकृत जनक्रान्तिका नाउँमा रगत बगाउने महान् योद्धाहरू, सबैको सपना नेपालमा विद्यमान शोषणप्रधान व्यवस्थाको अन्त्य र त्यसको खरानीमा नयाँ जनवादी-वैज्ञानिक समाजवादी- साम्यवादी सत्ता स्थापना गर्ने नै थियो । तर यसअघिका सबै आन्दोलनका अगुवाहरूले सहिदहरूको सपना र रगतलाई मात्र होइन, आफ्नो वर्गलाई नै धोका दिएका छन् र उनीहरूको सपनामा घात गरेका छन् । त्यो धोका र घातका विरुद्ध प्रतिबद्धता र समर्पणको दिवस पनि हो सहिद सप्ताह ।

महान् जनयुद्धमा नेकपा (माओवादी) पोलिटब्युरो सदस्य सुरेश वाग्ले 'वासु' देखि लिएर पार्टी केन्द्रीय सदस्य विशाल, कुमार, प्रताप, इच्छुक, अञ्जान, दिलमायालगायत विभिन्न क्षेत्र र मोर्चाका करिब १० हजारको बलिदानी भएको छ भने एकीकृत जनक्रान्तिका नाउँमा मात्रै कुमार, तीर्थ, रामकुमारसहित १२ जनाले दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवाद प्राप्तिका लागि रगत बगाइसकेका छन् ।

झापा विद्रोहका अगुवाहरू नै आफैँले सञ्चालन गरेको विद्रोहबाट विमुख भए र कालान्तरमा आफैँले आरम्भ गरेको विद्रोहलाई 'उग्र वामपन्थी भड्काव' देख्ने स्थानसम्म पुगेर संशोधनवादमा चुर्लुम्म डुबे । त्यस विद्रोहको स्वामित्व ग्रहण गर्न पनि लज्जाबोध गरिरहेका छन् हिजोका नायकहरू । झापा विद्रोहका नायकहरूमध्येका एकजना सीपी मैनाली भन्छन्, ' हामी कमरेड माओद्वारा सञ्चालित चिनियाँ क्रान्ति र विशेषतः सर्वहारा सांस्कृतिक क्रान्तिबाट प्रेरित थियौँ । यता हाम्रो नजिकै भारतको नक्सलबाडीमा कमरेड चारु मजुमदारले सशस्त्र विद्रोह आरम्भ गर्नुभएको थियो । हामी यिनै ठूला दुई क्रान्तिबाट प्रभावित भयौँ ।'

मैनालीका अनुसार झापा विद्रोह गल्ती नै थियो भनेर आजसम्म पार्टीगत रूपमा र माइन्युट नै गरेर निष्कर्ष ननिकालएिको भए पनि तत्कालीन एमाले समूहले त्यसको स्वामित्व ग्रहण नगर्ने निष्कर्ष निकालिसकेको छ । (एक वार्तामा) सीपीले प्रकारान्तरले त्यो विद्रोहलाई 'उग्र वामपन्थी भड्काव' का रूपमा चित्रण र प्रमाणित गर्ने प्रयास पनि गरे ।

आज फेरि क्रान्तिकारी कम्युनिस्टहरू झापा विद्रोहका सहिदहरू र जनयुद्धका सहिदहरूको चिहान खोतलेर नयाँ विद्रोह अघि बढाइरहेका छन् । यही सिलसिलामा हामी यतिबेला चिहानबाट सुखानी हत्याकाण्डका महान् सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठका हड्डीहरू खोतलिरहेका छौँ । यतिबेला झापा विद्रोहका अगुवाहरूले होइन, झापा विद्रोहका यिनै महान् सहिदहरूको गौरवशाली बलिदानले बोकिरहेको छ त्यो महान् विद्रोहको गौरवशाली इतिहास । झापा विद्रोह नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको इतिहासमा लालअक्षरमा अङ्कित छ र रहिरहनेछ ।

यो सहिद सप्ताह यी सबै महान् सहिदहरूलाई सलाम गर्दै उनीहरूका अधुरा सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्ने र नयाँ यात्रा आरम्भ गर्ने पर्व र दिवस हो । देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइने सहिद सप्ताहमा जनयुद्धकालीन स्पिरिट अभिव्यक्त भएको छ । सहिद र बेपत्ता योद्धाका परिवार हरूले पार्टीलाई शुभकामना सन्देश प्रेषित गर्दै आफूहरू पनि आवश्यकताअनुसार बलिदान गर्न तयार रहेको बताएका छन् भने पार्टी नेतृत्वले सहिदका सपना पूरा गर्न निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरेका छन् । जनयुद्धलाई धोका दिने र सहिद रगत बेकाम बनाउने प्रचण्ड-बाबुराम-विप्लवहरूलाई सहिदका सन्तान र परिवारहरूले नै थप्पड, जुत्ताको प्रहार र तिरस्कारको उपहार दिइरहेको समयमा क्रान्तिका लागि योभन्दा ठूलो ऊर्जा कहाँबाट प्राप्त हुन्छ ? यसै क्रममा सहिद स्रष्टाहरूका केही जोशिला र आशावादी सिर्जनांश प्रस्तुत गर्ने अनुमति माग्छु :

ढोडेनी !
मलाई तिम्रो सम्झना आइरहेछ
किनकि अब तिमीले शोकधुन हैन
बमगोला र बारुदको धुन बजाइरहेछौ
क्रान्तिको धुन फुकिरहेका छौ
...
आजभोलि हाम्रा गाउँहरूमा
बिहानीपख पूर्वमा जस्तै
लाली चढ्न थालिसकेछ
सगरमाथाले झैँ मुस्कान दिन थालिसकेछ

*- सहिद शिव श्रेष्ठ*

फागुन १४ गते आइतबारबाट २०७९ सालको सहिद सप्ताह सुरु हुँदैछ । साताभर देशभरि विभिन्न कार्यक्रम गरी सहिद सप्ताह मनाइँदैछ । सबैभन्दा गर्व गर्ने विषय भनेको महान् जनयुद्धका सहिदहरूका परिवार र बेपत्ता योद्धाका परिवारलाई नेकपा (बहुमत) ले देशभर सम्मान, अभिनन्दन गर्दैछ र सहिदका सपना पूरा गररै छोड्ने प्रतिबद्धता व्यक्त गरेको छ । सहिद सप्ताहको औपचारिक कार्यक्रम सुरु हुँदै गर्दा सहिदका सपना पूरा गर्ने प्रतिबद्धता झन्झन् बढेको छ । क्रान्तिकारी पार्टीहरूबीच सुरु हुन लागेको क्रान्तिकारी ध्रुवीकरणको प्रक्रियाले श्रमिक वर्गमा उत्साह सञ्चार

... बाँकी ७ पृष्ठमा

## सिर्जना

### एक हाइकुकारको प्रेसनोट



रसुवाली कवि

फुटपाथमा पनि थियो प्रज्ञाप्रतिष्ठान
जहाँबाट सुसेल्न सकिन्थ्यो भुइँमान्छेका
कविताहरू
फुटपाथमै थिए
जनताको मर्मलाई बुझाउने हाइकुहरू
फुटपाथमै छुटेका हुन्
आदिम स्वप्नका ताङ्काहरू
बैरागीको जस्तै पुरानो झोलामा
बोकेर साहित्यिक पत्रिकाका नयाँ-नयाँ अङ्क
म फुटपाथमै बाँडिहिँड्थेँ
पारिजातका आदर्श बोक्ने विशेषाङ्कहरू
फुटपाथमै सुनाउँथेँ हाइकु र सूत्र-निबन्ध
शासकलाई मन लाग्नुन्जेल गाली गर्न
मलाई सिङ्गो यती प्लाजा पर्याप्त थियो
कवि छविरमण सिलवाललाई सोधे हुन्छ
कस्तो हुन्छ अलिनो दसैँको रङ ?
भक्तपुरलाई सोधे हुन्छ
ऊभन्दा म कति दुःखमा छु !
भोको मान्छेको ईश्वर हुँदैन
भोको मान्छेको राष्ट्रियता हुँदैन
तर मैले भोकभोकै कविताचाहिँ लेखेको छु
झरीको दिन च्यातिएको छाता ओढेर
म कोटेश्वरको फुटपाथमै हिँडेको छु
चर्को घाममा हाफ प्लेट चाउमिन खाएर
म साहित्यिक पत्रकारको मिटिङमा पुगेको छु
भ्रष्टहरूको ताण्डव-नृत्य हेरेर मनोरञ्जन
लिएको छु
म कयौँ रात थोत्रा किताब हेर्दै निदाएको छु
छोराछोरीलाई एउटा सिसाकलम किन्न नसक्दा
म कसरी पत्रिका चलाइरहेको छु !
म फुटपाथमै जिन्दगी बाँचेर आएको हुँ
यसपटक हतार छ मलाई
लेखनाथ कक्षमा पुग्न
यो टाई, यो जुत्ता, यो सुट, यो पाइन्ट
मसँग भएको यति हो नयाँ
नयाँ एउटा हाइकु लेखेको छु
जुन यस्तो छ-
जितेर पनि
हारेर अलिकति
फेरिनु छैन ।

# स्ववियुप्रति नवयुवा विद्यार्थीको दृष्टिकोण र आगामी कार्यभार



गगन परियार

कुनै पनि वस्तुलाई अध्ययन, अनुसन्धान, संश्लेषण, ग्रहण र प्रयोग गर्ने सन्दर्भमा वर्गीय स्वार्थअनुरूपको दर्शनशास्त्र प्रयोग गरी व्यक्तिले आआफ्नो दृष्टिकोण निर्माण गर्ने गर्दछ । त्यस्तैगरी स्ववियुलाई बुझ्ने र प्रयोग गर्ने सन्दर्भमा पनि व्यक्ति र विद्यार्थी सङ्गठनहरूले वर्गीय पक्षधरताका आधारमा दृष्टिकोण बनाई यसलाई सहयोग गर्ने कार्यक्रमहरू बनाएको देखिन्छ । त्रिभुवन विश्वविद्यालयले यही २०७९ चैत ५ गते स्ववियु निर्वाचन घोषणा गरेको छ । वि.सं. २०६५ यता नियमित रूपमा स्ववियु निर्वाचन सम्पन्न गराउन नसकेको अवस्थामा त्रिविले आफ्नो यो निर्णय कार्यान्वयन गराउन बिभिन्न प्रकारका चुनौती भए पनि पश्चगामी, यथास्थितिवादी, संसद्वादी र क्रान्तिकारी सङ्घ-सङ्गठनहरूले यो निर्णयलाई आआफ्नो दृष्टिकोणका आधारमा सकारात्मक र नकारात्मक दुवै रूपमा लिएको पाइन्छ । यद्यपि राजनीतिक चेतना अभाव भएका कारणले नयाँ युवा पुस्ताले स्ववियुलाई सतही रूपमा बुझेको देखिन्छ जसले गर्दा वर्तमान स्ववियु निर्वाचनमा समेत सिद्धान्तहीन, विचारहीन, पश्चगामी, यथास्थितिवादी, सुधारवादी, संसद्वादी विद्यार्थी सङ्घसङ्गठनहरूले नै यसको फाइदा लिँदै स्ववियुलाई झनै भ्रष्टीकृत, विकृत र गुण्डागर्दीको अखडा बनाउने निश्चित देखिन्छ र यस्ताखालका आपराधिक गतिविधिले अहिलेका नवयुवा विद्यार्थी र पुस्तालाई राजनीति प्रति वितृष्णा बनाइदिने र राजनीतिमा सदैव विचारहीन, सिद्धान्तहीन मुठीभर शोषकहरूले हालिमुहाली गरी सत्ताको बागडोर चलाइरहने सम्भावना रहेको छ । त्यसैले यसलाई चिर्न नयाँ युवा पुस्तालाई वर्तमान राज्यसत्ता र राज्यव्यवस्थाको विकल्पको मालेमावादी सिद्धान्त र विचारको स्पष्टतासहित राजनीतिमा सहभागी गराउन क्रान्तिकारी सङ्गठनलाई चुनौती रहिआएको छ । सर्वप्रथम हामीले स्ववियु कहिले, किन र कस्तो प्रकारको परिस्थितिमा कुन उद्देश्यको साथ जन्मिन पुग्यो, यसले आफ्नो उद्देश्य प्राप्त गर्न कति सफल भयो र कति बाँकी छ ? वा वर्तमान अवस्थामा कस्तो प्रकारको परि स्थितिमा यो गुज्रिरहेको छ भन्ने विषयमा बुझ्न र पश्चगामी, यथास्थितिवादी, सुधारवादी चिन्तनलाई बदली स्ववियुको बाँकी कार्यभार पूरा गर्न हामी क्रान्तिकारी विद्यार्थीको काँधमा जिम्मेवारी आएको छ । हामीले हाम्रो श्रमिक वर्गको बौद्धिक हतियार मालेमावादी दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको प्रयोग गरी स्ववियुलाई बुझ्न र वर्तमान मानवताविरोधी र प्रकृतिविरोधी सामाजिक व्यवस्थालाई रूपान्तरण गर्न हाम्रो भूमिका केन्द्रित गर्नुपर्ने छ ।

## १. स्ववियुको सामान्य परिचय

प्रथम विद्यार्थी सहिद गङ्गालाल श्रेष्ठलगायत कयौँ वीर योद्धाहरूको त्याग, बलिदान र सङ्घर्षको बीचबाट २००७ सालमा स्थापना भएको प्रजातन्त्रलाई कु गरेर राजा महेन्द्रले २०१७ साल पुस १ गते जननिर्वाचित प्रम बीपी कोइरालालाई अपदस्थ गरी प्रजातन्त्रको घाँटीमा निरङ्कुशताको जन्जिरले बाँधेर हत्या गरी पञ्चायती व्यवस्था लागू गरे । त्यसपछि राजनीतिक विचार, दल, सङ्घ-सङ्गठनमाथि प्रतिबन्ध लगाई पार्टीका नेता-कार्यकर्ता र विद्यार्थीलाई गिरफ्तार गरी जेलमा बन्दी बनाइयो । राजा महेन्द्रले जनहितविपरीत लादेको पञ्चायती व्यवस्थाको विरुद्धमा विद्रोह गर्न आवश्यक थियो र त्याग, बलिदान र साहसको भावनाले ओतप्रोत रहेका विद्यार्थीहरूले राजनीतिक विचारका आधारमा दल, सङ्घ, सङ्गठन खोल्न, बन्दी रहेका नेता-कार्यकर्ता र विद्यार्थीहरूको रिहाइ, स्ववियु गठन, पञ्चायती व्यवस्थाको खारेजीको माग राखेर छिटफुट आन्दोलनबाहेक २०१९ सालबाट परिवर्तन र क्रान्तिप्रेमी विद्यार्थीहरूले आन्दोलनको प्रारम्भसँगै नेतृत्व लिन पुगे । बलिदानी र गौरवपूर्ण सङ्घर्षको बीचबाट २०२० सालमा त्रिविमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को स्थापना भयो जसले विद्यार्थीहरूको राजनीतिक र शैक्षिक अधिकारका निम्ति निष्पक्षताका साथ सङ्घर्ष गर्ने साझा संस्था बन्न पुग्यो । यसले कानुनी मान्यता भने २०२४ सालमा प्राप्त गरेको थियो । स्ववियुमार्फत विद्यार्थीहरूले निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध आफ्नो निरन्तर गतिविधि अगाडि बढाएपछि २०२९ सालमा तत्कालीन शासकले स्ववियु खारेज गरे पनि विद्यार्थीहरूको बलिदानीपूर्ण आन्दोलन र अथक सङ्घर्षमार्फत २०३६ सालमा स्ववियु पुनः स्थापित हुन पुग्यो । यही विद्यार्थी र राजनीतिक दलहरूको साहसपूर्ण आन्दोलनकै कारण २०४७ सालमा पञ्चायती व्यवस्थाको अन्त्य भई विद्यार्थी आन्दोलन र स्ववियु नै यसको चिहान खन्नका निम्ति महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भए ।

स्ववियु निर्वाचनको इतिहासलाई हेर्दा त्रिविमा २०२० साल भदौ २० गते प्रथमपटक स्ववियु निर्वाचन भएकोमा २०२९ सालमा स्ववियु खारेजीसँगै २०३५ सम्म स्ववियु निर्वाचन हुन सकेन । २०३६ सालदेखि २०६५ सालसम्म १५ औँ पटक स्ववियु निर्वाचन गराउन त्रिवि सफल रह्यो । तर पछिल्लो समयमा त्रिविको वार्षिक क्यालेन्डरमा हरेक दुई वर्षको फागुन १४ गते स्ववियु निर्वाचन हुनुपर्नेमा २०६५ सालयता फागुन १४ गते स्ववियुको निर्वाचन त्रिविको कार्यतालिकामा मात्र सीमित हुन पुगेको छ ।

पञ्चायती व्यवस्थामा समेत स्ववियु निर्वाचन भएको अवस्थामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्थामा समेत २०६५ सालयता नियमित रूपमा निर्वाचन नहुनुमा अहिलेको व्यवस्थाको रूप लोकतान्त्रिक भए पनि सारमा पञ्चायती व्यवस्थाको निरङ्कुश प्रवृत्ति रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । २०७३ चैत १५ गते ६२ वटा आङ्गिक र १०४० सम्बन्धन प्राप्त क्याम्पसमध्ये उपत्यकामा ९ र उपत्यकाबाहिर १७ गरी जम्मा २६ क्याम्पसमा निर्वाचन गरी त्रिविले झारा टार्ने काम गऱ्यो र करिब १५ वर्षपछि हाल आएर त्रिविले यही २०७९ चैत ५ गते स्ववियु निर्वाचन घोषणा गरेको छ । सबै आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन गराउन सफल हुन्छ वा हुँदैन भन्ने कुरा भविष्यले नै बताउनेछ । स्ववियु निर्वाचन नियमित हुन नसक्दा स्ववियुको अस्तित्व नै सङ्कटमा परेको छ ।

## २. वर्तमान अवस्थामा स्ववियु र यसको भूमिका

राजनीतिक र शैक्षिक अधिकारका निम्ति गौरवपूर्ण सङ्घर्षको बीचबाट जन्मिएको स्ववियु वर्तमान अवस्थामा आएर हेर्दा देशमा राष्ट्रियता, जनतन्त्र, जनजीविका सङ्कटमा पर्दासमेत स्ववियुको भूमिका के रहन्छ भन्नेमा अहिलेका पश्चगामी, यथास्थितिवादी, सुधारवादी, संसद्वादी र संसदीय संशोधनवादी विद्यार्थी सङ्घ-सङ्गठनहरूले नयाँ युवा पुस्तालाई द्विविधाग्रस्त बनाएको अवस्था छ । नेपालको निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध विद्रोह गर्दै विद्यार्थी आन्दोलनको जगबाट स्थापना भएको स्ववियु अहिले विचार र सिद्धान्तहीन, गुण्डाहरूको अखडा बनिरहेको छ । नेपालको सामन्तवादको प्रतिनिधित्व गर्ने संस्था राजतन्त्रको अन्त्य भए पनि विभिन्न घात र सम्झौताका कारण नयाँ जनवादी व्यवस्था स्थापना हुन नसक्दा देशमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकदेखि हरेक क्षेत्रमा सङ्कट यथावत् नै रहेको छ । राजनीति र शिक्षादेखि लिएर हरेक क्षेत्रमा दलाल पुँजीपति वर्गको नै हालिमुहाली रहेको हुँदा गरिब-निमुखा जनसमुदायहरूले मौलिक हकअधिकारबाट वञ्चित हुनुपर्ने बाध्यता रहेको छ ।

नेपालको आर्थिक अवस्था हेर्ने हो भने दयनीय छ । ०७८/७९ आयात व्यापार २४.७२ प्रतिशत बढेर १९ खर्ब २० अर्ब ४४ करोड ८ निर्यात व्यापार ४१.७४ प्रतिशतले बढेर २ खर्ब ३ करोड पुगेको छ । यसरी आर्थिक वर्ष २०७८/७९ मा व्यापारघाटा २३ प्रतिशतले बढेर १७ खर्ब २० अर्ब ४१ करोड रुपैयाँ पुगेको भन्सार विभागको तथ्याङ्क छ जब कि ०७७/७८ मा यस्तो घाटा १३ खर्ब ९८ अर्ब ७१ करोड रुपैयाँ मात्र थियो । अर्कोतिर भने नेपालको ऋण २० खर्ब ७ अर्ब पुगेको छ जसको प्रतिव्यक्ति ऋण ६८७५५ हुन जान्छ । यसरी नेपालको अर्थतन्त्र चरम सङ्कटमा पुगेको छ । अर्कोतिर दलाल पुँजीवादी राज्यसत्ता र व्यवस्थाले नेपालको शिक्षामा निजीकरण र व्यापारीकरण गरी गरिब किसान, मजदुरका छोराछोरीहरूको हातबाट शिक्षालाई खोसेको छ । साथै शिक्षालाई श्रम र उत्पादनबाट अलग गराई शैक्षिक बेरोजगार जन्माउने गरेको छ । नेपाल अहिलेसम्म कसैको प्रत्यक्ष उपनिवेशमा नरहे पनि नेपालका युवाहरूलाई आधुनिक तरिकाले अर्काको देशमा दास बनाई देशको स्वाधीनता र नागरिकको स्वाभिमान गुमाउन बाध्य बनाएको छ । वर्तमान शैक्षिक प्रणालीले राजनीतिक, आर्थिक, सांस्कृतिक हरेक क्षेत्रमा परनिर्भर, परजीवी बनाउने जनशक्ति उत्पादन गर्ने नेपालको शैक्षिक प्रणाली असफल सिद्ध भएको छ । त्यस्तै गरी संसद्वादी दलहरूले पनि १९५० को असमान सन्धिसहित पछिल्लोपटक बिप्पा सम्झौता, एमसीसी, एसपीपीलगायत राष्ट्रघाती सन्धिसम्झौता गर्नाले राष्ट्रियता धरापमा परेको छ । तर पश्चगामी, यथास्थितिवादी, सुधारवादी, संसद्वादी विद्यार्थी सङ्घ-सङ्गठनले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकलगायत समग्र क्षेत्रमा देखिएको सङ्कटको विकल्पको ढोका खोल्न सकिरहेका छैनन् जसले गर्दा स्ववियुमा पनि विचार र सिद्धान्तको खडेरी परी पैसा र शक्तिको पूजा गर्ने दास मानसिकता भएका नेतृत्वहरू जन्माइरहेका छन् र समग्र देशकै नीति निर्माण गर्ने तहमा पुगी नेतृत्व गरिरहेका छन् । त्यसकारण वर्तमान अवस्थामा स्ववियु र यसको भूमिका परिवर्तन र क्रान्तिकारीहरूको आन्दोलनको केन्द्रबिन्दु बन्नुभन्दा पनि सत्ताको गुलामी गर्ने क्रीडास्थल बनेको छ । तपाईं-हामीले मालेमावादी राजनीतिक चेतना, विचार, सिद्धान्तको स्पष्टतासहित स्ववियुलाई साँच्चिकै क्रान्तिकारी आन्दोलनको केन्द्रबिन्दु बनाई वर्तमान सङ्कटको समाधान गर्न आवश्यक छ ।

## निष्कर्ष

आजभन्दा करिब ६ दशकअगाडि राजनीतिक विचार, सिद्धान्त, दलमाथि प्रतिबन्ध लगाएको जटिल परिस्थितिमा विद्यार्थीहरूको साहसपूर्ण र बलिदानपूर्ण आन्दोलनको जगमा स्ववियुको स्थापना भएको थियो । यसबीचमा राजनीतिक परिवर्तन र उथलपुथल धेरै भए पनि शोषणको रूप बदलिएको छ तर शोषण भने यथावत् नै रहेको छ । नेपालको राजनीतिक र विद्यार्थी आन्दोलनमा गौरवपूर्ण भूमिका निर्वाह गरेको स्ववियुले करिब ६ दशक हुँदा पनि शैक्षिक प्रणालीमा सामान्य सुधारको पहलसमेत गर्न सकेको छैन । वर्तमान दलाल पुँजीवादी संसदीय व्यवस्थाले शैक्षिक जगत्मा निजीकरण र व्यापारीकरण गर्नाले श्रमजीवीका छोराछोरीहरूले शिक्षा लिने मौलिक अधिकारबाट वञ्चित हुनुपरेको छ भने पढेलेखेका शिक्षित मानिससमेत बेरोजगारीको सिकार भई अर्काको देशमा सस्तो मूल्यमा श्रम गर्न बाध्य भएका छन् । शिक्षालाई कसरी निःशुल्क र समान बनाउने, शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादन र रोजगारसँग जोडी समृद्ध बनाउनेतर्फ संसद्वादी विद्यार्थी सङ्घ-सङ्गठन र स्ववियुको ध्यान गएको देखिँदैन । यो विद्यार्थीको हक, हित र शैक्षिक अधिकारको केन्द्रबिन्दु बन्ने भन्दा पनि विचार, सिद्धान्तरहित गुण्डागर्दी गर्नेहरूको अड्डा र भ्रष्टाचारको अखडा बन्दैछ । यसो हुनुको प्रमुख कारण भनेको दलाल पुँजीवादी संसदीय व्यवस्था हो जसले गर्दा संसद्वादी विद्यार्थी सङ्घ-सङ्गठन र स्ववियु प्रतिपक्ष हुनुको सट्टा सत्ता पक्ष भई सत्ताको दलाली र गुलामी गर्ने स्थल बन्न पुगेको छ । त्यसकारण अब हामीले बुर्जुवा सत्ता र शिक्षाका विरुद्ध क्रान्तिकारी आन्दोलन र क्रान्तिको केन्द्रबिन्दु बनाई स्ववियुको गौरवपूर्ण इतिहासको रक्षा गर्दै वर्तमान अवस्थामा राष्ट्रियता, जनतन्त्र र जनजीविकामा देखिएको सङ्कटको समाधान गर्नुपर्ने जिम्मेवारी हाम्रासामु आएको छ । हामीले यो जिम्मेवारी पूरा गर्नका निमित्त तत्कालीन र दीर्घकालीन उद्देश्य राखी कार्यभारहरू पूरा गर्नुपर्ने हुन्छ । तत्कालीन कार्यभार भनेको त्रिविले २०७९ साल चैत ५ गते तोकेको स्ववियु निर्वाचन हो । यस निर्वाचनमा विचार र सिद्धान्तरहित सत्ताको दास र गुलाम भएका सङ्घ-सङ्गठनलाई पराजित गर्नुपर्ने चुनौती हामीसामु रहेको छ । यस निर्वाचनमा विजय वा पराजय जे परिणाम आए पनि हाम्रो दोस्रो दीर्घकालीन कार्यभारतिर लाग्छौँ जो वर्तमान दलाल पुँजीवादी व्यवस्थाको चिहान खन्नु हो । निरङ्कुश पञ्चायती व्यवस्थाको मलामी बनेको विद्यार्थी आन्दोलन र स्ववियु अब संसदीय व्यवस्थाको मलामी बन्नका निम्ति विद्रोह र क्रान्तिकारी आन्दोलनको केन्द्रबिन्दु बनाउन आवश्यक रहेको छ । यसको जगमा जनवादी क्रान्तिको बाँकी कार्यभारसहितको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नेछौँ । यसका निम्ति व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका तीनै अङ्ग प्रत्यक्ष जननिर्वाचित र नागरिकको जन्मजात जमिनमाथिको मालिक हुने संवैधानिक व्यवस्थासहितको राजनीतिक स्थिरता, लैङ्गिक, जातीय विभेदको अन्त्य, रोजगारीको सुनिश्चिततासहित सिद्धान्त र व्यवहारको तालमेलसहितको सर्वसुलभ शिक्षा र स्वास्थ्यको उपलब्धतासहित सामाजिक रूपान्तरण, शान्ति, समृद्धि, स्वाधीन हुने स्वाधीन संयुक्त सरकार गठनका निमित्त क्रान्तिकारी दृष्टिकोण बनाई सक्रिय भूमिका निर्बाह गर्नका लागि अबको विद्यार्थी आन्दोलन र स्ववियुको आगामी कार्यभार बनाउन आवश्यक रहेको छ ।

*(लेखक नेकपा (बहुमत) निकट अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य हुन् ।)*

---

### हजार माइलको लामो बाटो एक पाइला...

गराइरहेको छ ।

दु:खको आगो तापेर बस्नु आँसुको सागरमा
युद्धको खेल सम्झनू आमा म ढल्ने बेलामा
आउनेछ हुरी, पर्नेछ हिमपात आमाको जीवनमा
बदला लिन बिधुवा बुहारी पठाउनु क्रान्तिमा
...
ज्वालामुखी फुट्ने बेला
हुरी आँधी चल्ने बेला
नथाकौँ कोही, नथाकौँ साथी
आन्दोलनले बलिदान मागेको यो बेला
देशले मुक्ति खोजेको यो बेला

*- सहिद हर्षबहादुर मल्ल 'प्रभात'*

सहिद बन्न सजिलो छैन तर शासकहरूले सहिदको बलिदानलाई अत्यन्त हलुका बनाइदिएका छन् । महान् जनयुद्धदेखि विभिन्न विद्रोह र क्रान्तिमा बलिदान गर्ने योद्धाहरू आजसम्म सहिदको सूचीमा समेत पारिएका छैनन् । जनयुद्धका महान् सहिदको अवमूल्यन र भ्रष्टीकरण गर्न शासकहरूले गोरुले हानेर मारेका र गाडीको ठक्करबाट मारिएका मानिसलाई समेत १० लाख रुपैयाँ दिएर 'सहिद' घोषणा गरिदिए । महान् जनयुद्धलाई 'द्वन्द्व' भनेर अपमान गरियो । यसले युद्ध र क्रान्तिमा बलिदान गर्ने योद्धाहरू, तिनका सपना र रगतको अवमूल्यन गरेको छ ।

सहिद सप्ताहकै सन्दर्भमा कवि युवराज नास्तिकले युद्धनायकहरूले वर्ग बदलेर दुस्मनक्याम्पमा आत्मसमर्पण गरेपछिको भ्रष्टीकृत र दारुण अवस्थालाई झल्काउने गरी 'आमालाई सहिदको पत्र' शीर्षकमा लेखेको कविता सान्दर्भिक हुने ठानेर यहाँ प्रस्तुत गरेको छु :

केही थान सम्राट्हरू जन्माउन
मैले गुजारेको मेरो यौवनको के कुरा ?
हजूर उपचार खोज्न काठमाडौँ आउँदा
रिसल्ला र कारगेडको जाममा परेर नआत्तिनू आमा
त्रिशूलीको किनारैकिनार यात्रा गरिरहँदा
दासढुङ्गा देखेर नभक्कानिनू
भैरव गण, दोरम्बा, सुखानी, पिस्करजस्ता
ठाउँ सम्झेर चित्त बुझाउनू आमा
मानसिक बिमारीको औषधी किन्न काठमाडौँ
गल्लीगल्ली भौँतारिँदा
वैदेशिक रोजगारी र डीभी भर्नेको लाम र
अब्रोडस्टडीका बोर्डहरू देखेर चिन्ता नलिनू आमा
नायकहरूको जुँगाको साइज घटेको देखेर
पिर नगर्नू
सरेआम उध्रेका चोलीहरू देखेर
डिप्रेसनको ओक्तो लिन नबिर्सनू
मलाई थाहा छ हजूर
उही एक फोक्टो बारीको कुनाकै गोठको टाँडबाट
मलाई नियालिरहनुभएको छ
मलाई थाहा छ हजूरलाई कोदोको कपनी टिप्न हतार छ
साँझ खोले फत्काउन सिस्नो बटुल्नु छ
नवमालिकको दौडिरहेको गाडीले
झुत्रो फरियाको फेर हिल्याउँदा
हजूरको रिसको पारा चढेको छ
म मरेको न्याय खोज्दाखोज्दै
कथित श्रीमान्हरूका लात्ती ठोक्किने डर छ
हाँगामा चढेर फेद ढलाउने कालीदासहरूको
दुर्गन्धले हजूर निस्सासिनुभएको छ
देखिरहेको छु आमा
तर विवश छु आमा
तुइन काटेर मार्नेहरूको मिचाहा समयमा
म बाँच्नुको के कुरा
न्याय माडिएको न्यायालयका
कथित श्रीमान्हरूको के कुरा आमा
मेरै धुलो जमेको सालिकको के कुरा
आफ्नै साइज घटेको मालिकको के कुरा
आमा देखिरहेको छु
सबै देखिरहेको छु
केही थान सम्राट्हरू... ...!

सहिद प्रतिष्ठान नेपालबाट प्राप्त जनयुद्धका सहिदहरूको सूचीमा समग्र विवरण सुरक्षित राखिएको छ जसमा विकास क्षेत्र, अञ्चल, जिल्ला, राज्य घोषणा गरेको, राज्य घोषणा नगरेको गरी समेत गरी कुल जम्मा संख्या ८,५२५ रहेको उल्लेख छ ।

सहिद स्रष्टा रोहित कोइरालाको यो चर्चित जनवादी गीतले सहिदका सपना पूरा भएरै छोड्ने उद्घोष गरेको छ :

हजार माइलको लामो बाटो
एक पाइलाबाट सुरु हुन्छ
जित उसैको हुन्छ यहाँ जो जनतालाई माया गर्छ
हार उसैको हुन्छ यहाँ जो जनतालाई लुट्ने गर्छ
हजार माइलको लामो बाटो ।

*(सामान्य परिमार्जनसहित पुनः प्रकाशित)*

---

### राष्ट्रपतिलाई लिएर संसदीय व्यवस्थामै .....

सहमतिको कुरा दोहोऱ्याइरहेकाले एमालेलाई शङ्काको सुविधा पनि प्राप्त भएको छ । दाहालले काङ्ग्रेससँगको गठबन्धनबाट प्रधानमन्त्री नपाउने भएपछि एमाले रोजेका थिए तर काङ्ग्रेस राष्ट्रपति र सभामुख दुवै एमालेको हुँदा विगत दोहोरिन्छ कि भन्ने चिन्ताले ग्रस्त छ ।

राष्ट्रपतिका लागि मनोनयन दर्ता फागुन १३ गते हुने बताइएको छ । निर्वाचन भने फागुन २५ गते तय भएको छ । त्यसैले अब यो गठबन्धन टिक्छ वा फेरिन्छ भन्ने कुर्न धेरै लामो समय धैर्य गर्नु नपर्ने भएको छ ।

#### राष्ट्रपतिका अनेक अनुहार

राष्ट्रपतिका लागि यति बेला बजारमा अनेक अनुहारको चर्चा-परिचर्चा भइरहेको छ । नेपाली काङ्ग्रेसले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबाट एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई राष्ट्रपतिको उम्मेदवार बन्न प्रस्ताव आएको भनेर भ्रम पार्न खोजिएको बताएको छ । नेपालले भने आफ्नो उम्मेदवारीको कुरा केही समय पर्दाभित्रै रहन दिनु राम्रो हुने बताएका छन् । काङ्ग्रेस महामन्त्री गगन थापाले भने राष्ट्रपतिमा काङ्ग्रेसको उम्मेदवारलाई दाहालले साथ दिने दोहोऱ्याएका छन् ।

'केपी ओलीले माधव नेपाललाई राष्ट्रपतिको उम्मेदवारका रूपमा अगाडि सारेको भनेर हल्ला चलाइएको छ । त्यो सबै कन्फ्युजन क्रिएट गर्ने कुरा मात्र हो', थापाले सञ्चारमाध्यमसँग भनेका छन्, 'राष्ट्रपतिका सन्दर्भमा माओवादी र काङ्ग्रेसबीच भएको सहमतिमा कुनै फरक पर्दैन । प्रचण्डले राष्ट्रपतिमा काङ्ग्रेसको उम्मेदवारलाई सहयोग गर्नुहुन्छ ।'

थापाले ओलीले प्रस्ताव गरेको व्यक्ति राष्ट्रपति बन्ने सम्भावना नरहेको दाबी पनि गरेका छन् । ओलीले फैलाएको हल्लाको भरमा काङ्ग्रेसले माधव नेपाललाई राष्ट्रपतिको उम्मेदवारका रूपमा अगाडि नसार्ने उनको भनाइ छ । 'कांग्रेसले रामचन्द्र पौडेललाई अगाडि सार्ने निश्चित भएको छ । अरू दायाँ-बायाँ हुने अवस्था छैन', उनले भनेका छन् । काङ्ग्रेसभित्रैबाट नेता कृष्णप्रसाद सिटौला, गोपालमान श्रेष्ठ, मानबहादुर विकलाई पनि राष्ट्रपतिको उम्मेदवारका रूपमा चर्चा गराइएको छ ।

चर्चाको दौडमा झलनाथ खनाल, बाबुराम भट्टराईदेखि महन्थ ठाकुरसम्म छन् । एमालेले भने यति बेलासम्म कुनै एक व्यक्तिको नाउँ अघि सारेको छैन तर सुवास नेम्बाङ, गुरु घिमिरे, अमृत बोहोरा, अष्टलक्ष्मी शाक्यहरूको नाउँ बारम्बार आउने गरेको छ ।

केही दिनअघि बालकोट पुगेका प्रधानमन्त्री दाहाललाई एमाले अध्यक्ष केपी शर्मा ओलीले १० पुसको सहमति स्मरण गराएका थिए जसमा माओवादीले प्रधानमन्त्री पाउँदा राष्ट्रपति र सभामुख एमालेले पाउनुपर्ने सहमति भएको थियो । तर सहमतिविपरीत प्रधानमन्त्री दाहालले राष्ट्रिय सहमतिको अडान लिएको एमाले नेताहरूको गुनासो छ ।

जे होस् राष्ट्रपति को बन्ने भन्ने विषयले संसद्वादी दलहरूबीच भाँडभैलो मच्चिएको छ र यो जात्रा केही समयसम्म चल्ने देखिन्छ ।


**खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।



**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१-४२६२९७०, ४२६३४८५

नियमित

## महान् जनयुद्धका सात प्रतिबद्धता

दस वर्षसम्म सञ्चालित महान् जनयुद्धका क्रममा तत्कालीन नेकपा (माओवादी) ले जनतासामु सात प्रतिबद्धता व्यक्त गरेको थियो । त्यही प्रतिबद्धताकै विश्वासमा देशका समग्र श्रमिक–उत्पीडित र उपेक्षित जनसमुदाय जनयुद्धमा लामबद्ध भएको थियो । जनयुद्धको मूल नेतृत्वले जनतासामु गरिएका ती प्रतिबद्धता बिर्सियो, भुल्यो, धोका दियो र वर्गघात गर्‍यो । फलस्वरूप जनयुद्धले निर्धारित लक्ष्य पूरा गर्न सकेन । आज र भोलि पनि २०५२ सालमा जनतासामु तत्कालीन नेकपा (माओवादी) ले गरेका सात प्रतिबद्धता उत्तिकै ऐतिहासिक महत्वका रहनेछन् र क्रान्ति सम्पन्न गर्ने ऊर्जाका रूपमा रहनेछन् ।

**प्रतिबद्धताहरू**

(क) हाम्रो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद–लेनिनवाद–माओवादको शिक्षामा आधारित हुनेछ । हाम्रो देशको विशिष्टताअनुसार गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना निर्माणका सन्दर्भमा पार्टी एकपटक पुनः माओद्वारा विकास गरिएको सर्वहारा वर्गको सार्वभौम र अपराजेय मार्क्सवादी सैन्य सिद्धान्तका रूपमा जनयुद्धको सिद्धान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछ ।

(ख) जनयुद्धको थालनीको हाम्रो यो योजना 'राज्यसत्ताबाहेक अरू सबै भ्रम हो' भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निमित्त राजनीतिक सत्ता कब्जा गर्नु नै सशस्त्र सङ्घर्षको प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखापर्ने अर्थवाद, सुधारवाद, अराजकतावादलगायत सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्दछ ।

(ग) हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहाराको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिकै स्वर्णिम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ । एकपटक हतियार उठाएपछि त्यसलाई अन्त्यसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आमजनताप्रति अपराध हुने कुरामा हामी दृढ छौँ । यो सङ्घर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादीलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइनेछैन । यसरी हाम्रो सशस्त्र सङ्घर्ष सबै प्रकारका निम्न पुँजीवादी, सङ्कीर्ण राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमहरूबाट सम्पूर्ण रूपले मुक्त रहनेछ ।

(घ) हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रवादको महान् भावनामा आधारित रहनेछ । नेपाली क्रान्ति, सर्वहारा विश्वक्रान्तिको अभिन्न अङ्ग हो र यसले विश्वक्रान्तिको सेवा गर्नेछ । हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद–लेनिनवाद–माओवादको निर्देशनमा विश्वक्रान्ति अघि बढाउन तथा नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन (रिम) (जसको हाम्रो पार्टी पनि सदस्य छ) को विकासमा अझ बढी सहयोग पुर्‍याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ ।

(ङ) हाम्रो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैद्धान्तिक मान्यतामा आधारित रहनेछ । अन्तरविरोधको नियमको सार्वभौमिकताअनुसार पार्टी भित्री सङ्घर्षलाई द्वन्द्वात्मक ढङ्गले ग्रहण र त्यसलाई सञ्चालन गर्नु पार्टीलाई त्यसरी सजीव राखी हरक्षेत्रमा त्यसको नेतृत्व स्थापित गर्नु पूरा हृदयले जनताको सेवा गर्ने, जनतासँग घनिष्ट सम्बन्ध कायम राख्ने जनदिशाको सिद्धान्तमा अविचल रहने कुरामा पार्टी कटिबद्ध छ ।

(च) हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यताअनुसार बन्नेछ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादविरोधी सबै तह र तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र सङ्घर्ष सञ्चालन गरिनेछ । कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र सङ्घर्ष श्रमजीवी जनससमुदाय, मुख्यतः गरिब किसानहरूमाथि भर परेर चल्नेछ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवम् प्रतिक्रियावादी गुटहरूको दबाब, धम्की र प्रलोभनमा पर्नेछैन ।

(छ) युद्धमा आफ्नै नियमअनुसार त्यो सरल रेखामा होइन, जटिल बक्ररेखामा अघि बढ्नेछ । लेनिनको 'क्रान्ति आफैँले आफ्नो विकासक्रममा सधैँ नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ' भन्ने कुराको महत्वलाई आत्मसात गरेर जानु जरुरी छ । जित र हार, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ । खराब कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तरविरोधको–नियमलाई ठीक ढङ्गले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्नेछौँ ।

## अखिल (क्रान्तिकारी) द्वारा स्ववियुलक्षित प्रशिक्षण



गमानसिङ घर्ती, दाङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) ले प्रदेशस्तरीय स्ववियु निर्वाचन विशेष एकदिने प्रशिक्षण दाङको घोराहीमा सम्पन्न गरेको छ ।

आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियनको चुनावलाई ध्यानमा राखेर लुम्बिनी प्रदेशका १३ जिल्लाका विद्यार्थी नेता–कार्यकर्ताहरुलाई प्रशिक्षण दिइएको हो ।

कार्यक्रमका प्रमुख अतिथि सङ्गठनका



केन्द्रीय अध्यक्ष मिलन राईले विद्यार्थी नेताहरुलाई स्ववियु चुनाव जित्ने गरी अन्य राजनीतिक दलका विद्यार्थी सङ्गठनभन्दा भिन्न आचरण–व्यवहार देखाउन र निर्वाचनको तयारीमा जुट्न निर्देशन दिए । उनले भने, 'माके, नेका, एमालेका विद्यार्थी सङ्गठन मिति सकिएको औषीजस्ता हुन् । उनीहरुले विद्यार्थी हकहितका पक्षमा सङ्घर्ष गर्लान् भन्ठान्नु दिवासपना मात्र हो । स्ववियुभित्रका बेथिति उजागर गर्न र विद्यार्थी आन्दोलनलाई सही दिशातिर हाँक्न स्ववियु चुनाव जित्नैपर्छ ।' विगतमा स्ववियु जतेर गएका व्यक्तिहरुले क्याम्पस प्रमुखहरुसँग मिलेर स्ववियुको रकम हिनामिना गर्ने गरेको उनले बताए ।

कार्यक्रममा पार्टी सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज लालबहादुर बीसीले अहिलेको शिक्षा प्रणाली व्यावहारिक नभएको बताए । 'मास्टर डिग्री गरेको प्रमाणपत्र छ तर रोजगार छैन । बाबु, आमा वा परिवारको सदस्य सरकारी तलबभत्ता खान्छन् तर छोराछोरी बोर्डिङमा पढाउँछन् । मजदुरी गर्ने जनताका छोराछोरीले भने सरकारी स्कुलमा पनि पढ्न पाउँदैनन्', बीसीले भने ।

दलाल संसदीय व्यवस्थाको अन्त्य नभएसम्म शिक्षा, स्वास्थ्य, रोजगारलगायत मानिसका आधार भूत आवश्यकता परिपूर्ति नहुने उनले बताए । अहिले वैज्ञानिक र व्यावहारिक शिक्षा प्रणालीको आवश्यकता भएको तर दलाल संसदीय व्यवस्था अन्त्य नगरी त्यो सम्भव नभएको उनको भनाइ थियो ।

कार्यक्रममा पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा दाङ जिल्ला इन्चार्ज तिलक पुन, अखिल (क्रान्तिकारी) की महासचिव रूपा बुढामगर, लुम्बिनी ब्युरो जवस इन्चार्ज रमेश, प्युठान जिल्ला संयोजक नारायण भण्डारी 'नवीन' लगायतले आआफ्नो भनाइ राखेका थिए । कार्यक्रममा पार्टी ब्युरो सदस्य तथा घोराही नगर इन्चार्ज हिमाल, ब्युरो सदस्य युवकलगायत उपस्थित थिए ।

कार्यक्रमको अध्यक्षता अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरो इन्चार्ज प्रेमप्रशान्त बोहोराले, स्वागत मन्तब्य अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य तथा दाङ जिल्ला इन्चार्ज अमर खड्काले सञ्चालन अखिल (क्रान्तिकारी) केन्द्रीय छात्रा विभागकी प्रमुख इन्दुले गरेकी थिइन् ।

## नेकपा (बहुमत) ले मिलाइदियो २५ वर्षदेखिको मुद्दा

बनेपा/ २५ वर्ष पुरानो मुद्दा नेकपा (बहुमत) काभ्रेले मिलाइदिएको छ । मुद्दा मिलापत्र भएपछि २५ वर्षदेखि पीडित बन्दै आएका काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नम्बर ६ का रवीन परियार खुसी हुँदै पार्टीलाई धन्यवाद दिएका छन् ।

नेकपा (बहुमत) काभ्रेका संयोजक किरण, न्याय विभाग प्रमुख अजय, न्याय विभागका सदस्यहरूसहितको उपस्थितिमा छलफल गरी रवीनको मुद्दा मिलाइएको जानकारी पार्टी जिल्ला संयोजक किरणले दिए । उनका अनुसार ६ नम्बर वडाका रामशरण दुलालको रोहवरमा सहमति जुटाई रवीनलाई न्याय दिलाइएको हो ।

मुद्दाको प्रकृति नखुलाइएको भए पनि मिलापत्र भएपछि दुवै पक्ष खुसी भएर एकअर्कामा खुसी साटासाट गरेका थिए ।

## युद्ध–कला सङ्ग्रहालयमा दीप प्रज्वलन र शुभकामना आदानप्रदान





सिर्जनानगर (रामेछाप)/ जिल्ला सदरमुकाम मन्थली सिर्जनानगरमा रहेको हित–जून युद्ध–कला सङ्ग्रहालय परिसरमा २८ औँ जनयुद्ध दिवसका अवसरमा दीप प्रज्वलन, शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् रामेछाप जिल्ला इन्चार्ज अग्नीम, महाधिवेशन आयोजक समितिका सदस्यसमेत रहेका पार्टीको केन्द्रीय प्रचार ब्युरोका संयोजक अशोक सुवेदी, जिल्ला संयोजक उजिर, नेकपा (बहुमत) का जिल्ला सदस्यहरू सीता गौतम, ध्यानबहादुर तामाङ, नेकपा (क्रान्तिकारी माओवादी) का रामेछाप जिल्ला इन्चार्ज गगन, सेक्रेटरी लाङ्घाली, मन्थली नगरपालिका सेक्रेटरी रमेश बोहोरा, स्थानीय बासिन्दा, विद्यार्थीलगायत उपस्थित थिए ।

कार्यक्रम हित–जून साहित्य प्रतिष्ठान र युद्ध–कला सङ्ग्रहालय प्राङ्गणमा रहेको राणा शासनविरोधी मुक्ति सेनाका योद्धा एवम् स्रष्टा हितप्रसाद उपाध्याय र सामाजिक अभियन्ता जूनमाया सुवेदीको स्मृति र सम्मानमा निर्मित सालिक तथा विद्रोह स्तम्भमा आयोजना गरिएको थियो ।

मैनबत्ती बालेर आरम्भ गरिएको कार्यक्रमका सहभागीहरूले एकापसमा अबिर दलेर शुभकामना आदानप्रदान गरेका थिए । कार्यक्रमको अन्तिममा जनयुद्ध जिन्दावाद, वीर सहिदहरू अमर रहून्, नेकपा (बहुमत) जिन्दावादलगायत नारा लगाइएको थियो ।

## टर्कीको शक्तिशाली भूकम्पमा ४४ हजारभन्दा बढीको मृत्यु





काठमाडौँ/ टर्कीको सिरियासँग जोडिएको दक्षिणी क्षेत्रमा दुई साताअघि गएको शक्तिशाली भूकम्पमा परी ४४ हजारभन्दा बढीको मृत्यु भएको छ । उक्त क्षेत्रलाई केन्द्रबिन्दु बनाएर ७.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प जाँदा त्यहाँ ४४ हजारभन्दा धेरैको मृत्यु भएको थियो । सोमबार राती सोही स्थानमा फेरि ६.४ म्याग्निच्युडको भूकम्प जाँदा तीनजनाको मृत्यु भएको जनाइएको छ । अघिल्लो भूकम्पजस्तै यसपटकको भूकम्पको प्रभाव सिरियामा पनि परेको छ । पछिल्लो भूकम्पमा दुई देशमा गरी ६०० भन्दा धेरै घाइते भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

शक्तिशाली भूकम्पको उद्धार र राहतको कार्य नसकिँदै फेरि अर्को भूकम्प गएपछि टर्कैली जनता थप मारमा परेका छन् ।

पछिल्लो भूकम्पले टर्कीमा भौतिक संरचनाहरूमा पनि ठूलो क्षति पुगेको छ । ती भग्नावशेषमा मानिसहरू फसिरहेका छन् । उनीहरूको उद्धारकार्य भइरहेको त्यहाँका अधिकारीहरूले बताएका छन् । अघिल्लो भूकम्प गएको दुई सातासम्म पनि भवनका भग्नावशेषहरूमा पुरिएका कतिपय मानिसको जीवितै उद्धार गरिएका समाचारहरू प्राप्त भएका छन् ।










## अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष, २०२३ को अवसरमा कृषि ज्ञान केन्द्र, कास्कीको सूचना

चामल र मैदाको तुलनामा कोदो, फापर, चिनो, कागुनो, लट्टे आदिमा शरिरको लागि आवश्यक पोषक तत्वहरु प्रायः बढि पाइने हुनाले यिनको नियमित सेवन गरेमा मुटु रोग, मधुमेह, उच्च रक्तचाप लगायतका रोग लाग्ने जोखिम कम हुनुका साथै बाल बालिकामा हुने कुपोषण र महिलामा हुने रक्त अल्पता समेत घटाउन सकिन्छ । तसर्थ, खानेबानीमा परिवर्तन गरौं, दैनिक भोजनमा यस्ता बालीका परिकारहरुलाई समावेश गरि निरोगी बनौं ।

कृषि ज्ञान केन्द्र, कास्की


निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भीमप्रसाद वाग्ले, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : भनक श्रेष्ठ, डिजाइन : अनिराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं